# विश्वनाथ भण्डारीको तातेनानी बालकविता सङ्ग्रहको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पस
नेपाली विभाग स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनको लागि
प्रस्तुत

**शोधपत्र**


**शोधार्थी**
भगवती शर्मा घिमिरे
त्रि. वि. दर्ता नं. : ६-१-२५३-१९-९९


पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर
२०७३

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**

**पाटन संयुक्त क्याम्पस, पाटनढोका**

**नेपाली विभाग**

**ललितपुर**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पस नेपाली विषय स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा भगवती शर्मा घिमिरेले **विश्वनाथ भण्डारीको तातेनानी बालकविता सङ्ग्रहको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको छ । उहाँले मिहिनेतपूर्वक तयार पार्नु भएको यो शोधपत्रप्रति म सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

..................................

**उपप्रा. चतुर्भुज केवरत**

(शोधनिर्देशक)

नेपाली स्नातकोत्तर कार्यक्रम

पाटन संयुक्त क्याम्पस

पाटनढोका, ललितपुर

मिति २०७३/१२/

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर**

**नेपाली विभाग**

# स्वीकृति - पत्र

शोधार्थी भगवती शर्मा घिमिरेले नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **विश्वनाथ भण्डरीको तातेनानी बालकविता सङ्ग्रहको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

**हस्ताक्षर**

**१. प्रा.डा. विश्वनाथ भण्डारी** ..................................
**(विभागीय प्रमुख)**

**२. सहप्रा.डा. सुरेन्द्रवर सिंह थापा** ..................................
**(विभागीय संयोजक)**

**३. उपप्रा. चतुर्भुज केवरत** ..................................
**(शोधनिर्देशक)**

**४. छायादत्त न्यौपाने** ..................................
**(वाह्य परीक्षक)**

मिति :- २०७३/१२/

# कृतज्ञता ज्ञापन

प्रस्तुत **विश्वनाथ भण्डारीको तातेनानी बालकविता सङ्ग्रहको अध्ययन** शीर्षकको शोधपत्र मैले शोधनिर्देशक आदरणीय गुरु उपप्रा. चतुर्भुज केवरतज्यूको निर्देशनमा पूरा गरेकी हुँ । प्रस्तुत शोधपत्र तयार गर्ने सन्दर्भमा आफ्नो अमूल्य समय खर्चेर मेरो शोध तयारीका क्रममा आएका समस्यालाई समाधान गर्न सही सुझाव तथा प्रेरणा प्रदान गर्नु भएकोमा उहाँप्रति हार्दिक कृतज्ञता एवम् श्रद्धा प्रकट गर्दछु ।

यो मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्न अनुमति प्रदान गर्नुहुने तथा आवश्यक सल्लाह र हौसला प्रदान गर्नुहुने आदरणीय गुरुवर्ग विभागीय प्रमुख प्रा.डा. विश्वनाथ भण्डारीज्यू र नेपाली विभागका संयोजक सहप्रा. डा. सुरेन्द्रवर सिंह थापाज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । आफ्नो व्यस्त समयमा पनि अप्ठेरो नमानी मलाई शोधपत्रका लागि आवश्यक सूचना, जानकारी तथा सामग्री उपलब्ध गराई सहयोग गर्नु हुने शोधनायक आदरणीय गुरु प्रा.डा. विश्वनाथ भण्डारीज्यूप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा आवश्यक सूचना उपलब्ध गराई आफ्नो जीवनको विविध पक्षको लिखित तथा मौखिक जानकारीका साथै यथासम्भव समय र आर्थिक सहयोग गर्दै सदैव अगाडि बढ्न हौस्याउनु हुने  मेरो जीवन साथी रामजी घिमिरेप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । मलाई सानैदेखि आजसम्म पढ्नका लागि उत्प्रेरणा दिनु हुने श्रद्धेय बुबा हरिप्रसाद शर्माप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । पढाइलाई निरन्तरता दिनुपर्छ भन्ने मेरो प्यारो भाइ मथुराप्रसाद शर्मा तथा मेरा आदरणीय दिदीहरू सीता सापकोटा र कविता तिमल्सिनालाई पनि कृतज्ञता प्रकट गर्दछु । यसै गरी शोधपत्र तयार गर्ने क्रममा सक्दो सहयोग गर्नुहुने मेरा पूज्य ससुरा कृष्णप्रसाद घिमिरे, सासू उषादेवी घिमिरे तथा देवर प्रल्हाद घिमिरेप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यो शोधपत्र तयार गर्ने क्रममा मलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहयोग गर्नु हुने समस्त शुभेच्छुकहरूप्रति कृतज्ञता प्रकट गर्दछु ।

यो शोधपत्र तयारीका क्रममा छिटो छरितोका साथ प्राविधिक रूपमा कम्प्युटर टाइप तथा सेटिङ् गरी सहयोग गर्नुहुने प्याङ्ल्याण्ड साइवर वीथ लर्निङ् सेन्टर, चापागाउँका नवीन के.सी.लाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय,  स्नातकोत्तर नेपाली शिक्षण समिति पाटन संयुक्त क्याम्पस समक्ष पेश गर्दछु ।

भगवती शर्मा घिमिरे
पाटन संयुक्त क्याम्पस
पाटनढोका, ललितपुर

मिति : २०७३/१२/

# विषय सूची

## अध्याय एक

## शोधपरिचय


१.१. विषयपरिचय १

१.२. समस्याकथन १

१.३. शोधकोउद्देश्य २

१.४. पूर्वकार्यको समीक्षा २

१.५. अध्ययनको सीमाङ्कन ३

१.६. शोधकार्यको औचित्य ३

१.७. शोधविधि ३

१.८. शोधको रूपरेखा ४


## अध्याय दुई

## विश्वनाथ भण्डारीको जीवनी र व्यक्तित्वको अध्ययन


२.१. पृष्ठभूमि ५

२.२. जन्म र जन्मस्थान ५

२.३. बाल्यकाल ५

२.४. शिक्षादीक्षा ६

२.५. दाम्पत्य जीवन ६

२.६. आर्थिक अवस्था ७

२.७. पेशागत संलग्नता ७

२.८. जीवनदर्शन र साहित्यिक मान्यता ७

२.९. विश्वनाथ भण्डारीको बहुआयामिक व्यक्तित्वको अध्ययन ८

२.९.१. निजी व्यक्तित्व ८

२.९.२. पारिवारिक व्यक्तित्व ८

२.९.३. सामाजिक व्यक्तित्व ९

२.९.४. अध्ययनशील व्यक्तित्व ९

२.९.५. बौद्धिक व्यक्तित्व १०

२.९.६. स्रष्टा व्यक्तित्व १०

२.९.७. द्रष्टा व्यक्तित्व १०
२.९.८. लेखक व्यक्तित्व ११
२.९.९. अनुसन्धाता व्यक्तित्व १२
२.९.१०. सम्पादक व्यक्तित्व १२
२.९.११. शोधनिर्देशक व्यक्तित्व १३
२.९.१२. निष्कर्ष १३

**अध्याय तीन**

**बालसाहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बालसाहित्यको ऐतिहासिक विकासक्रम**

३.१. विषयपरिचय १४
३.२. बालसाहित्यको परिभाषा १५
३.३. नेपाली बालसाहित्यको विकास १९
३.४. बालकविताको परिचय २०
३.५. बालकविता तत्त्व २०
३.६. नेपाली बाल कविताको विकास २३
३.७. प्राथमिककाल (वि.सं. १८२६-१९४०) २८
३.८. माध्यमिक काल (वि.सं. १९४१-१९४७) ३०
३.९. आधुनिक काल (वि.सं. १९७५-१९९०) ३१
३.१०.विश्वनाथ भण्डारीको बालसाहित्यिक यात्राको अध्ययन ३६
३.१०.१. पृष्ठभूमि ३६
३.१०.२. प्रेरणा र प्रभाव ३६
३.१०.३. बालसाहित्य सम्बन्धी धारणा ३७
३.१०.४. विश्वनाथ भण्डारीको बालसाहित्यिक यात्रा ३७
३.११. निष्कर्ष ३८

## अध्याय चार

## कवि विश्वनाथ भण्डारीका मूलभूत प्रवृत्तिहरू


**४.१. विषयपरिचय** ३९

४.१.१. मौलिकता ४४

४.१.२. संरचनामा लघुता ४५

४.१.३. विषयगत विविधता ४५

४.१.४. प्रतीकात्मकता ४५

४.१.५. कोमल पदावलीको प्रयोग ४६

४.१.६. सुन्दर एवम् आकर्षक चित्र संयोजन ४६

**४.२. योगदान** ४६

**४.३. निष्कर्ष** ४७


## अध्याय पाँच

## विश्वनाथ भण्डारीको 'तातेनानी' कविता सङ्ग्रहको अध्ययन र विश्लेषण


**५.१. विषयपरिचय** ४८

**५.२. 'तातेनानी' बालकविता सङ्ग्रहको अध्ययन** ४८

**५.२.१. भावभूमिका आधारमा 'तातेनानी' कविता सङ्ग्रहको अध्ययन** ५०

**५.२.१.१. स्वास्थ्य विषयक कविताहरू** ५०

५.२.१.१.अ. 'मकै' कविताको अध्ययन र विश्लेषण ५०

५.२.१.१.आ. 'झिंगा' कविताको अध्ययन र विश्लेषण ५३

५.२.१.१.इ. 'भोक' कविताको अध्ययन र विश्लेषण ५५

**५.२.१.२. मनोरञ्जन विषयक कविताहरू** ५६

५.२.१.२.अ. 'तातेनानी' कविताको अध्ययन र विश्लेषण ५६

५.२.१.२.आ. 'कोखाइ कोखाइ' कविताको अध्ययन र विश्लेषण ५८

५.२.१.२.इ. 'माछा' कविताको अध्ययन र विश्लेषण ५९

५.२.१.२.ई. 'फूल' कविताको अध्ययन र विश्लेषण ६०

**५.२.१.३.. ज्ञानवर्द्धक कविताहरू** ६१

५.२.१.३.अ. 'मौरी' कविताको अध्ययन र विश्लेषण ६२

५.२.१.३.आ. 'पुस्तकालय' कविताको अध्ययन र विश्लेषण ६३

५.२.१.३.इ. 'हिमाल' कविताको अध्ययन र विश्लेषण ६४
५.२.१.३.ई. 'राम्रो बानी' कविताको अध्ययन र विश्लेषण ६५
५.२.१.३.उ. 'घडी यो टिक्टिक्' कविताको अध्ययन र विश्लेषण ६७
**५.२.१.४. प्रकृति विषयक कविताहरू** ६८
५.२.१.४.अ. 'खोला' कविताको अध्ययन र विश्लेषण ६८
**५.२.१.५. परिचयात्मक कविताहरू** ६९
५.२.१.५.अ. 'आ-आफ्नै आवाज' कविताको अध्ययन र विश्लेषण ६९
५.२.१.५.आ. 'धरान' कविताको अध्ययन र विश्लेषण ७१
५.२.१.५.इ. 'नानी तिमी' कविताको अध्ययन र विश्लेषण ७२

**अध्याय छ**

**उपसंहार तथा निष्कर्ष**

६.१. उपसंहार तथा निष्कर्ष ७४
परिशिष्ट खण्ड ७७
सन्दर्भ सूची ८०

# अध्याय एक

# शोधपरिचय

## १.१. विषयपरिचय

विश्वनाथ भण्डारीको जन्म सामान्य परिवारमा वि.सं. २०१५ साल पौष १८ गते धनकुटा जिल्लाको ताङखुवा गा.वि.स.को सिभुवामा भएको हो । विद्यार्थी जीवनदेखि नै साहित्य रचना गर्ने भण्डारीले साहित्यका बाल कवितालगायत धेरै कृतिहरू रचना गरेका छन् । **तातेनानी** उनको उत्कृष्ट बालकविता सङ्ग्रह हो । यस कवितामा बालबालिकाको मनोभावनालाई स्पष्ट उल्लेख गर्दै बाल मनोभावनालाई कवितामार्फत प्रष्ट पारिएको छ ।

विश्वनाथ भण्डारीले नेपाली भाषा साहित्य एवम् समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनको प्रथम सिर्जना 'यहाँ बाँच्नु परेको छ' शीर्षकको कविता हो (शोधनायकको भनाइअनुसार) । उनले यो कविता बनारस पढ्दा खेरि सन् १९७८ अक्टोवर २१ तारिखमा रचेका थिए । उनको यो कविता अप्रकाशित छ । त्यसैगरी कवि भण्डरीको 'प्रजातन्त्र आएको छ' शीर्षकको कविता विराटनगरबाट प्रकाशित हुने 'आवाज' पत्रिकामा प्रकाशित छ (तिवारी २०६६ : ६४) । मृदुभाषी भण्डारीको प्रकाशित कृति 'तातेनानी' बाल कविता सङ्ग्रह हो । यो कृति २०६१ सालमा प्रकाशित भएको पाइन्छ ।

## १.२. समस्या कथन

नेपाली भाषा, साहित्य, समीक्षा, समालोचना क्षेत्रमा क्रियाशील व्यक्तित्व विश्वनाथ भण्डारीको हालसम्म जीवनीपरक शोधकार्य भएको छैन ।

गुणात्मक रूपमा उच्च मूल्य भएका साहित्यकार विश्वनाथ भण्डारीको बाल कविता कृतिहरूको अध्ययन गर्दा आइपर्ने समस्याहरू नै विशिष्टीकरणको रूपमा समेटिएको छ ।

(क) बालसाहित्यकार विश्वनाथ भण्डारीको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

(ख) बालसाहित्यको सिद्धान्त र नेपाली बालकविता कृतिहरूको ऐतिहासिक पृष्ठभूमि के कस्तो छ ?

(ग) बालसाहित्यकार विश्वनाथ भण्डारीको बालकविता कृति के कस्तो रहेको छ ?

(घ) विश्वनाथ भण्डारीको बालकविता कृतिहरूका प्राप्ति के के हुन् ?

## १.३. शोधको उद्देश्य

शोधकार्यको क्रममा देखा परेका विभिन्न समस्याहरूका समाधान गर्न निम्न लिखित उद्देश्यहरू राखिएका छन् :

(क) विश्वनाथ भण्डारीको जीवनी र व्यक्तित्वका पाटाहरूको अध्ययन गर्नु,

(ख) बालसाहित्यको सिद्धान्त र नेपाली बालकविता कृतिको ऐतिहासिक पृष्ठभूमिको अध्ययन गर्नु,

(ग) विश्वनाथ भण्डारीका बालकविता कृतिको अध्ययन गर्नु,

(घ) विश्वनाथ भण्डारी र उनका बालकविता कृतिको प्राप्तिहरूको निर्क्योल गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

नेपाली बालसाहित्यमा अविस्मरणीय योगदान पुऱ्याउने विश्वनाथ भण्डारी बालबालिकाको कोमल भावनालाई सरल कविताका माध्यमबाट जीवनदायी प्रेरणा दिने प्रयत्न गरेका छन् । यिनको बालकविता सङ्ग्रह कृतिको विश्लेषण र मूल्याङ्कन पूर्ण रूपमा हुन सकेको छैन । विश्वनाथ भण्डारीका बारेमा भएका चिनारी र कृतिको अध्ययन यस प्रकार छ :

चतुर्भुज केवरतले 'बहुआयमिक व्यक्तित्व विश्वनाथ भण्डारी र उनको तातेनानी' **हिमाली गुँरास** २०७२ शीर्षक लेखमा कवि विश्वनाथका बारेमा यसो भनेका छन् : बालबालिकाका मनोरञ्जनलाई प्राथमिकता दिई सिर्जना गरिने साहित्य नै बालसाहित्य हो । यस कवितामा मनोरञ्जन त हुनै पर्दछ सँगसँगै तिनका कोमल मन मस्तिष्कलाई प्रफुल्लित पार्ने खालका विषयवस्तुको चयन र प्रस्तुति समेतलाई ध्यानमा राख्नु पर्दछ । कविताको आत्मा भनेको भाव र लय हुन् । ती पक्षहरूको पनि समुचित समन्वय आवश्यक देखिन्छ । बालबालिकाले आफ्ना घर आँगन करेसामा देख्ने र आफू खेल्ने विषयवस्तुबारे लयात्मक कवितामा पढ्न वा सुन्न पाए भने तिनीहरू रमाइ रमाइ घोक्न थाल्दछन् । भण्डारीका यी कविता अपेक्षाकृत बालमनोभावना अनुसार बगेका छन् । कविताहरू शिक्षाप्रद छन् भनेका छन् तर यसमा 'तातेनानी' बाल कविता सङ्ग्रहको मूल्याङ्कन हुन भने सकेको छैन ।

श्याम के.सी.ले 'तातेनानी माथि एक दृष्टि' **नयाँ जमर्को** २०७२ शीर्षकमा विश्वनाथ भण्डारीका कविता सरल, सहज र सरस हुनुका साथै यसको भाषाशैली सुन्दर रहेको चर्चा गरेका छन् । 'तातेनानी' कविता सङ्ग्रह बालबालिकाका लागि उपयोगी पुस्तक बनेको छ । जसरी रूख विरुवाको लागि जरामा मल र जलले सिञ्चित गरिन्छ त्यसैगरी मानव जीवनमा पनि बालक अवस्थामै असल शिक्षा दीक्षा दिन सकेमा मात्र जीवन सरल, सफल र सार्थक हुन्छ । जन्मसँगै कर्म अगाडि बढ्ने हुनाले असल कर्म बालकपन मै सिकाउन सकेमा मात्र मानव समाज चरित्रवान्, इमानदार र गतिशील भै सभ्य समाजको निर्माण हुने सन्देश कवि भण्डारी **तातेनानी** कविता सङ्ग्रहमार्फत प्रस्तुत गर्दछन् । यहाँ व्यक्त विचारले' **तातेनानी** कविता सङ्ग्रहको एक पक्षीय अध्ययन त भएको छ तर यसको विशद एवम् बहुपक्षीय अध्ययन भने हुन सकेको छैन ।

## १.५. अध्ययनको सीमाङ्कन

विश्वनाथ भण्डारीद्वारा लिखित '**तातेनानी'** बालकविता सङ्ग्रहको अध्ययनमा नै पूर्णतः केन्द्रित छ र यसैको सीमाभित्र नै यो अनुसन्धान रहेको छ । प्रस्तुत शोधकार्यमा चयनित कविता संग्रहका कविताहरूलाई कविता तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.६. शोधकार्यको औचित्य

यस शोधपत्रको अध्ययनबाट भण्डारीका बालकविता कृतिका बारेमा जान्न चाहने जिज्ञासु पाठकवर्गलाई लाभ हुने खालका तथ्य प्रस्तुत गरिएको हुनाले अनुसन्धान क्षेत्रमा यसको महत्व स्वतः देखिन्छ । नेपाली बालसाहित्यको ऐतिहासिक रूपरेखा र स्रष्टाका बारेमा जानकारी लिन यस शोधपत्रले सहयोग पुऱ्याउने छ । साथै विश्वनाथ भण्डारीका बारेमा व्यक्तिगत तथा संस्थाले सुव्यवस्थित, प्रामाणिक रूपमा अध्ययन गर्न चाहेमा यस शोध कार्यले वैज्ञानिक तथ्यहरू थाहा पाउन सहयोग पुऱ्याउने भएकाले यस शोधकार्यको महत्त्व औचित्य पूर्ण रहेको छ । हालसम्म शोधनायकको बारेमा कुनै पनि शोधकार्य नभएकोले शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.७. शोध विधि

यस शोधपत्रमा सामग्री सङ्कलनका निम्ति प्राथमिक र द्वितीयक दुवै स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत सम्बन्धित शोधनायकसँगको अन्तर्वार्ता रहेको छ ।

द्वितीयक स्रोतअन्तर्गत सैद्धान्तिक ग्रन्थ, पत्रपत्रिकाका टिप्पणी र शोधनिर्देशकसँगको परामर्श आदिलाई ग्रहण गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

विश्वनाथ भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शोधपत्रलाई व्यवस्थित र पारदर्शी गराउने उद्देश्यबाट निम्नलिखित अध्यायहरूमा प्रस्तुत गरिएको छ ।

अध्याय एक : शोधपरिचय

अध्याय दुई : विश्वनाथ भण्डारीको जीवनी र व्यक्तित्वको अध्ययन

अध्याय तिन : बालसाहित्यको सैद्धान्तिकस्वरूप र नेपाली बालसाहित्यको अध्ययन

अध्याय चार : विश्वनाथ भण्डारीको बालकविता सङ्ग्रह **'तातेनानी'**को विश्लेषण

अध्याय पाँच : निष्कर्ष

माथि उल्लिखित अध्यायहरूमा शीर्षकलाई आवश्यकताअनुसार विभिन्न उपशीर्षकहरूमा विभाजन गरिएको छ । विश्वनाथ भण्डारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्रीसमेत प्रस्तुत गरिएको छ । साथै सङ्क्षेपीकृत शब्दका पूर्ण रूप पनि अन्तिममा सूचीकृत गरिएको छ ।

# अध्याय दुई

# विश्वनाथ भण्डारीको जीवनी र व्यक्तित्वको अध्ययन

## २.१. पृष्ठभूमि

महान् व्यक्तित्वको जन्म यस धर्तीमा समय समयमा मात्र हुने गर्दछ । लोकभाषा साहित्यको अध्ययन अनुसन्धानमा रुचि राख्ने व्यक्तित्वमध्येका एक विश्वनाथ भण्डारी हुन् । साहित्य र समाज सेवामा रुचि राख्ने भण्डारी बहु आयामिक व्यक्तित्वका धनी हुन् । यस अध्यायमा उनको जन्म, जन्मस्थान, बाल्यकाल, पारिवारिक पृष्ठभूमि, शिक्षारम्भ तथा उच्च शिक्षा अध्ययन, पेशागत संलग्नता, मान सम्मान तथा पुरस्कार, साहित्यिक कार्य एवम् उनको निजी जीवनीको अनुसन्धानात्मक अध्ययन गरिएको छ ।

## २.२. जन्म र जन्म स्थान

विश्वनाथ भण्डारीको जन्म वि.सं. २०१५ साल पौष १८ गते धनकुटा जिल्लाको ताङ्खुवा गा.वि.स.को सिभुवामा भएको हो । उनी पिता छविनाथ भण्डारी र माता स्व. मोहन कुमारी भण्डारीका माहिला सन्तान हुन् । कवि भण्डारी परिवारको ७ सन्तानमध्ये दोस्रो सन्तानको रूपमा जन्मेका माहिला प्रिय सन्तान हुन् ।

## २.३. बाल्यकाल

विश्वनाथ भण्डारीको जन्म निम्न वर्गीय परिवारमा भएको हो । उनको बाल्यकाल बाबुआमाको स्नेहपूर्ण वातावरणमा बितेको थियो । पिता छविनाथ भण्डारी शिक्षाप्रेमी भएका कारण विश्वनाथ भण्डारी सानैबेलादेखि पढाइतर्फ रुचि राख्दथे । उनी सानै देखि स्वतन्त्र, तीक्ष्ण बुद्धि भएका, पढाइमा रुचि राख्ने, साथीभाइका प्रिय पात्र बन्न सफल जस्ता गुणले युक्त भएको देखिन्छ । पढाइलाई कहिल्यै बोझको रूपमा नलिने भण्डारी अध्ययनमा भन्दा लेखनमा बढी रुचि राख्दथे । सालिन स्वभावका भण्डारी नयाँ कार्य गर्न र नयाँ कुरा सिक्न बढी मन पराउँथे । खेलकुद तथा कविता लेखनमा विशेष चाख राख्ने उनको बानी थियो ।

## २.४. शिक्षादीक्षा

विश्वनाथ भण्डारीले धनकुटा जिल्लाको ताङ्खुवा गा.वि.स. वडा नं. १ मा अवस्थित उनकै बुवा छविनाथ भण्डारीको अग्रणी भूमिकाद्वारा निर्मित दामोदर प्राथमिक विद्यालयबाट प्रारम्भिक शिक्षा हासिल गरे । उनले धरानको हालको चन्द्र संस्कृत माध्यमिक विद्यालयमा भर्ना भई वि.सं. २०३० सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरे । उच्च शिक्षा (११, १२) को साथसाथै बनारसबाट उत्तरमध्यमा परीक्षा उत्तीर्ण गरे । यसपछि उनले संस्कृत र नेपाली विषयमा स्नातक तह पूरा गरेको पाइन्छ । कवि भण्डारीले बनारसको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट सन् १९८० मा आचार्य तहको अध्ययन पूरा गरेको देखिन्छ । उनले त्रिभुवन विश्वविद्यालयबाट २०३९ सालमा नेपाली भाषा साहित्यमा स्नातकोत्तर तहको अध्ययन त्रिभुवन विश्व विद्यालयबाट पूरा गरे । भण्डारीले सन् १९९८ मा सम्पूर्णानन्द विश्व विद्यालयबाट विद्यावारिधिको उपाधि हासिल गरे ।

## २.५. दाम्पत्य जीवन

विश्वनाथ भण्डारीले २०४२ साल असार ८ गते विवाह गरे । उनले सुनसरी जिल्लाको दुहवी गा.वि.स. वडा नं. ७ निवासी स्व. कृष्ण प्रसाद पौडेल तथा अम्बिका देवी पौडेलकी ४ सन्तानमध्ये कान्छी छोरी सीता पौडेलसँग सामाजिक परम्परा अनुरूप मागी विवाह सम्पन्न गरेको देखिन्छ । भण्डारीकी श्रीमती प्रारम्भमा पेशाले विद्यालयमा प्रा.वि तहको शिक्षिकाको रूपमा प्राध्यापनरत हुनु हुन्थ्यो । उनी विवाहपश्चात् उक्त जागिर छोडी पढाइलाई प्राथमिकता दिएर बि.ए. र एम.ए. पास गरी २०४८ सालमा आंशिक शिक्षक भएर क्याम्पसमा प्राध्यापन पेशा सुरु गरेको देखिन्छ । हाल उनी त्रिभुवन विश्वविद्यालयअन्तर्गत त्रिचन्द्र बहुमुखी क्याम्पस घण्टाघर काठमाडौँको संस्कृति विभागमा सहप्राध्यापकका रूपमा प्राध्यापनरत छिन् । निजले अध्यापनकै सिलसिलामा विद्यावारिधि समेत गरेर आफ्नो पेशामा दक्षता प्राप्त गरेको पाइन्छ । विवाहपश्चात् करिव एक वर्षपछि वि.सं. २०४३ कार्तिक २८ गते पहिलो सन्तानको रूपमा सविन भण्डारीको जन्म भएको पाइन्छ भने दोस्रो सन्तानको रूपमा २०४६ साल भदौ २० गते अधिप भण्डारीको जन्म भएको पाइन्छ । सानो परिवार सुखी परिवार भन्ने भनाइलाई चरितार्थ गर्दै आमा, बाबु र दुई छोराको परिवारमा भण्डारीले आफ्नो जीवनयात्रा चलाई गरिरहेका छन् । हाल सविन

भण्डारी वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एम.डी. अध्ययन गर्दै र अधिप भण्डारी अष्ट्रेलियामा सिभिल इन्जिनियरिङ् (एम.ई.) गर्दै छन् ।

## २.६. आर्थिक अवस्था

निम्न वर्गीय पारिवारिक, आर्थिक अवस्थाबाट गुज्रिएका विश्वनाथ भण्डारीको आर्थिक अवस्था सामान्य देखिन्छ । आफू सात सन्तानमध्येको माइलो छोरो भएकाले पैतृक सम्पत्ति खासै धेरै नभएकोले उनको हालको आर्थिक अवस्थासम्म आइपुग्न धेरै दुःख कष्ट गर्नु परेको कुरा स्पष्ट देखिन्छ । खुमलटारको शान्तिनगरमा २५ वर्ष अगाडि किनेको घडेरीमा हाल २ वर्षदेखि दुवै जनाको तलबका साथै त्रि.वि. ऋण र बैङ्कको समेत ऋण लिएर बनाएको घरमा बसोबास गरेको पाइन्छ ।

## २.७. पेशागत संलग्नता

विश्वनाथ भण्डारीले आफ्नो पढाइ र अध्यापनलाई सँगसँगै लगे । आफ्नो शैक्षिक विस्तारका क्रममा उनी शिक्षण पेशामा पनि संलग्न रहेका छन् । हरेक मानिस आफ्नो जीवन गुजार्नको निम्ति कुनै एउटा कर्ममा लाग्नु पर्छ । यदि जीवन निर्वाहको बाटो समात्न सकिएन भने जीवन सहज नभई कष्टमय बन्ने गर्दछ । त्यही जीवन निर्वाहकै क्रममा भण्डारी विभिन्न पेशा र सेवामा संलग्न रहेको देखिन्छ ।

विगत तीन दशक अगाडिदेखि त्रिभुवन विश्व विद्यालय अन्तर्गतका विविध क्याम्पसहरूमा अनवरत प्राध्यापनरत विश्वनाथ भण्डारीले २०४१ साल माघ १९ गतेबाट पाटन संयुक्त क्याम्पसमा प्राध्यापन सुरु गरी २०७१ चैत्र ८ गतेबाट प्राध्यापकको पदमा पदोन्नति भई हालसम्म विशिष्ट प्राध्यापकका रूपमा कार्यरत छन् । यसरी आफ्नो जीवनको अधिकांश समय जागिरमा विताइरहेका भण्डारीको मुख्य पेशा जागिर हो भन्नु तथ्यपूर्ण नै ठहर्छ ।

## २.८. जीवनदर्शन र साहित्यिक मान्यता

मानव जीवनमा दर्शनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । मानव मनको कलात्मक प्रस्तुति नै साहित्य मान्ने भण्डारी आफ्ना साहित्यिक रचनामा आफैँ उपस्थित भएका छन् । आफ्ना जीवनमा घटेका घटनाहरूलाई एकै ठाउँमा जोडेर आफ्नो व्यक्तिगत जीवनको

प्रस्तुति नै साहित्य हो भन्दछन् । तसर्थ साहितियक मान्यतालाई यथार्थ जीवनको सञ्चित प्रस्तुतिलाई महतत्वपूर्ण स्थान दिइएको पाइन्छ ।

## २.९. विश्वनाथ भण्डारीको बहुआयामिक व्यक्तित्वको अध्ययन

व्यक्तिमा विशेषरूपमा निहित गुण वा क्षमता नै उसको व्यक्तित्व हो । कुनै व्यक्तिको व्यक्तित्वको जानकारी पाउन विभिन्न पक्षहरूको अध्ययन गर्नुपर्ने हुन्छ । साहित्यकारको व्यक्तित्व निर्माणमा विभिन्न पक्षहरूले प्रभावित पारेका हुन्छन् । व्यक्तिको व्यक्तित्व निर्माणमा पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक प्रभाव एवम् भ्रमण र शिक्षादीक्षाको बढी प्रभाव परेको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व आन्तरिक र बाह्य गरी दुई किसिमको देखा पर्दछ । व्यक्तिको आन्तरिक व्यक्तित्वभित्र व्यक्तिको गुण, क्षमता वा योग्यता आदि पर्दछन् भने शारीरिक बनोट, व्यवहारिक उठबस, रुचि, क्षेत्र, निजी स्वभाव आदि बाह्य व्यक्तित्व अन्तर्गत पर्दछन् । यस परिच्छेदमा विश्वनाथ भण्डारीको व्यक्तित्वमा अन्तर्निहित प्रमुख पक्षहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ :

### २.९.१. निजी व्यक्तित्व

साहित्यकार विश्वनाथ भण्डारीको शारीरिक बनावटलाई हेर्दा मझौला कद, गहुँगोरो वर्ण, ५ फिट ४ इन्च उचाई भएका सबै किसिमको पहिरन सुहाउँने व्यक्तित्वका रूपमा देखिन्छन् । शान्त र सुमधुर आवाजमा बोल्ने भण्डारी गम्भीर, भद्र स्वभावका छन् । सबै मानिसलाई समान व्यवहार गर्ने उनी सत्य कुरामा मात्र विश्वास गर्दछन् । उनका मित्रहरू शिक्षक, प्राध्यापक, साहित्यकार, राजनीतिकर्मी, पत्रकार, वकिल, समाजसेवी रहेका छन् । आफ्नो काम आफैँ गर्न मन पराउने भण्डारी सफा-सुग्घर चाहिने, लटरपटर मन नपराउने स्वभावका छन् । आफू भित्रका दुःख, पीर र पीडालाई लुकाएर सबैसँग आत्मीयताका साथ मधुर बोली बोल्ने र फरासिलो स्वभावका देखिन्छन् ।

### २.९.२. पारिवारिक व्यक्तित्व

साहित्यकार विश्वनाथ भण्डारीको अन्य व्यक्तित्वझैं पारिवारिक व्यक्तित्व उच्च देखिन्छ । विश्वनाथ भण्डारीले पारिवारिक व्यक्तित्व जिम्मेवारीपूर्वक सहज रूपमा निर्वाह गरेको देखिन्छ । भण्डारीको परिवारमा श्रीमान् श्रीमती दुवै जागिरे भएकाले उनीहरूलाई जीविका चलाउन सहज भएको कुरा बुझिन्छ ।

भण्डारी परिवारमा सधैँ खुशी रहने, कहिल्यै नरिसाउने कुरा उनकी श्रीमती सीता भण्डारी बताउँछिन् । समग्रमा उनी आफ्ना नातागोता एवम् परिवारमा एक असल, सरल एवम् प्रतिष्ठित् व्यक्तिका रूपमा देखिन्छन् । आमा बुवाका निम्ति एक आदर्श पुत्र, छोराहरूका लागि आदर्श पिताका रूपमा उनी चिनिन्छन् । घरमा पाहुना आउँदा भण्डारीले राम्रोसँग सम्मान र स्वागत गर्न रुचाउँछन् । उनी कहिल्यै पनि नरिसाउने हुनाले परिवार खुशीका साथ सञ्चालन गरेका छन् ।

### २.९.३. सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकोले समाजमा मिलेर बस्ने गर्दछ । सम्पूर्ण मानिस सामाजिक मूल्य एवम् मान्यताकै सेरोफेरोमा हुर्कने गर्दछ । कुनै पनि व्यक्तिको जीवनको समग्र अध्ययन गर्दा उसको सामाजिक व्यक्तित्वको चर्चा गर्नु पनि आवश्यक देखिन्छ । सानैदेखि सामाजिक भावना भएका भण्डारी समाजमा मिलेर काम गर्न रुचाउँछन् । उनले आफ्ना रचनामा समाजमा घटेका अन्याय, अत्याचार, असमानता र विसङ्गतिलाई यथार्थ रूपमा प्रकट गरेका छन् । भण्डारी सबैसँग समान व्यवहार गर्ने हुनाले उँच-नीचको व्यवहार गरेको मन पराउँदैनन् । सामाजिक कार्यमा तन, मन र वचन लगाई सक्रिय हुने भण्डारी व्यक्तिगत जीवनभन्दा सामाजिक जीवनमा बढी समय खर्चिने गर्दछन् । विभिन्न साहित्यिक सङ्घ संस्थामा संलग्न रही विभिन्न सामाजिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । समग्रमा भन्नुपर्दा भण्डारीले विभिन्न साहित्यिक तथा सामाजिक संस्थामा रही सेवा गर्दै आफूलाई सामाजिक व्यक्तित्वका रूपमा चिनाउन चाहन्छन् । उनको सरल स्वभाव, कोमल भाव, सहनशीलता, बौद्धिकता, मिलनसारिता, सहयोगी भावना आदिको कारणले उनको सामाजिक व्यक्तित्व प्रभावकारी देखिन्छ ।

### २.९.४. अध्ययनशील व्यक्तित्व

विश्वनाथ भण्डारी अध्ययनशील देखिन्छन् । सानै उमेरदेखि पढाइमा तेज भण्डारी शान्त वातावरणमा अध्ययन गर्दा घण्टौँ हराउन सक्छन् । उनी पठनपाठनको कार्यलाई अनिवार्य ठान्छन् । उनी कुनै पुस्तक पढ्दा नसकुन्जेल छाड्दैनन् । विद्यार्थी जीवनदेखि नै लगनशीलताका साथ अध्ययन गर्ने अभिरुचि अहिलेसम्म पनि उत्तिकै रहेको पाइन्छ । भण्डारीले आफ्नो पढ्ने कोठामा पुस्तक सङ्कलन गरी पुस्तकालय नै बनाएका छन् ।

### २.९.५. बौद्धिक व्यक्तित्व

मान्छे सर्वश्रेष्ठ, विवेकशील र बौद्धिक व्यक्तित्व हो । बौद्धिकताले नै मान्छेको समग्र क्रियाकलाप सञ्चालन हुन्छन् । अध्ययनले नै मानिसको बौद्धिक विकास गर्दछ ।

विश्वनाथ भण्डारीको व्यक्तित्वलाई हेर्दा उनी बौद्धिक व्यक्तित्व देखिन्छन् । आफ्नो बौद्धिक क्षमता र तार्किक व्यक्तित्वले भण्डारी साहित्यमा चर्चित भएका छन् । उनले सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वनारसबाट उत्तरमध्यमा तह पूरा गरेका छन् । ज्ञानगुनको खोजीमा भारतको वनारस पुगेका भण्डारीले सम्पूर्णानन्द विश्वविद्यालयबाट सन् १९८० मा शास्त्री तहको अध्ययन पूरा गरे । वनारसमा अध्ययनरत रहँदा खेरि उनी विविध शैक्षिक गतिविधिमा क्रियाशील थिए । सानैदेखि मेधावी भण्डारीले नेपालको सबभन्दा पुरानो विश्वविद्यालय त्रि.वि.बाट स्नातकोत्तर तहको पढाइ पूरा गरे । अध्ययनमा लगनशील भण्डारीले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिए (केवरत २०७२ : ४६ : ४७) ।

### २.९.६. स्रष्टा व्यक्तित्व

विश्वनाथ भण्डारीको प्रमुख व्यक्तित्व भनेकै कवि व्यक्तित्व हो । सबै व्यक्ति स्रष्टा बन्न सक्दैनन् । स्रष्टा बन्नका निम्ति उसमा प्रतिभा, व्युत्पत्ति र अभ्यासको त्रैत समन्वय हुनु अपरिहार्य मानिन्छ । कविहरू मूलभूत रूपमा दुई प्रकारका हुन्छन्; सहजात कवि र आभ्यासिक कवि । यस दृष्टिबाट भन्नुपर्दा सर्जक भण्डारी आभ्यासिक कवि हुन् । उनले विविध सिर्जना गरेको देखिन्छ । उनको स्रष्टा व्यक्तित्वको प्रमाणहरू यी हुन् ; **तातेनानी** (बालकविता सङ्ग्रह २०६१), 'ऊ आउँदै छ' (कविता सङ्ग्रह, प्रकाशोन्मुख), 'आजका हामी' (निबन्ध सङ्ग्रह, प्रकाशोन्मुख) (केवरत, २०७२ : ४८) ।

### २.९.७. द्रष्टा व्यक्तित्व

स्रष्टा विश्वनाथ भण्डारीले समालोचनाका क्षेत्रमा पनि निकै कलम चलाएका छन् । उनका साहित्यिक समीक्षा एवम् समालोचनाहरू विविध नेपाली साहित्यिक पत्रपत्रिका तथा जर्नलहरूमा प्रकाशित छन् । उनका समालोचनात्मक लेखहरू फुटकर पनि प्रकाशित छन् र पुस्तकका रूपमा पनि प्रकाशित छन् । समालोचक विश्वनाथ भण्डारीका फुटकर समालोचनाहरू नेपाल बाहिरको 'नेपाली भाषा र साहित्य' (द एकेमिडिया २/१, जनवरी, २०१४), 'साहित्यकार लुईटेल र उनको सोहोर साहर' (फित्कौली २/१२, फागुन, २०६३),

'घामले ढोका खोल्यो : प्रेरणापुरुष कवि दैवज्ञ' (दैवज्ञराज न्यौपाने, स्मृतिग्रन्थ, २०६९), 'साहित्यकार हुमागाई र उनको मुरली वंशी' (जनकप्रसाद हुमागाई, स्रष्टा एक द्रष्टा अनेक, माघ, २०६७), 'जनकवि केवलपुरे किसान : एक झलक' (जनकवि केवलपुरे किसान, स्मृतिग्रन्थ), 'लोक साहित्यमा लोक गाथा' (मधुपर्क ३९/४, भदौ, २०६३), 'प्रगतिवादी नेपाली कवितामा कवि किसान कवि' (कोशी १/५, फागुन, २०६४), 'किसानको कवितामा क्रान्तिचेत' (कोशी १/६, चैत्र, २०६४) आदि ।

भण्डारीले सिद्धिचरण श्रेष्ठको उर्वशी खण्डकाव्यको भाषा वैज्ञानिक अध्ययन शीर्षकमा विद्यावारिधि गरेका छन् । उनका भाषा सम्बन्धी केही कार्यहरूको विवरण यस प्रकार रहेको पाइन्छ : 'झाँगड भाषा र अरु भाषासँग यसको भाषिक सम्पर्क' (द एकेमिडिया १/१, जुलाइ, २०१३), 'ध्वनि विज्ञान र यसको ऐतिहासिकता' (संज्ञान १/१, असार, २०६९), 'समाज भाषा विज्ञानको रूपरेखा' (पाटन प्रज्ञा २/१, फागुन, २०६९), 'रूपार्थपरक व्याकरणको संक्षिप्त ज्ञान' (संज्ञान २/२, माघ, २०७०), 'उराँव/झाँगड/कुडुख लोक भाषाको उच्चारण प्रक्रिया' (मिर्मिरे ३७/८, २०६५), 'भाषा संस्कृतिको सम्मान हरजातिको पहिचान' (कल्चर एण्ड कम्युनिटि, २०१२-२०१३), 'कोसी पूर्वका भाषाहरू' (हिमाल गुराँस, वर्ष २०, पूर्णाङ्क ६४) आदि ।

उनका समालोचनात्मक कृतिहरू निम्न छन् : 'केवलपुरे किसान व्यक्ति र कृति' (२०६६), 'फरक समीक्षा फरक समालोचना' (२०६६) । विश्वनाथ भण्डारीले समालोचनाका क्षेत्रमा पनि योगदान पुऱ्याएको प्रस्ट हुन्छ *(केवरत, २०७२ : ४८-४९)*।

### २.९.८. लेखक व्यक्तित्व

कवि तथा समालोचक विश्वनाथ भण्डारीले विश्वविद्यालयका विविध तहका विद्यार्थी एवम् प्राध्यापकहरूलाई उपयोगी हुने खालका गहकिला पाठ्यपुस्तक पनि लेखेका छन् । यसरी उनले आफ्नो लेखक व्यक्तित्वलाई उजागर गरेको देखिन्छ । उनले विश्वविद्यालयको विभिन्न तहका निम्ति तयार पारेका महत्त्वपूर्ण एवम् ज्ञानोपयोगी पुस्तकहरूको विवरण यस प्रकार रहेको पाइन्छ : 'सरल अनिवार्य नेपाली' (सहलेखन, २०६६), 'सरल भाषा विज्ञान' (सहलेखन, २०६६), 'सरल स्नातक भाषा विज्ञान' (सहलेखन, २०७०), 'भाषा विज्ञानका सम्प्रदाय र सिद्धान्त' (सहलेखन, २०७०) आदि छन् ।

### २.९.९. अनुसन्धाता व्यक्तित्व

विश्वनाथ भण्डारीले तराईको मोरङ, झापा र सुनसरीमा छरिएर बसोबास गर्दै आएका आदिवासी उराँवहरूको उराँव भाषाबारे गहन अध्ययन विश्लेषण गरेर आफ्नो अनुसन्धाता व्यक्तित्वको परिचय दिएका छन् । नेपालमा आदिवासी उराँवको उराँव भाषाबारे प्रथमपटक अनुसन्धानमूलक पुस्तक लेख्ने र प्रकाशन गर्ने श्रेय विश्वनाथ भण्डारीलाई नै जान्छ (उराँव समुदाय र उराँव भाषाका अनुसन्धाता बेचन उराँवबाट मिति २०७१/०७/२५ गते गरिएको कुराकानीबाट प्राप्त जानकारीका आधारमा) । भण्डारीले उराँव भाषाका दुईवटा अनुसन्धानमूलक पुस्तक प्रकाशन गरेका छन्, ती हुन् : 'उराँव भाषा र संस्कृतिको विकास' (सहलेखन, २०६१), 'झाँगड भाषाको अध्ययन' (२०६६), यसरी विश्वनाथ भण्डारीले आदिवासी उराँव भाषा र संस्कृतिबारे अध्ययन अनुसन्धान गरेर आफ्नो बौद्धिक र प्राज्ञिक व्यक्तित्वको दायरालाई फराकिलो समेत बनाएको देखिन्छ *(केवरत, २०७२ : ४९-५०)*।

### २.९.१०. सम्पादक व्यक्तित्व

तीक्ष्ण प्रतिभाका धनी विश्वनाथ भण्डारीले विद्यार्थी जीवनकालदेखि नै विभिन्न पत्रपत्रिकाको सम्पादन गरेर आफ्नो सम्पादक व्यक्तित्वको छुट्टै परिचय दिएका छन् । उनी बनारसको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा शास्त्री पढ्दाताका नै 'कोशीको लहर' (१९७७ ई) पत्रिकाको सम्पादन गरेको देखिन्छ । यस अलावा उनले विराटनगर र काठमाडौंबाट समेत अन्य अरु पत्रिकाहरूको कुशल सम्पादन गरेर आफ्नो पृथक् पहिचान बनाएका छन् । आफ्नो जीवनको कलिलै अवस्थाबाट सम्पादन कार्य थालेका भण्डारीले विराटनगरमा बौद्धिक अभियान (२०४५) र विश्लेषण ३ (१९९८ ई) को कुशलतापूर्वक सम्पादन गरे । त्रि.वि.को पाटन संयुक्त क्याम्पसमा सरुवा भएर आएपछि उनले पत्रिका सम्पादन कार्यलाई निरन्तरता दिएको देखिन्छ । उनले 'विश्वदृष्टि' (२०४५, २०४६) काठमाडौं र रेयुकाइबाट व्यवस्थापन गरिएको 'ललितज्योति' अङ्क १ र २ (काठमाडौं) को सम्पादन कार्य गरेर सम्पादक व्यक्तित्वलाई चिनाएका छन् । यसबाहेक उनी विभिन्न पत्रपत्रिकाहरूको संरक्षक र सल्लाहकारको भूमिकामा पनि संलग्न रहेका छन् (केवरत, २०७२ : ४९-५०) ।

### २.९.११. शोधनिर्देशक व्यक्तित्व

विगत तीन दशकदेखि स्नातक र स्नातकोत्तर नेपाली कार्यक्रममा प्रत्यक्ष आबद्ध रहेका विश्वनाथ भण्डारीले विविध शीर्षकमा शोधार्थीहरूलाई शोध निर्देशकका रूपमा पनि आफ्नो प्राज्ञिक उच्चता कायम गरेका छन् । उनले नेपाली भाषा, साहित्य र लोक साहित्य गरी तिनवटै क्षेत्रका फरक फरक शीर्षकहरूमा दर्जनौ शोधपत्रको कुशल निर्देशन गरेर शोध निर्देशकको भूमिका निर्वाह गरेको देखिन्छ । विश्वनाथ भण्डारीसँग मिति २०७१ कात्तिक १५ गते गरिएको कुराकानीबाट प्राप्त जानकारीका आधारमा उनी शोधार्थीलाई सरल ढङ्गबाट गहन विषयक सीप क्षमता अभिवृद्धि गराई काम गर्न प्रोत्साहित गर्छन् ।

### २.९.१२. निष्कर्ष

विश्वनाथ भण्डारी विविध विषयमा कलम चलाएर नेपाली भाषा साहित्यमा गुण लाउने बहुआयामिक व्यक्तित्व हुन् । उनको स्रष्टा र द्रष्टा व्यक्तित्व महत्त्वपूर्ण रहेको पाइन्छ । सर्जक भण्डारीले विविध पत्रपत्रिकाको सम्पादन गरेर आफ्नो सम्पादक व्यक्तित्व पनि सशक्त बनाएको देखिन्छ । विश्वविद्यालयमा लामो समयदेखि प्राध्यापनरत भण्डारीको शोध निर्देशक व्यक्तित्व पनि प्रखर रहेको पाइन्छ । उनले नेपाली भाषा र भाषा विज्ञानका बारेमा विविध शीर्षकका पाठ्यपुस्तकहरू लेखेर आफ्नो लेखक व्यक्तित्वलाई त्यति नै प्रखर तुल्याएका छन् । नेपाली बालसाहित्यका क्षेत्रमा विशेष गरी बालकविताका क्षेत्रमा 'तातेनानी' एउटा महत्त्वपूर्ण कृतिका रूपमा रहेको छ । जसबारे व्यापक अध्ययन अनुसन्धान आवश्यक देखिन्छ । **'तातेनानी'** बालकविता सङ्ग्रहमार्फत् विविध विषयका कविताहरू सिर्जना गरेर कवि भण्डारीले आफ्नो स्रष्टा व्यक्तित्वलाई सार्थक पारेका छन् । वस्तुतः नेपाली भाषा, साहित्य, सिर्जना, समालोचना र सम्पादन आदि क्षेत्रमा निरन्तर कलम चलाउने विश्वनाथ भण्डारी बहुआयामिक व्यक्तित्व हुन् ।

## अध्याय तीन

# बालसाहित्यको सैद्धान्तिक स्वरूप र नेपाली बालसाहित्यको ऐतिहासिक विकासक्रम

### ३.१.विषयपरिचय

मानव जीवनको लागि बाल्यकाल नै महत्त्वपूर्ण आधार स्तम्भ हो । बाल्यकालको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव बालकको भविष्य निर्माणमा परेको हुन्छ । बालबालिकाहरू भविष्यका कर्णधार भएकाले बाल्यकालमा पाएको शिक्षा दीक्षा, माया, ममता, स्याहार सुसार र उचित वातावरणको प्रभाव हरेक बालबालिकामा परिरहेको हुन्छ ।

बालकहरू नै भविष्यको जिम्मेवार नागरिक हुन्छन् । यसर्थ उनीहरूको प्राथमिक जीवन त्यो असल भविष्य निर्माणका लागि अति महत्त्वपूर्ण तथा प्रभावपूर्ण हुनुपर्ने जरुरी देखिन्छ । जुनसुकै साहित्य (प्रौढ, युवा, सरकारी अपाङ्ग) आदिको उद्देश्य ती वर्गको सर्वोपरी हितलाई ध्यान दिने र उत्थानतर्फ नै हो । त्यो बहुजन हितमा केन्द्रित हुनु पर्दछ ।

बालबालिकाहरू कुनै पनि नयाँ कुरा सिक्न जिज्ञासु हुने गर्दछन् । तिनीहरूलाई दिइने अर्ती उपदेश प्रत्यक्ष रूपमा दिँदा झर्को लाग्न सक्छ तसर्थ मनोरञ्जनका साथै मिठास भाषिक पद्धतिबाट साहित्यिक माध्यमले दिन सकियो भने ग्रहण गर्न रुचि देखाउँछन् । बालबालिकाहरूको जिज्ञासालाई बालसाहित्यले मात्र समाधान गर्न सक्दछ । बालसाहित्यले मनोरञ्जन दिनुको साथै चेतना र सोचको विकास एवम् परित्कार भाषिक क्षमताको विकास, ज्ञानको प्रबद्र्धन, चारित्रिक सुधार र सिर्जनशीलताको विकास गर्न मद्दत पुऱ्याउँछ । बालसाहित्य भन्नाले बालबालिकाले बुझ्न सक्ने खालको सरल भाषा शैलीमा मनोरञ्जनपूर्ण तरिकाले नैतिक शिक्षा दीक्षा दिन सक्ने साथै सिर्जनशील हुन प्रेरित गर्ने उपन्यास, कविता, कथा, जीवनी, निबन्ध जस्ता साहित्यका विधा विशेषलाई बुझिन्छ । बालबालिकाका सम्पूर्ण जिज्ञासा एवम् मनोरञ्जन विद्यालीय पाठ्यपुस्तकबाट सम्भव नहुने भएकाले बालबालिकाको बौद्धिक, मानसिक र सिर्जनशीलताको विकासका साथै चेतना, ज्ञानको प्रवद्र्धन र परिष्कार गर्ने काममा बालसाहित्यले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

## ३.२. बालसाहित्यको परिभाषा

'बाल' र 'साहित्य' दुईवटा भिन्नाभिन्नै अर्थबोध गराउने शब्दहरूका मेलबाट 'बालसाहित्य' शब्दको निर्माण भएको हो । 'बाल' भन्नाले बालबालिकाहरूलाई बुझाउँदछ भने 'साहित्य' भन्नाले मानिसको सिर्जनशील प्रतिभाद्वारा प्रस्फुटित भावराशि भन्ने बुझिन्छ । यसरी सोझो अर्थमा बालबालिकाहरूका लागि लेखिएको साहित्य बालसाहित्य हो भनेर मात्र यसले व्यापकतालाई समेट्न सक्दैन । बालसाहित्य लेखकीय तथा पाठकीय उमेरका आधारमा निर्धारित साहित्यिक भेद हो । यसलाई निम्न अनुसार परिभाषित गरिएको छ :

(क) बालबालिकाद्वारा सिर्जित साहित्य बाल साहित्य हो ।

(ख) बालबालिकाका लागि लेखिएको साहित्य जसमा बालबालिकाको मनोविज्ञानलाई ध्यानमा राखि उनीहरूको रुचि, आवश्यकता र क्षमता अनुसारको विषय वा भाषाको प्रयोग भएको हुन्छ, त्यो नै बालसाहित्य हो ।

(ग) आजको बालकको दृष्टिलाई केन्द्र बनाइ उनीहरूको भाव तथा अनुभवलाई उपयुक्त ढङ्गमा प्रतिबिम्बित गर्ने लेखन नै बालसाहित्य हो

बालसाहित्य साहित्यको एक विशिष्ट प्रकार हो, जुन बालबालिकाका निम्ति मनोरञ्जनात्मक दृश्य-पाठ्य सामग्रीमा आप्लावित ज्ञान, सीप, चरित्र भृति निर्माणात्मक प्रच्छन्न सत् सन्देश वा मार्ग भन्नाले साहित्यका विभिन्न कथा, उपन्यास, कविता, जीवनी, प्रभृतिमध्ये कुनै विधागत विशिष्ट प्रकारमात्र होइन परन्तु ती विधागत स्वरूप संप्लिष्ट साहित्यिक रूपसित अर्थ बहन गर्ने लेखन धर्मको एक विशिष्ट प्रकार हो । यस प्रसङ्गमा बालसाहित्यलाई पनि व्यापकताका परिप्रेक्ष्यमा हेरिनु अत्यन्तै जरुरी देखिन्छ ।

बालसाहित्य भन्नाले बालबालिकाका लागि स्वस्थ मनोरञ्जन, विभिन्न उपयोगी शिक्षा तथा नवीन सूचना प्रदान गर्ने उद्देश्यले सरल भाषा शैलीमा लेखिएको सबै विधाका रचना भन्ने बुझिन्छ । यस अर्थमा बालसाहित्यको क्षेत्रमा साहित्य शब्द वाङ्मयको अर्थमा प्रयोग भइरहेको पाइन्छ । यसरी बालसाहित्यमा बालकका रुचि र आवश्यकतालाई ध्यानमा राखी सुन्दर ढङ्गमा लेखिएका सबै प्रकारका लेखन समाविष्ट भए तापनि विद्यालयीय पाठ्यपुस्तकभन्दा अलग देखिन्छ । बालसाहित्य शब्दको व्युत्पतिमूलक अर्थलाई हेर्दा

बालबालिकाका लागि लेखिएको साहित्य बालसाहित्य हो भनेर बुझिन्छ र बालकहरूद्वारा लेखिएको साहित्य पनि हुन सक्छ ।

बालसाहित्यको सन्दर्भमा विभिन्न लेखक, विद्वान तथा समालोचकहरूले आ-आफ्नै विचार प्रस्तुत गरेका छन् । ती विचारलाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ ।

'पञ्चतन्त्र'को लेखक विष्णु शर्माले हितोपदेश रचनाका सन्दर्भमा बालसाहित्य सम्बन्धी आफ्नो धारणा यसरी व्यक्त गरेका छन् :

"यन्नवे भाजने लग्न संस्कारो नान्यमा भवेत

कथाच्छलेन बालानां नीतिस्तहिद कथ्येत" *(शर्मा, २०४८ : १८)*

नयाँ भाँडामा लागेको अन्नको दाग मेटाउन सकिँदैन । त्यसैगरी बालकहरूको दिमागमा नमेटिने गरी कथाको माध्यमले नीतिको उपदेश दिइन्छ भन्ने यथार्थलाई माथिको भनाइले स्पष्ट पारेको छ *( शर्मा, २०४८ : १९ )*

बालसाहित्यको सन्दर्भमा समालोचक राजेन्द्र सुवेदीले आफ्नो विचार यसरी व्यक्त गर्दछन् : "बालसाहित्यको सिर्जना बालकको उमेरको हद, ग्रहणशीलता, पारख क्षमता, मनोवैज्ञानिक विकास आदिलाई दृष्टि दिएर गरिएको हुनुपर्छ । त्यस्तो साहित्य रचना नै बालसाहित्य हो जुन विद्यालय स्तरका बालबालिकाको मानसिक अवस्था र वौद्धिक तहलाई दृष्टि दिएर स्रष्टाले सिर्जना गरेको हुन्छ । बालकहरूले आत्मसात् गर्न सक्ने विषय, भाव, कला, शिल्प र प्रस्तुतिकरणका आधारमा रचित साहित्य बालसाहित्य हो । बालसाहित्यको विषय व्यापक छ । समाज, जीवन र परिवेशलाई सुहाउने र यथार्थ ढङ्गले सोच्न सकिने रूप प्रदान गरेर लोकसाहित्य, पौराणिक र वैज्ञानिक एवम् सामाजिक विषयसमेतका वस्तुलाई बाल्य उपभोक्ता बजारको उपयोगी र रोचक, आकर्षक र कौतुकतापूर्ण शिल्पमा शिक्षाप्रद बनाएर प्रस्तुत गरिने सामग्री नै बालसाहित्य हो" *(सुवेदी र प्रधान, २०५७ : १९)* ।

त्यसैगरी बालसाहित्यका सम्बन्धमा चूडामणी बन्धुले आफ्नो विचार यसरी प्रस्तुत गरेका छन् : "प्रौढ साहित्य वा सामान्य साहित्यमा आयु वर्गलाई छुट्याइदैन, भाषिक संरचना र शब्द भण्डार लेखकको नीतिशैलीअनुसार हुन्छ । स्तरीकृत गरिँदैन,

बालबालिकाका निम्ति स्वस्थ, मनोरञ्जन, उपयोगी शिक्षा, व्यवहारिक ज्ञान र नवीन सूचना दिने सबै कृतिलाई बालसाहित्य शब्दले जनाउने चलन छ । बालसाहित्य विशेष गरी पाठक केन्द्रित हुन्छ, लेखक केन्द्रित होइन । यसमा पाठकको मानसिक स्तर, उमेर, भाषा जस्ता कुराहरूको विचार गरिन्छ । बालसाहित्यले पाठ्यपुस्तकको उद्देश्य पूरा गर्न सक्दैनन् । बालसाहित्यको आफ्नो अस्तित्व छ । प्रौढ साहित्यभन्दा भिन्न र पाठ्यपुस्तक भन्दा पनि भिन्न" *(प्रधान, २०६६ : २०)* ।

बालसाहित्यको परिभाषा गर्ने क्रममा बालसाहित्य स्रष्टा रमेश विकलले आफ्नो विचार यसरी प्रस्तुत गरेका छन् : "बालसाहित्य त्यो हो जो भाषा, विषय, शैली र प्रस्तुति सबै दृष्टिबाट बालबालिकाको रुचि, स्तर र ग्रहण क्षमता अनुरूप रचिएको हुन्छ । बालसाहित्यको उद्देश्य मुख्यतः बालबालिकाको मानसिक, बौद्धिक तथा चारित्रिक र नैतिक विकासमा पनि सहयोग पुऱ्याउँदछ" *(खड्का, २०५९ : १७)* ।

बालसाहित्यको परिभाषा गर्ने क्रममा नरहरि आचार्य भन्छन् : "बालसाहित्य जति सरल, सहज र मनोरञ्जनपूर्ण आकर्षक हुन्छ त्यतिकै यसको लेखा, चित्राङ्कन र प्रकाशन गम्भीर, जटिल र चुनौतिपूर्ण समेत रहेको छ । बालसाहित्य बढी उद्देश्यपूर्ण र आयोजित हुने हुनाले यसमा प्रत्येक पक्षमा पूर्व योजना अति नै जरुरी हुन जान्छ" *(प्रधान, २०६६ : २२)* ।

बालसाहित्यकै परिभाषा गर्ने क्रममा भुवनेश्वरी सत्यालको परिभाषा यस प्रकार छ : "बालकको उमेर अनुसार रुचि हुने, मनपर्ने, सरल, सुलभ भाषा बोलिचालिका शब्द प्रयोग गरी लेखिएको साहित्यलाई बालसाहित्य भनिन्छ । बालसाहित्यको विषयवस्तु, बोली, भाषा र शैली पनि बालकको उमेरको विकासअनुसार साहित्यकारले ढाल्दै गएर उनीहरूको मन जित्न सक्नु, उनीहरूलाई ती पढुँ-पढुँ पार्न सक्नु र त्यसैबाट बौद्धिक मानसिक चारित्रिक नीति सम्बन्धी खुराक दिनसक्नु नै सफलता हुन जान्छ" *(प्रधान, २०६६ : २४)* ।

बालसाहित्यको परिभाषाको क्रममा जीवेन्द्रदेव गिरीको परिभाषा यस प्रकार छ : "बालसाहित्यले छोटो, मीठो, सरल भाषाबाट शक्ति प्राप्त गर्दछ र लोकसाहित्यबाट पनि उर्जा बटुल्छ । त्यसैले बालसाहित्यमा उर्वर मस्तिष्कका उपयोगी विचार, इतिहास र संस्कृतिका मूल्यवान सामग्री, भूगोलका सुन्दर दृश्य तथा समाजका अनेकौ पक्ष देखिन्छन्" *(प्रधान, २०६६ : २२)* ।

बालसाहित्यलाई अच्युतशरण शर्माले यसरी परिभाषित गरेका छन् : "बालमनोरञ्जनको आडमा बालरुचि अनुकूलको नैतिक, आध्यात्मिक वैज्ञानिक चेतना दिने, राष्ट्रिय वातावरणयुक्त बल समस्यालाई ध्यान दिएर लेखिएको, बाल उमेर अनुसारको सिर्जनात्मक साहित्यिक रचना नै बालसाहित्य हो भन्न सकिन्छ" *(अर्याल, २०६६ : १८)* ।

बालसाहित्यको परिभाषा गर्ने क्रममा कृष्णप्रसाद पराजुलीको भनाइ यस्तो छ : "बालकले सजिलैसँग बुझ्न, टिप्न सक्ने र उनीहरूलाई रौस्याउँदै चरित्र निर्माणमा सघाउ पुऱ्याउने सिर्जनात्मक साहित्य नै बालसाहित्य हो" *(ढकाल, २०६६ : २६)* ।

बालसाहित्यको सैद्धान्तिक चिन्तन अर्थात् परिभाषा गर्ने क्रममा शारदा ढकालको परिभाषा यस प्रकार रहेको छ : "बालकालिकाको लागि लेखिएको साहित्य जसमा बालबालिकाको मनोविज्ञानलाई ध्यानमा राखि उनीहरूको रुचि, आवश्यकता र क्षमता अनुसारको विषय वा भाषाको प्रयोग भएको हुन्छ । त्यो नै बालसाहित्य हो" *(अवस्थी, २०६५ : ७)* ।

बालसाहित्यलाई परिभाषित गर्ने क्रममा महादेव अवस्थीले यसरी परिभाषित गरेका छन् : "बालसाहित्य कलात्मक भाषिक अभिव्यक्तिका रूपमा प्रतिष्ठित साहित्यकै एक प्रयोजनपरक भेद हो । जीवन जगत्का विभिन्न विषय, विचार र मानवीय मनोभावहरूको अभिव्यक्ति गरी भाषिक कलाका रूपमा रचिने साहित्यका अनेक प्रयोजनमध्ये साहित्यको पाठक आस्वादन मानका उमेर समूहमध्ये बालक उमेरका पाठकहरूका निम्ति रचिने साहित्य नै बालसाहित्य हो" *(प्रधान, २०६६ : २२)* ।

इन्साइक्लोपिडिया अफ लिटरेचर १९९५ : २३७ अनुसार "लेखनकार्यको त्यो अङ्क बालसाहित्य हो जो नयाँ पुस्ताका लागि चित्रद्वारा चित्राकर्षण पारिएको हुन्छ । यो विश्व साहित्यको नयाँ कामको रूपमा देखा परेको स्तरीय ज्ञानभण्डारमूलक साहित्य हो । यसमा चित्र, किताव, पढ्न सजिला कथा आदि केटाकेटीहरूलाई सम्प्रेषण हुने गरी लेखिन्छ" *(प्रधान, २०६६ : २२)* ।

बालसाहित्यको परिभाषा दिने क्रममा रञ्जुश्री पराजुलीको भनाइ यस्तो छ : "बालसाहित्यको रचना प्रौढ व्यक्तिहरूद्वारा नै हुने हुनाले यो कार्य सजिलो हुन्छ भन्ने धारणा देखिए पनि वास्तवमा यो कार्य सरल छैन यसको रचना गर्दा लेखकले आफ्नो मस्तिष्करूपी

ठूलो सागरभित्रबाट छानेर, माझेर, बुनेर उनीहरूलाई सुहाउने खालको रचना तयार गर्नुपर्छ” *(प्रधान, २०६६ : २२)*।

बालसाहित्यको सैद्धान्तिक स्वरूपका सम्बन्धमा चिनाउने वा परिभाषा गर्ने क्रममा विभिन्न समालोचक, विद्वान्हरू, स्रष्टाका आ-आफ्नै विचार वा मत व्यक्त भएका देखिन्छन् । यी माथिका परिभाषालाई निष्कर्षमा यसरी परिभाषित गर्न सकिन्छ : बालबालिकालाई मनोरञ्जन दिने उद्देश्यले सरल, सहज भाषाशैलीमा रङ्गीन चित्रहरू समेत समावेश गरी कलात्मक तरिकाले प्रकाशन गरिएको कृति बालसाहित्य हो । यसमा बालबालिकाको मनोविज्ञान बुझी उनीहरूको जीवनमा परिष्कार र परिमार्जन ल्याउने खालको खुराक पस्किइन्छ ।

## ३.३. नेपाली बालसाहित्यको विकास

नेपाली बालसाहित्यको परम्परा सुरुवात पहिल्याउन लोक बालसाहित्यसम्म पुग्नुपर्ने देखिन्छ । “लोकजीवनमा चिरकालदेखि प्रचलित लोककथा, गाउँखाने कथा, झोलुङ्गे गीत, खेल गीत र सामान्य गीत क्रम सम्बन्धित गीत र बाल कविताहरू पर्छन् । लोक बालसाहित्यका यी विधाहरू समाजमा परम्परागत रूपमा हस्तान्तरित हुँदै आएका हुन्छन्” *(बन्धु, २०४२ : ११)* । समयको गति बढ्दै जाँदा यिनै परिवर्तन हुँदै गई आफ्ना आफ्ना परम्परा र संस्कृति अनुरूप विकसित हुँदै गएको देखिन्छ ।

मौखिक परम्परामा बालसाहित्यको रूप जतिसुकै पुरानो देखिए तापनि लिखित नेपाली बालसाहित्यको थालनी धेरैपछि मात्र भएको देखिन्छ । वास्तवमा नेपाली भाषामा बालकहरूलाई पढाउने औपचारिक कार्यको थालनी श्री ३ महाराज देवशमशेरको राज्यकालमा स्थापित भाषा पाठशालाहरूबाट भयो । यही शैक्षिक क्षेत्रमा जागरण ल्याएकै अवसरमा वि.सं. १९५८ मा राजा जयपृथ्वीबहादुर सिंहको ‘बालबोध नं. १’ प्रकाशित भयो । यो नै आजसम्म प्राप्य लिखित बालपाठ्यको पहिलो पुस्तक हो । तर नेपाली आधुनिक कविताको आधुनिकताको सुत्रपात गर्ने लेखनाथ पौड्यालको ‘गोरखा शिक्षा’ भाग १ र प्रकाशित कविताहरू ‘पिंजराको सुँगा’ जस्ता बाल कविताबाटै भएको मान्दै आएको पाइन्छ ।

### ३.४. बाल कविताको परिचय

बालसाहित्यका अन्य विधामध्ये कविता विधा एक लोकप्रिय विधा हो । बालबालिकाहरूमा हुने जिज्ञासाहरूलाई शान्त पार्ने, उनीहरूको सृजनात्मक प्रतिभालाई प्रस्फुटित गराउने, उनीहरूको शब्दभण्डारलाई अभिवृद्धि गर्ने, उनीहरूमा विद्यमान् सङ्गीत चेतनालाई परिमार्जन गर्ने एवम् मनोरञ्जन प्रदान गर्ने भएकाले बाल कविता एक सवल, सक्षम विधा मानिन्छ । कविता विधा साहित्यको पद्य भेदमा पर्दछ । बालसाहित्यको पद्य भेद अन्तर्गतका कविता, काव्य तथा गीत पनि गेयात्मक तथा श्रुतिमधुर हुने भएकाले बालबालिकाका लागि प्रिय मानिन्छ ।

कुनै विषयको बयान गरेर वा खासगरी आफ्नै मनका भावनाहरू पोखेर भाका हाली गाउन मिल्ने लय वा छन्दमा बाँधिएको भाषाको लिखित रूपमा गरिने अभिव्यक्तिलाई बालकविता भनिन्छ भने खास रूपमा उमेर समूहका बालकहरूसम्म पुऱ्याउन गरिएको त्यस्तै खालको अभिव्यक्तिलाई बालकविता भनिन्छ । साहित्यको कविता विधाको एक प्रकारको रूपमा रहेको खण्डकाव्यका जस्तै लमाइको आयाममा रचिएको र लयवद्ध ललित भाषामा जीवनको एक खण्डलाई झल्काउन सक्ने खालको विषय र आख्यानको पनि अभिव्यक्ति गरिएको रचना बाल कविता हो । अतः बाल कवितामा सङ्क्षिप्तता, सरलता, लयात्मकता, गेयात्मकता, स्वभाविकता र बाल सुलभ जस्ता गुणहरू हुनु पर्दछ ।

### ३.५. बालकविताका तत्त्वहरू

बालकविता बालसाहित्यको एक प्रमुख विधा हो । बालकविताका तत्त्व भन्नाले त्यसको संरचनाका लागि आवश्यक पर्ने विभिन्न अङ्गहरू नै यसका तत्त्व हुन् । बाल कविताका तत्त्वहरू निम्नअनुसार छन् :

(क) शीर्षक र संरचना

(ख) विषयवस्तु

(ग) भावविधान/भाव वा विचार

(घ) लय

(ङ) भाषाशैली

(च) दृष्टिविन्दु

(छ) चित्र तथा साज-सज्जा

### (क) शीर्षक र संरचना

कविताका तत्त्वमध्ये शीर्षक एक महत्त्वपूर्ण तत्त्व हो । शीर्षकले कुनै पनि सिङ्गो रचनाको प्रतिनिधित्व गरेको हुन्छ । कृतिमा वर्णन भएको विषय र शीर्षक बीच अन्त सङ्गति रहनु पर्छ । कविताको रचनात्मक ढाँचा नै संरचना हो । संरचनाद्वारा कविताको निर्माण हुन्छ । कवितामा सर्ग अनुच्छेद, परिच्छेद, पाउ, हरफ आदिलाई संरचना तत्त्व मानिन्छ ।

### (ख) विषयवस्तु

रचनाका लागि तयार गरिएको भावभूमि विषयवस्तु हो । कविले जीवनजगत् मानवीय स्वभाव, प्रकृति, धर्म, संस्कृति र आफ्नो अनुभव आदिलाई विषयवस्तु बनाई काव्य रचना गर्छ । विषयवस्तुको चयनमा जति सचेतता अपनाइन्छ कविता त्यति नै सुन्दर हुन्छ । जीवन जगत्का यावत विषयमा कविता लेख्न सकिने हुँदा कवितामा विषयगत विविधता भेटिन्छ । विषयवस्तु काव्य सिर्जनाको आधार भएकाले जीवन जगत्का विविध पक्षका सत्य घटना वा काल्पनिक परिवेश चयन गरी काव्य रचना गर्न सकिन्छ ।

बाल कवितामा कुनै वस्तु वा चीजको बयान गर्न सकिन्छ । जस्तै : फूल, घाम, जून, तारा, खोला आदि । बाल कवितामा विभिन्न प्राणीहरूका बारेमा पनि बयान गर्न सकिन्छ । जस्तै : माछा, पुतली, चरा, खरायो, मानिस आदि बालकवितामा कुनै ठाउँ, घटना, समय आदिको पनि बयान गर्न सकिन्छ । जस्तै : वन, सहर, गाउँ, ऋतु, चाडपर्व, हिमाल आदि । यसरी बालकवितामा बयान गरिने वस्तु वा चीज, प्राणी, ठाउँ, समय, घटना आदिलाई कविताको विषयवस्तु भनिन्छ ।

### (ग) भावविधान/भाव वा विचार

बालकविताका तत्त्वहरूमध्ये भाव वा विचार एउटा प्रमुख तत्त्व हो । कविताको विषयवस्तुअनुसार भाव वा विचार अनेक हुन सक्छन् । भाव वा विचारलाई कलात्मक रूपमा प्रस्तुत गर्दा कविताको सिर्जना हुन्छ । कविताको संरचना, कथनपद्धति, भाषाशैली र अन्य रूपात्मक तत्त्वका माध्यमद्वारा कवितामा भाव प्रकट हुन्छ । कविताबाट बालभावहरूलाई प्राप्त हुने मूलवस्तु नै भाव भएकाले यसलाई कविताको अनिवार्य तत्त्वका रूपमा लिइन्छ ।

**(घ) लय**

बालकविताको अर्को महत्त्वपूर्ण तत्त्व लय हो । लयले उच्चारणका क्रममा उत्पन्न आरोह-अवरोहगत साङ्गीतिक ध्वनि वा स्वरलाई जनाउँछ । कवितामा छन्द र अनुप्रास (तुक) ले लय उत्पन्न गर्दछ । लयका दृष्टिले कविता छन्दयुक्त र छन्दमुक्त हुने गर्दछ । छन्दयुक्त कवितामा छन्द र अनुप्रासको सुनियोजित व्यवस्था हुन्छ भने छन्दमुक्त कवितामा त्यस्तो व्यवस्था भेटिँदैन । बालबालिकाहरूका लागि छन्दमुक्त कविता बढी रसिलो बन्ने गर्दछ । कवितालाई अन्य विधा भन्दा भिन्न देखाउने तत्त्व नै लय भएकाले लयविधान बालकविताको महत्त्वपूर्ण तत्त्व हो ।

**(ङ) भाषाशैली**

भाषा अभिव्यक्तिको माध्यम हो, शैली अभिव्यक्तिको प्रकार हो । भाषाशैलीको अर्थ भाव प्रकाशनका लागि प्रयोग गरिने अभिव्यक्तिको ढङ्ग हुन्छ । गद्यात्मक वा पद्यात्मक जस्तो भए पनि कविताको भाषा विशिष्ट हुन्छ । यो अलङ्कार, विम्व वा प्रतीकयुक्त हुन्छ । बाल कवितामा सरल, सहज बाल सुलभ भाषा शैलीको प्रयोग गर्नु उपयुक्त हुन्छ । स-साना उमेरका बालबालिकाका लागि लेखिने बाल कवितामा लेख्य स्तरीय भाषाशैलीको प्रयोगभन्दा कथ्य भाषाशैली, बालबालीको प्रयोग, उनीहरूको उमेर, रुचि, क्षमताको वृद्धिलाई ख्याल गरी भाषाशैलीको प्रयोग गर्नु उपयुक्त देखिन्छ । तसर्थ विचार विनिमयको साधन भाषा र अभिव्यक्तिको तरिका वा ढङ्ग शैलीको कविता निर्माणमा महत्त्वपूर्ण भूमिका देखिन्छ ।

**(च) दृष्टिविन्दु**

कविले कवितालाई बाल पाठक समक्ष उपस्थित गर्ने तरिकालाई दृष्टिविन्दु भनिन्छ । कवितामा वर्णनकर्ता को हो र त्यसमा मुख्यतः उसको वर्णन गरिएको छ भन्ने कुरा नै दृष्टिविन्दु हो । कवितामा दृष्टिविन्दु प्रथम पुरुषमा अथवा तृतीय पुरुषमा प्रयोग गरिन्छ । बालकवितामा प्रथम पुरुष म, हामी वा तृतीय पुरुष ऊ, उनी, त्यो, तिनी वा कुनै नाम भएको प्रयोग गर्ने गरेको पाइन्छ । कवितामा दृष्टिविन्दु अनिवार्य तत्त्वका रूपमा देखिँदैन, यो गौण तत्त्व भित्र पर्दछ ।

**(छ) चित्र तथा साज-सज्जा**

चित्र तथा साज-सज्जा बाल कविताको महत्त्वपूर्ण तत्त्व हो । बालबालिकाहरू स्वभावैले चित्र तथा साज-सज्जाप्रति रुचि बढाउँछन् । आजभोलि प्रौढ कवितामा पनि चित्र प्रयोग गर्न थालिएको अवस्थामा बालसाहित्यमा चित्र एउटा आवश्यक तत्त्वका रूपमा रहेको छ । प्रौढ साहित्य र बालसाहित्यका बिचमा भेद देखाउने एउटा तत्त्व चित्रको प्रयोग नै हो । साना केटाकेटी शब्दभन्दा बढी चित्रमा आकर्षित हुन्छन् । चित्रका माध्यमबाट नै उनीहरूमा सम्प्रेषण सरल हुने गर्छ । यसैले उनीहरूका लागि रचित बालकवितामा चित्रको प्रयोग उपयुक्त हुन्छ ।

साहित्यका विभिन्न भेदमध्ये बालसाहित्य पनि एक भेद हो । प्रौढ साहित्यमा झैँ बालसाहित्यमा पनि विभिन्न विधा तथा उप-विधाहरू विकसित भएका छन् । बाल कविता पद्यात्मक लेखनको महत्त्वपूर्ण विधा हो । बालकविता निर्माण हुनका लागि आवश्यक उपकरण वा तत्त्वहरू शीर्षक वा संरचना, विषयवस्तु भाव वा विचार, लय, भाषाशैली चित्र तथा साज-सज्जा र दृष्टिविन्दु हुन् । चित्र बालसाहित्य तथा बालकविताको निजी तत्त्व हो ।

## ३.६. नेपाली बालकविताको विकासक्रम

नेपाली बालकविताको लेखनको सचेत प्रयास गोरखा प्रथम भाग वि.सं. १९७२ बाट सुरु भएको हो । यसमा चक्रपाणी, लेखनाथ र राममणि आदिका कविता छन् । प्रकाशित कवितामध्ये दशैँ, तिहार, ईश्वर स्तुति, हिउँदका दिन, इन्द्रधनु आदि राम्रा कविता ठहरिन्छन् *(अर्याल, २०५४ : ३४)* । हुन त कवि पौड्यालले बालसाहित्य भनेर कविता लेखेनन् तर पनि उनका कवितामा बाल कवितामा हुनुपर्ने तत्त्वहरू भाषाको सरलता, लयात्मकता र गेयात्मकता पाइन्छन् । कवि पौड्यालका बाल कविताहरू पदलालित्पूर्ण नीति उपदेशयुक्त, मनोरञ्जनपरक र भक्ति भावनायुक्त छन् । रोचक, नीतिपरक र औपदेशिक विषयवस्तु, सरल भाषा, परिस्कृत र परिमार्जित शैली उनका कविताका वैशिष्ट्य हुन् । कवि पौड्यालका बालकविताहरू बालबालिकाले सहजै कण्ठ पार्न सक्ने खालका छन् । जयजगदीश्वर, पिँजराको सुगा, हिउँदका दिन, दशैँ, तिहार जस्ता रोजक कविताका उदाहरणहरू हुन् । यी बाल कविताहरूको माध्यमले नेपाली पाठ्यपुस्तकका माध्यमद्वारा समेत बालहृदयलाई प्रफुल्लित बनाउन कवि लेखनाथ सफल देखिन्छन् ।

नेपाल बाहिरबाट पनि बालकवितालाई अग्रणी दिशाबोध दिने कार्य भएको विर्सन सकिन्न । यस सन्दर्भमा भारतको दार्जलिङ्बाट बालसाहित्य अन्तर्गत कविता लेखनमा समूहगत प्रयास भएको पाइन्छ । पारसमणिद्वारा म्याकमिलन एण्ड कम्पनीका निम्ति धेरै पाठ्यपुस्तक लेखिएका छन् । प्रधानले थुप्रै कविताहरू पनि लेखेका छन् । ती कविताहरू गोर्खाली, चन्द्रिका, गोर्खा संसार, तरुण गोर्खा, भारती र गोर्खे खबर कागज जस्ता पत्रिकामा प्रकाशित भएका छन् *(जोशी, २०४५ : २९)* । पछि यी कविताहरू 'जलमाया'मा सङ्गृहित छन् । कवि प्रधानका कलात्मक प्रवृतिको केही बाल कविताहरू 'सिंह र मुसो', 'पशुपंक्षीको युद्ध', 'गोठालो र बाघ', 'जाली माकुरा' हुन् । केही बाल कवितामा प्राकृतिक सौन्दर्यको चित्रण देशभक्तिका भावना ओतप्रोत भएका पाइन्छन् ।

दार्जीलिङ्मा पारसमणि प्रधानले दिएको योगदान बालसाहित्यकै क्षेत्रमा अविस्मरणीय देखिन्छ । यस प्रकारले जुन प्रयास बाल कविताको क्षेत्रमा देखियो यो प्रजातन्त्रपूर्व (२००७) भन्दा अघि भएको बाल कविताको इतिहासको लेखाजोखा हो ।

देशमा प्रजातन्त्रको स्थापनापश्चात् केही सचेत र सक्रिय प्रयासहरू बाल कविता लेखनमा हुन थाल्यो । यस क्षेत्रमा बाल कविता/गीत लेख्ने जमर्को कविहरूले सुरु गरे । ती सबै प्रतिभाहरूमध्येका एक प्रतिभाशाली कवि हुन् लक्ष्मीप्रसाद देवकोटा । देवकोटाले बालबालिकाको रुचि र मनोविज्ञानलाई बुझी बाल्य रुचिका साहित्य सिर्जना गरेको पाइन्छ । बाल कविताहरूको अग्रपङ्तिमा लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू रहेका छन् । उनका 'पुतली १' (२००९), 'सुनको विहान' (२००९), 'पुतली २' (२०१०) र 'चिल्लापातहरू' महत्त्वपूर्ण छन् । यी कविताहरूमा भविष्यप्रति आशावादी विचार, राष्ट्रप्रेम, ईश्वरप्रति विश्वास, विश्वबन्धुत्व, आमाको अमरताको सन्देश, नैतिक शिक्षा र सत् चरित्रको निर्माण जस्ता विषयप्रति जोड दिएको पाइन्छ ।

देवकोटाको बाल कवितामा सबभन्दा पहिलो काव्य 'राजकुमार प्रभाकर' (१९९७) हो । यो बाल कविता लोककथालाई विषयवस्तु बनाएर लेखिएको छ । यस काव्यमा एकाध ठाउँमा भाषिक कठिनाइ भए तापनि धेरैजसो ठाउँमा सरल भाषाकै प्रयोग भएको छ

देवकोटाले ऐतिहासिक भावभूमिलाई लिएर 'कटक' (२०२६) रचना गरेको देखिन्छ । यो प्रवास कालमा रहँदा लेखिएको काव्य हो । तेह्रवटा कविताहरूको सङ्कलन भएको 'छाँगासँग कुरा' (२०२६) देवकोटाको प्राकृतिक छटाको वर्णन र परिवर्तनलाई समेत

प्रस्ट्याइएको जोशिलो अभिव्यक्तिको नमूना हो । यस काव्यको शैली र भाषा आकर्षक र सरल छन् ।

महाकवि देवकोटाले बालककै लागि भनेर बालसाहित्य लेखिएको र सङ्ख्यात्मक रूपमा उनका कृति बढी भएकाले उनी प्रजातन्त्र उत्तरका एक केन्द्रिय बाल कविका रूपमा स्थापित भएका छन् *(कटुवाल, २०५० : ६८)* । यसोभन्दा गुणात्मक पक्ष भने कमजोर मान्नु हुँदैन । गुणात्मकताका दृष्टिले पनि देवकोटा अग्रज बाल कवि हुन् ।
देवकोटाकोआगमनपछि नेपाली बाल कविता सिर्जनामा माधवप्रसाद घिमिरेको योगदानले महत्त्व राखेको देखिन आउँछ ।

प्रथमचरणका महत्त्वपूर्ण बालसाहित्य लेखकहरूमा माधवप्रसाद घिमिरे, ध्रुव दवाडी, देवकुमारी थापा, कृष्णप्रसाद पराजुली र परशु प्रधान हुन् । नेपाली बालसाहित्यका कविता विधामा कवि माधवप्रसाद घिमिरेको योगदान विर्सिनसक्नु छ । 'घामपानी' (२०१२), 'बाललहरी' (२०२०) र 'सुनपङ्खी चरी' (२०५३) मा उनका बालकविताहरू सङ्गृहीत छन् । बालबालिकाहरूको रुचि र मनोभाव उनीहरूको दैनन्दिनी र बाल भाषाको प्रयोग र मनोरञ्जन पक्षको सूक्ष्म अध्ययन गरी लेखिएको कवि घिमिरेको बाल कविताहरू नेपाली साहित्यका महत्त्वपूर्ण प्राप्ति हुन् ।

माधवप्रसाद घिमिरेपछि बालसाहित्यलाई सहृदयी भई रचना सिर्जना गर्ने कवि कृष्णप्रसाद पराजुली हुन् । उनी 'नानीका कवि' उपनामले पनि चिनिन्छन् । पराजुलीका 'रमाइला नानीका तिन भाग' (२०२२-२०२५) कविता सङ्ग्रह प्रकाशित छन् । उनका अन्य कृतिहरू 'जूनतारा' (२०२४), 'चरी आयो' (२०४७) बालकवितासमेत देखा परेका छन् ।

पराजुलीका 'रमाइला नानी' भाग १-३ निकै लोकप्रिय र चर्चित बाल कविता सङ्ग्रहहरू हुन् । उनका कविताहरूमा प्रकृति, पशुपंक्षी, देशप्रेम, नेपाली संस्कृति, समाज, खेल जगत् जस्ता विषयहरू समेटिएका छन् । पराजुली बालभाव र शिल्पलाई सिङ्गार्न सफल देखिन्छन् । बाल्य संसारको सजीव चित्र उनले उतारेका छन् ।

नेपाली बालकविताको इतिहासमा 'पुतलीको फूल' (२०५८) लिएर देखा परेका अर्का कवि कुलमणि देवकोटा हुन् । उनको 'पुतलीको फूल' बाल कविता सङ्ग्रहमा १९ वटा

कविता सङ्कलित छन् । मनोरञ्जन, हास्य, सङ्क्षिप्तता आत्मपरक शैली उनका कविताका विशेषता हुन् ।

कृष्णप्रसाद दुवाल ‘मेरो गाउँघर’ (२०२५), ‘कमिलाको ताँती’ (२०४८) र ‘बालबाटिका’ (२०५१) बालकविता सङ्ग्रह लिएर देखा परेका चर्चित कवि हुन् । यिनका कवितामा राष्ट्रिय चेतना, प्रकृति, पशुपंक्षी, सामाजिक जनजीवन जस्ता विषयवस्तु भेटिन्छन् ।

नेपाली बालसाहित्यमा बाल कविता सिर्जना गर्ने अर्को नारी सर्जक मधुकरी कर्माचार्य हुन् । उनको कविता सङ्ग्रह ‘इन्द्रेणी’ (२०२५) प्रकाशित भएको पाइन्छ । उनका कवितामा गेयात्मकता र बाल विषयहरू भेट्न सकिन्छ साथै कोमल पदावली र अनुप्रासले कवितामा मिठास थपेको देखिन्छ ।

बालकविताका अर्का सर्जक बालकृष्ण पोखरेल हुन् । उनका ‘साना नानी’ (२०५५) र ‘रसिला’ कविता गरी दुई कविता सङ्ग्रह प्रकाशित छन् । राष्ट्रियताको मर्मलाई मूलरूपमा प्रस्ट्याइएका उनका कविताहरूमा मनोरञ्जन, हास्य भाव भेट्न सकिन्छ । साथै लोकलय र वर्णमात्रिक छन्दमा यी कविताहरू रचिएका छन् ।

नेपाली बालसाहित्यमा बालकविता र बालगीत रचना गरी चर्चित बनेका अर्का स्रष्टा दैवज्ञराज न्यौपाने हुन् । उनी बाल दृश्यलाई चट्ट छोएर कविता सिर्जना गर्न सक्ने क्षमता राख्दछन् । कवि न्यौपानेको तीनवटा कविता सङ्ग्रहहरू क्रमशः ‘तोतेबोली’ (२०३८), ‘गाउँखाने कविता’ (२०४३) र ‘बालसंसार’ (२०५३) हुन् । उनका कवितामा प्रकृतिको सुन्दरता, देशप्रेम, खेलसंसार, बालसंसारलाई कलात्मक पक्षको सुन्दर प्रयोग गरेको पाइन्छ ।

त्यस्तैगरी ‘पुतलीको घर’ (२०४१), ‘बाँ बाँ बाच्छी’ (२०४४), ‘पानी पानी’ (२०४९) र ‘भङ्गेरी’ (२०५१) कवितासङ्ग्रह लिएर नरेन्द्र चापागाई, ‘बाल गीत’ भाग १ र २ (२०४५) प्रकाशित गर्दै प्रेमा शाह, काशीराज सुवेदी देखा परेका छन् ।

नेपाली बालसाहित्यमा निकै समर्पित भएर लाग्ने प्रतिभा सम्पन्न बालसाहित्यकारको नाम लिनुपर्दा श्यामप्रसाद शर्मालाई सम्भनुपर्छ । साहित्यकार श्यामप्रसादका बालकविता सङ्ग्रह ‘मेरो सानो साथी’ (२०४२), ‘हामी हुन्छौँ बलियो’ (२०५२), ‘हाम्रो इच्छा’ (२०५६), ‘केही कविता केही गीत’ (२०४३) हुन् भने राम्रो नराम्रो चित्र अठारवटा मुक्तक छन् ।

बालबालिकाहरूमा आपसी सद्भाव र स्नेहको विजारोपन गर्ने, सच्चरित्रता र इमान्दारीको पाठ पढाउने र मिहिनेत र परिश्रमको आवश्यकता बोध गराउने उद्देश्यबाट उत्प्रेरित भई लेखिएका श्यामप्रसादका कविताहरू छोटा र लयात्मक छन् *(बन्धु, २०४६ : २८)*।

नेपाली बालकविताको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बाल सर्जकहरूको सूचीमा सिद्धिचरण श्रेष्ठको नाम पनि अग्रपङ्क्तिमा पर्दछ । खासगरी फुटकर कविताहरू सरल नेपाली साहित्य, ज्ञानमाला, नेपाली साहित्य जस्ता विभिन्न बालपाठ्य पुस्तकहरूमा प्रकाशित हुनुका साथै 'तिरमीर तारा' (२०४५) प्रकाशनमा आएको कृति हो । उनका कविताहरूले इमानदारिता, शिक्षा, सत्य देशभक्ति र स्वावलम्वनतर्फ लाग्ने प्रेरणा दिएका छन् । प्रस्तुत सङ्ग्रहका केही कविता परम्परागत गीतिशैलीबाट प्रभावित छन् । केही बाल कविता देवकोटाको प्रश्नोत्तर कविताको शैलीबाट प्रेरित र प्रभावित पनि देखिन्छन् *(प्रधान, २०६६ : ६०)*।

नेपाली बालकविताका क्षेत्रमा अत्यन्त थोरै तर राम्रा कविता दिएर योगदान पुऱ्याउने कवि युद्धप्रसाद मिश्रका जम्मा ९ वटा बालकविता मात्र प्रकाशित छन् । तीमध्ये बालकोसेली पत्रिकामा सातवटा र वाढी कविता सङ्ग्रहमा दुईवटा प्रकाशित छन् । उनका आठवटा कविताहरू युद्धप्रसाद मिश्रका कविताहरूमा पुनर्प्रकाशन गरिएको छ । उनले बालकविताका माध्यमबाट बालबालिकाहरूमा न्याय, समानता, वैज्ञानिक दृष्टिकोण, चेतना र आशाको सञ्चार गराई समाज र देशका सक्षम नागरिक बन्न उत्प्रेरणा प्रदान गरेका छन् *(प्रधान, २०६६ : ६१)*।

बालसाहित्यलाई माया गर्ने अर्का साहित्यकार दुर्गालाल श्रेष्ठ हुन् । उनका नेपाल भाषाका फुटकर कविताहरू बालकोसेली पत्रिकामा प्रकाशित छन् । बालहृदयलाई जित्न सक्ने र मार्मिकताले पूर्ण उनका कविताहरू नेपाली बालसाहित्यका सम्पत्ति हुन् ।

बालसाहित्यका क्षेत्रमा देखा परेका अर्का कवि भानुभक्त पोखरेल हुन् । 'फूलबारी' (२०४३) बालकविता सङ्ग्रह लिएर देखापरेका पोखेलका कवितामा बालसुलभ कोमल भावनालाई उनीहरूकै भाषा र बोलीमा टिपेर कवितामा व्यक्त गर्न खप्पिस् देखिन्छन् । फूलबारीका पच्चिस बालकविता प्राय : सबै राम्रा र मीठा छन् । उनका बालकविता राष्ट्रिय भावना, प्रकृति चित्रण, नेपाली जनजीवनका विविध पक्षमा मात्रै केन्द्रित नभई केटाकेटीहरूलाई मनोरञ्जन दिन सफल छन् ।

यसैगरी बालकवितालाई अझै अगाडि बनाउन मद्दत पुऱ्याउने काममा आस्था ( प्रकाशन) को 'आस्था बालगीत' (२०४९), एडोन रोगोन लेप्चाको 'नेपाली बालगीतमाला' ( २०४७), कुलमान सिंहको 'मेरी सानी साथी' (२०४३), गोपाल योञ्जनको 'गीत मञ्जरी' ( २०५०), जयप्रसाद पौडेलको 'नानीको साथी' (२०५३), जीवनलाल सत्यालको 'नानीका गीतहरू' (२०४८), ध्रुवकृष्ण दीपका 'बालभोग' (२०१४), पारसमणि प्रधानको 'जपमाला' (१९७२ ई.), प्रमोद प्रधानको 'कान समात् कान' (२०५३), 'कानाकाना कुर्र' (२०६२), 'सधैंभरि लुकामारी' (२०६२), 'च्याइँ च्याइँ सारङ्गी' (२०६६), 'मेरो साथी खोई' (चित्रकविता, २०६६), बालकोसेलीको प्रकाशनको 'राम्रो नराम्रो' (२०४५), बुंद रानाको 'पुष्टकारी' ( २०५०), रमन नेपालको 'हात्ती' २०४३), रमेश विकलको 'बाह्र महिनाको गीत' (२०४३), रामेश्वर राउत 'मातृदास'को 'आफैँ बोल्छन् फूलहरू' (२०५१), विजयराज न्यौपानेको 'सुनटिपि र जुनटिपि' (२०५०), विश्वम्भर चञ्चलको 'ओक्कल दोक्कल' (२०४२), सुवर्णराम जोशीको 'आमाको बन्दना' (२०४४) र 'मानिस त झन् ठूलो' (२०४५), शारदा अधिकारीको 'चिनजान हामीलाई' बालगीत (२०४३), पद्मप्रसाद देवकोटाको 'अनलचरी' (२०५६), रामकुमार पाँडेको 'पुतलीको घर' (२०४१), उज्ज्वल जी.सी.को 'बाललहरी' २०४९), जगदीशचन्द्र भण्डारीको 'आँखाका यी नानी' (२०४९), भगवती जोशीको 'पुतलीको विहे' ( २०६०) जस्ता बालकविता कृति रचना गरी साहित्यकारहरूले ठूलो योगदान दिएको देखिन्छ ।

अन्य पत्रपत्रिकामा बालकविताहरू प्रकाशित गरी बालसाहित्यलाई अझै अगाडि बढाउन टेवा पुऱ्याउने साहित्यकारहरूमा विष्णु भट्ट, रमेश खकुरेल, मञ्जुल, भाउपन्थी अधिकारी लगायतका थुप्रै साहित्यकारहरू पर्दछन् ।

नेपाली पत्रपत्रिकाहरूले पनि बालकविताको विकासमा ठूलो गुण लगाएका छन् । बाल सर्जकका कविताहरू प्रकाशित गरी बालकविताहरू माझ पुऱ्याउने पत्रपत्रिकाहरूमा 'मुना' नवप्रतिभा, गोरखापत्र, कान्तिपुर, कोपिला कोसेली जस्ता पत्रिकाहरू रहेका छन् ।

### ३.७. प्राथमिककाल (वि.सं. १८२६-१९४०)

नेपाली कविताको प्राथमिककाल खास गरी १८०० तिरबाट आरम्भ भई मोतीराम भट्टको आगमनपूर्वसम्मको समयलाई मानिन्छ । नेपालको एकीकरण अभियानसँगै आरम्भ भएको नेपाली कविताको विकासक्रममा राज्य एकीकरणलाई नै आधार मानी वीरतापूर्ण भाव

झल्किने वीर रसयूक्त साहित्यिक कृतिहरू रचना गरिएको पाइन्छ । प्रारम्भको समय राज्य विस्तार गर्ने समय भएकाले यस समयमा उत्साहरूपी भाव झल्किने कविता रचना गरी राज्य विस्तारमा संलग्न अभियन्ताहरूलाई उत्साहित र सक्रिय तुल्याउन शासकहरूको स्तुति र वीरताको गायन गर्दै उच्च महिमा गाउने काम कविहरूबाट भएको पाइन्छ । तर १८७२ पश्चात् राज्य विस्तारको अभियानमा धक्का लाग्यो ।

नेपालका शासकहरूले युद्धमा पराजित बेहोर्नु पऱ्यो । प्रभुत्व जमाइसकेका कतिपय भूमि समेत गुमाउनु पर्ने स्थिति भयो । फलस्वरूप कविहरूको वीरताको गान गाउनुको साटो कवितामा भक्ति भाव दर्शाउन थाले । ईश्वरको गुणगान गाउने र युद्धमा भोगेको पराजयलाई मलम लगाउन कवि कलाकारहरू सक्रियतापूर्वक शान्तिको गीत गाउनतर्फ उद्धृत भए । तसर्थ, नेपाली कविताको यस प्राथमिककाललाई पनि पठनको सहजताका लागि वीरधारा र भक्तिधारा गरी दुई चरणमा वर्गीकरण गरिएको पाइन्छ ।

पृथ्वीनारायण शाह स्वयम्ले त्यस अभियानलाई सफल तुल्याउन र जनसहभागिता जुटाउन कविता कृति रच्न अभिप्रेरित गरेको पाइन्छ । फलस्वरूप कवि कलाकारहरूले पनि शासकहरूलाई कविताका माध्यमबाट उत्साह थपिदिने काम गरे । यस धारामा आबद्ध भई कलम चलाउने प्रथम कवि सुवानन्द दास मानिन्छन् । यिनले पृथ्वीनारायण शीर्षकको कविता रचेको जानकारी पाइन्छ । त्यस्तै वीर धाराकालीन अन्य कविहरूमा शक्तिबल्लभ अर्ज्याल, उदयानन्द अर्याल, सुन्दरानन्द बाँडा, राधाबल्लभ अर्याल, यदुनाथ पोखेल आदि रहेका छन् ।

सुगौली सन्धिपश्चात् राज्य एकीकरणको अभियान रोकियो । कयौँ शासकहरूको मृत्यु भयो । एकीकरणमा पराजय भोग्नु परेपछि वीरकालीन स्तुति गानलाई परित्याग गरी त्यस्तो पराजित मानसिकतालाई शान्त तुल्याउन कवि कलाकारहरू पनि भक्ति भाव दर्शाइ कविता कृतिको रचना गर्न अग्रसर हुन थाले । भक्ति धारामा कविता रचना गर्ने कविहरू पनि दुई धारामा विभक्त भई कविता रचनातर्फ उन्मुख हुन थाले । यसरी अघि बढेको भक्ति धारा पनि सगुण र निर्गुण गरी दुई अलग धाराका रूपमा विभाजित हुन पुग्यो । सगुण धारामा कलम चलाउने कविहरूमा पनि कसैले श्रीरामको स्तुति गर्न थाले । श्री कृष्णलाई नायक ठानी उनैको प्रशंसा र स्तुति गाउँदै कतिपय कविहरूले यस धारालाई अँगालेर कविता कृति रचना गर्न थाले । यस धारामा आबद्ध भई कविता रचना गर्ने

कविहरू इन्दिरस, विद्यारण्य केशरी अर्ज्याल, वसन्त शर्मा लुईंटेल, वीरशाली पन्त हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल आदि ।

रामलाई आराध्यदेव मानी उनैको स्तुति गान गाउँदै यस धाराका कविहरूले कविता रचना गर्न थाले । यस धारामा संलग्न भई कविता रच्ने कविहरूले रामलाई नायक ठानी उनैको विषयमा भक्तिभाव प्रस्फुटन गरी कविताहरू रचना गरेका छन् । रामको स्तुति गर्ने मुख्य कविहरू रघुनाथ भट्ट र भानुभक्त आचार्य हुन् । भानुभक्त आचार्य रामभक्ति भाव दर्शाउने सशक्त कवि हुन् । उनले भक्तमाला, बधूशिक्षा, प्रश्नोत्तर जस्ता नीतिमूलक कविता रचना गरी नेपाली साहित्यको विकासमा गर्विलो योगदान दिएका छन् ।

निर्गुण भक्तिधारामा कविता लेख्ने कविहरूले ईश्वरको साकार रूपभन्दा निराकार रूपलाई आधार मानी कविता लेख्न सुरु गरे । मूलतः यस धाराअन्तर्गत रही अन्याय, अत्याचार, विभेद् जस्ता विकृति विसङ्गतिको विरोध र मानवतावादी सोच चाहना राखी कविताहरू रचिएका छन् । यस धारालाई विकसित तुल्याउन शशिधर, अगमदिलदास, ज्ञानदिलदास आदि प्रमुख कविहरूको महत्त्वपूर्ण योगदान रहेको छ । यसरी प्राथमिक काल विविध उतार चढावका साथ विकसित हुँदै गएको पाइन्छ ।

### ३.८. माध्यमिक काल (वि.सं. १९४१-१९७४)

नेपाली कविताको माध्यमिक कालको सुरुवात मोतीराम भट्टको आगमनसँगै भएको हो । मोतीराम भट्ट नेपाली कविताका माध्यमिक कालका प्रवर्तक मानिन्छन् । कविताको प्राथमिक काल लेखन कालका रूपमा परिचित छ भने नेपाली कविताको माध्यमिक काल लेखन तथा प्रकाशन दुवै दृष्टिले महत्त्वपूर्ण मानिन्छ । १९४१ देखि प्रारम्भ भएको माध्यमिक काल तीन दशकभन्दा बढी अर्थात् 'सूक्ति सिन्धु' (१९७४) को प्रकाशनसम्मको समय सीमा मानिन्छ । छापाखानाको प्रारम्भसँगै हुर्किने अवसर पाएको माध्यमिक कालमा थुप्रै नेपाली कविता कृतिहरू रचना गरिए । मोतीराम भट्टले भानुभक्त आचार्यको सुन्दरकाण्ड छपाएपछि यो चरणको प्रारम्भ भएको मानिन्छ ।

नेपाली कविताको माध्यमिक कालको मूल प्रवृति भनेको शृङ्गारिकता हो । मोतीराम भट्टको सक्रियता र नेतृत्वदायी भूमिकाबाट शृङ्गारिक धारा विकसित भएको पाइन्छ । राणाहरूको भोगविलासी प्रवृत्ति र त्यसले सिर्जना गरेका स्थितिका कारण प्राथमिक काल

भक्ति अनुष्ठानबाट शृङ्गारिकतातर्फ प्रवेश गरेको देखिन्छ । उनका पञ्चक, प्रपञ्चक, गजेन्द्र मोक्ष, तीजको कथा, पिकदुत, प्रल्हाद भक्ति कथा, उषा चरित्र, मोतीराम भट्टका गजलहरू आदि थुप्रै कृतिहरू प्रकाशित छन् ।

मोतीराम भट्ट भारतीय हिन्दी साहित्यकार भारतेन्दु हरिश्चन्द्रको प्रभावबाट प्रभावित थिए । तिनै हिन्दी साहित्यकारकै प्रभावका कारण समस्यापूर्ति मण्डली खोलेको र जुन पछि मोती मण्डलीका नामले परिचित भयो । माध्यमिक कालको पूर्वाद्धमा मोतीराम भट्टले शृङ्गारिक कविता गजल लेखनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् भने उत्तरार्द्धमा शम्भुप्रसाद ढुङ्गेलले अझ सशक्त रूपमा यस प्रवृत्तिलाई अघि बढाउँदै लगेको पाइन्छ । यसर्थ माध्यमिक काल मूलतः शृङ्गारिकताकै वर्चस्वमा अघि बढेको देखिन्छ । मोतीराम भट्टसँगै यस कालको विकासमा शम्भुप्रसाद ढुङ्गेल, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद रेग्मी आदि कविहरूको योगदान रहेको छ ।

छापाखाना र पत्रपत्रिकाको प्रकाशन पश्चात् माध्यमिक कालमा कविता लेखन कार्यले द्रुत गति लिएको पाइन्छ । यस कालखण्डलाई स्थापित र प्रतिष्ठापित गर्ने सन्दर्भमा शिष्ट, अशिष्ट, सम्भोग, विप्रलम्भ शृङ्गारिकताका साथै प्रकृतिजन्य मौसम परिवर्तनको विषयलाई समेत अटाउँने प्रयास गरिएको छ । प्राथमिककालीन लेखन परम्पराभन्दा पृथक यस कालमा भक्ति अनुष्ठानबाट स्वतन्त्र लेखन र भोग विलासी प्रवृत्ति सामूहिकतातर्फ अघि बढेको पाइन्छ । शृङ्गारिकता मात्र नभई यस कालमा नीति शिक्षा र औपदेशिक प्रवृत्तिका कविता पनि रचिएका छन् । कविहरूले प्राथमिककालीन कवितामा जस्तो अनुदित प्रवृत्ति मात्र नअँगाली मौलिकतातर्फ पनि जोड दिँदै गएको पाइन्छ । यसरी नेपाली कविताको विकासमा कविताको माध्यमिककालीन लेखन थुप्रै परिवर्तन तथा प्रवृत्तिहरूका साथ अघि बढ्दै गएको पाइन्छ ।

### ३.९. आधुनिक काल (वि.सं. १९७५-१९९०)

नेपाली कविताको आधुनिक काल वि.सं. १९७५ देखि प्रारम्भ भएको मानिन्छ । आधुनिक कालको सुरुवातका सन्दर्भमा विभिन्न मत मतान्तर रहेता पनि शृङ्गारिक धारा अर्थात मोती यूगको अन्त्य र परिष्कारवादी कवि लेखनाथ पौड्यालको उदयसँगै प्रारम्भ भएको मान्न सकिन्छ । लेखनाथद्वारा रचित ऋतुविचार काव्यको प्रकाशनलाई आरम्भ बिन्दु

मानेर आधुनिक कालको सीमा छुट्याउने काममा धेरै साहित्यिक विद्वान्हरूको सहमति पाइएकोले त्यसैका सापेक्षतामा आधुनिक कालको वर्गीकरण गर्न सकिन्छ । विविध प्रवृत्तिको आत्मसात् गरी कविता कृतिहरूको रचना गर्ने परिपाटीले गर्दा आधुनिक काल झाँङ्गिँदै गएको पाइन्छ । आधुनिक कालमा परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा, प्रयोगवादी धारा र समसामयिक धारा मूल धाराका रूपमा रहेका छन् ।

नेपाली कवितामा परिष्कारवादी धाराको सुरुवात कवि लेखनाथ पौड्यालबाट भएको हो । वि.सं. १९७५ बाट थालनी भएको नेपाली कविताको परिष्कारवादी धारा, स्वच्छन्दतावादी धारा कवि लक्ष्मीप्रसाद देवकोटाको आगमनसम्म विकसित भएको पाइन्छ । अभिजात वगका लागि  र लागि साहित्य रचना गर्ने सन्दर्भका रूपमा परिष्कारवादी धारा लाई लिइन्थ्यो । पछिल्लो समयमा विवेक, तर्क, बुद्धिजस्ता तत्वबाट सिर्जित नियमबद्ध अनुशासित रचना विशेषलाई परिष्कारवादी प्रवृत्तिभित्र समेट्ने गरिएको पाइन्छ ।

नेपाली परिष्कारवादी धाराका प्रवर्तक कवि लेखनाथ पौड्याल हुन् र उनको ऋतुविचार कृतिको प्रकाशनसँगै परिष्कारवादी साहित्य प्रारम्भ भएको हो । नैतिकता र सामाजिक आदर्शको वस्तुपरक अभिव्यक्तिलाई अनुसरण गरी परिष्कृत भाषाशैलीमा विरचित कृति नै परिष्कारवादी साहित्य हो । प्रकृतिको सुन्दरतम् प्रयोग तथा उच्च नैतिक आदर्श झल्किने विषयवस्तुको प्रयोग गरी यस धाराका काव्यकृतिहरू रचना गरिएका छन् । लेखनाथ पौड्यालका ऋतुविचार, बुद्धिविनोद, तरुणतपसी, सत्यकलि संवाद आदि काव्यहरू परिष्कारवादी धाराका प्रतिनिधि कृतिहरू हुन् । अन्य स्रष्टाहरू सोमनाथ सिग्द्याल, चक्रपाणी चालिसे, धरणीधर कोइराला, महानन्द सापकोटा, कुलचन्द्र गौतम, माधवप्रसाद देवकोटा, बालकृष्ण सम आदि रहेका छन् । परिष्कृत भाषाशैली र कोमल शब्दावलीयुक्त उचित शब्द विन्यासका कारण यस धाराका काव्यकृतिहरू उच्च साहित्यिक गुणले भरिएका छन् ।

परिष्कारवादी लेखन प्रवृत्तिको विरोधस्वरूप जन्मिएको अर्को धारा हो स्वच्छन्दतावाद । लक्ष्मीप्रसाद देवकोटाको उदयसँगै नेपाली कविता विधामा स्वच्छन्दतावादी प्रवृत्तिको प्रारम्भ भएको हो । वि.सं. १९९१ को 'शारदा' पत्रिकाको प्रकाशन तथा वि.सं. १९९२ मा प्रकाशित गीति काव्य मुनामदन कृतिको रचनासँगै स्वच्छन्दतावादी स्वतः स्फूर्त लेखन, वैयक्तिकता, आत्मपरकता, मौलिकता र कल्पनाको स्वतन्त्र आवेग प्रकृति मोह, हार्दिकता र आत्मीयता आदि मूल प्रवृत्ति आत्मसात गर्दै अघि बढेको पाइन्छ । यस धाराका केन्द्रीय कवि देवकोटा

मानिन्छन् । उनकै नेतृत्वमा विकसित यस धारालाई अघि बढाउने सहप्रवर्तकको काम सिद्धिचरण श्रेष्ठले गरेका थिए ।

वि.सं. १९९१/१९९२ बाट सुभारम्भ स्वच्छन्दतावादी धाराका पनि पूर्ण र स्वच्छन्दतावादी प्रगतिवादी धारा गरी दुई उपचरणहरू रहेका छन् । १९९०/१९९१ देखि २००३ सम्मको समय पूर्ण स्वच्छन्दतावाद र त्यसपछिको २००४ देखि २०१६ सम्मको समय स्वच्छन्दतावादी - प्रगतिवादी धाराका रूपमा लिन सकिन्छ । भावना र कल्पनाको प्रयोग तथा व्यक्तिवादी चेतनामा विशेष जोड दिइएको यस धारालाई अघि बढाउने प्रमुख कविहरूमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, भूपि शेरचन, हरिभक्त कटुवाल, विरेन्द्र सुब्बा, म वी.वी. शाह, अगमसिंह गिरी आदि रहेका हुन् ।

स्वच्छन्दतावाद पूर्णतः देवकोटाको एकछत्र नेतृत्वमा अघि बढे पनि उत्तरार्द्धतिर भने अन्य कवि कलाकारहरूले समेत सहप्रवर्तकको भूमिका निर्वाह गर्दै यस धारालाई अघि बढाए । यसरी १९९१ बाट प्रारम्भ भएको स्वच्छन्दतावादी धारा २०१६ साल अर्थात देवकोटाको अवसानसँगै अन्त्य भएको मानिन्छ ।

परम्परा विपरीत नवीन प्रवृत्तिका साथ देखा परेको सशक्त धारा प्रयोगवादी धारा हो । परम्परागत लेखनभन्दा पृथक् प्रवृत्तिको आत्मसात् गरी वि.सं. २०१७ सालमा मोहन कोइरालाद्वारा रचित 'घाइते युग' कविता प्रकाशन भएपछि यस धाराको प्रारम्भ भएको पाइन्छ । २०१७ सालको राजनैतिक परिवर्तन र सङ्कटग्रस्त मानसिक अवस्थाबाट उत्पन्न युगीन निराशा, कुण्ठा अकर्मण्यता तथा अमूर्त चिन्तनलाई काव्यका माध्यमबाट अभिव्यक्त गर्ने नवीन प्रविधिका रूपमा प्रयोगवादको सूत्रपात भयो ।

परम्परागत सम्पूर्णतालाई विखण्डन गर्ने विश्व जगत्मा फैलिँदै गएको युद्ध तथा त्यसबाट उत्पन्न मानवीय सङ्कट, भय, सन्त्रास आदि विसङ्गतिपूर्ण अवस्थाको विशृङ्खलित चित्रण गर्नु प्रयोगवादी प्रवृत्ति हो । प्रयोगवादी कविहरूले मूलतः प्रतीकवादी, विम्बवादी, विसङ्गतिवादी तथा अति यथार्थवादी प्रवृत्तिलाई अँगालेर चित्रात्मक विम्बात्मक र अमूर्त किसिमबाट भाव र भाषाको प्रयोग गरी विशृङ्खलित र विसङ्गतिपूर्ण ढङ्गले भाव प्रस्तुत गरेको पाइन्छ । त्यसैले प्रयोगवादी कविताहरू अमूर्त लेखन शैलीका कारण दुर्बोध्य र क्लिष्ट बन्ने गरेका छन् । मानवीय जीवन जगत्लाई एक पक्षीय आधारमा मात्र नहेरी

त्रिकोणात्मक दृष्टिले हेर्ने प्रचलन प्रयोगवादमा रहेको पाइन्छ । यस धारालाई अगाडि बढाउने अन्य कविहरू द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, ईश्वर बल्लभ, वैरागी काईला, बानिरा गिरी हुन् । २०२० सालमा दार्जीलिङ्बाट थालिएको साहित्यिक आन्दोलनले यस धारालाई अझ सशक्त रूपमा अघि बढाउन सहयोग पुऱ्यायो ।

नेपाली कविताको चरण विभाजन अन्तर्गत २०३० साल पछिको समयलाई समसामयिक धारा मानिन्छ । प्रयोगवादी धाराका कविताहरू जटिल, दुर्बोध्य भएका कारण बोधगम्य कविता रचनाका लागि विविध साहित्यिक आन्दोलनहरू भए । त्यही साहित्यिक आन्दोलनका कारण २०३० साल पछि समसामयिक कविता लेखन यात्रा प्रारम्भ भयो । युगीन मान्यता सामाजिक मूल्य र संस्कृतिको आधारमा कविता यात्रा अघि बढ्न थाल्यो । अशिक्षित, गरिबी र पछौटेपनलाई महत्त्वका साथ उठाइ राष्ट्रिय जागरण ल्याइ कविताका माध्यमबाट सबैमा दायित्व बोध गराउने प्रयत्नहरू भए । कविताकै माध्यमबाट चेतना जगाइ देशको विकासमा अग्रसर गराउने कार्यमा कविहरूको महत्त्वपूर्ण योगदान रहन पुग्यो । नेपाली कविताको समसामयिक धारालाई स्थापित र प्रतिष्ठापित तुल्याउन यङ्ग राइटर्स फ्रन्ट (२०३१), सडक कविता क्रान्ति (२०३६), तरलवाद (२०४०), जनआन्दोलन (२०४६) जस्ता आन्दोलनहरू भएका छन् । यसरी विविध आन्दोलनको जगमा समसामयिक धारा हुर्किँदै गएको पाइन्छ ।

नेपाली कविताको इतिहासमा २०४६ साल पश्चात् नवीन प्रवृत्ति र विशेषताका साथ समसामयिक धारा अगाडि बढेको पाइन्छ । २०४६ सालको राजनीतिक प्रभाव तत्कालिन् नेपाली कवि साहित्यहरूमा समेत परेको देखिन्छ । देशको आर्थिक तथा राजनैतिक विषमताप्रति व्यङ्ग्य गर्दै मानवीय मूल्य र विकासतर्फ उन्मुख गराउने उद्देश्यले कविहरूले समसामयिक परिस्थितिलाई नजिकबाट नियाल्दै कविता रचना गरेका छन् ।

नेपाली कविताको आधुनिक काल विभाजनअन्तर्गत समसामयिक धारामा आबद्ध भई थुप्रै कविहरूले कविता रचना गरेका छन् । यस्ता कवि साहित्यकारहरूमा ईश्वर बल्लभ, वासु शशी, मनु ब्राजाकी, मोदनाथ प्रश्रित, आनन्ददेव भट्ट, दिल साहनी, विमल निभा, फणीन्द्र नेपाल, केदार न्यौपाने, प्रकाश सायमी आदि रहेका छन् ।

कवि उपेन्द्र सुब्बा समसामयिक धारामा कलम चलाउने स्रष्टा हुन् । नेपाली काव्य जगतको इतिहासमा देखिएका नवीन प्रवृत्तिहरू सँगसँगै ५० को दशकतिर तिन नेपाली युवा

राजन मुकारुङ, हाङ्युग अज्ञात र उपेन्द्र सुब्बाले नयाँ आन्दोलन जन्माए, त्यसको नाम हो 'सिर्जनशील अराजकता' । उपेन्द्रले यस आन्दोलनको सैद्धान्तिक व्याख्याको अभिभारा लिएका थिए । यिनीहरू एक नयाँ मार्ग खोजिरहेका थिए । यथास्थितिवादबाट नयाँ मार्ग खोजिरहेका थिए । लामो यथास्थितिले नेपाली साहित्य दिग्दार थियो । अगि २०२० मा तीन जनाको आयामेली आन्दोलनको घोषणाले नेपाली सिर्जनाको मूल्यमा ठूलो प्रभाव पाऱ्यो । तीन दशकपछि हाङ्युग अज्ञात, उपेन्द्र सुब्बा र राजन मुकारुङले यथा समयमा यही कुराको उद्घोष गरे जुन कुरा समयले खोजिरहेको थियो ।

सिर्जनशील अराजकता भनेको पहिलेका मूल्य मान्यता तोडेर नयाँ शैलीको थालनी हो । अन्तराष्ट्रिय जगत्बाटै छेकिएका जाति, संस्कृति, साहित्य, सङ्गीत उठून् भन्ने यसको मान्यता थियो । जातीय स्वपहिचानका लागि आवाज उठाइएको थियो (डा. गोविन्दराज भट्टराईसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी) । सिर्जनशील अराजकता आन्दोलनका अभियन्ताहरूले साहित्यमा वैचारिक, अनेकानेक सांस्कृतिक वैविध्यता, नश्लीय, कवित्व, सिर्जनात्मक निर्णय जस्ता मान्यता अटाउनु पर्ने सर्त राखेको छ ।

नेपाली साहित्यमा देखिएका हिन्दू धर्म, दर्शन, संस्कृति आदिका परम्परागत मूल्य र मान्यतालाई अस्वीकार गरी साहित्यमा सम्पूर्ण आदिवासी, जनजाति तथा उत्पीडनमा परेका वर्गको अस्तित्वको पक्षलाई स्थान दिनुपर्ने मान्यतालाई अघि सारी सिर्जनशील अराजकता आन्दोलनको औचित्य प्रस्ट पारिएको छ । यही मान्यता कवि उपेन्द्र सुब्बाका साहित्यिक कृतिमा भेटिन्छ । उनको खोलाको गीत र पुराना कविताहरू कविता सङ्ग्रहमा जातीय संस्कृति, लिम्बू मिथक, बिम्ब तथा ग्रामीण परिवेश र चेतना अभिव्यक्त गरिएको छ ।

लिम्बू जाति तथा लिम्बू भाषाका थुप्रै शब्दको प्रयोगसमेत उक्त कवितामा भेटिन्छन् । साहित्यको मूल्य पछि पर्दै गएको हुनाले आफ्नो कला संस्कृतिलाई जागृत गराउनु सिर्जनशील अराजकताको मूल प्राप्ति रहेको बुझिन्छ । आधुनिक कालको यात्रा सँगसँगै देखिएका नवीनवाद र प्रवृत्तिहरूले यसरी नेपाली साहित्यको विकासमा ठूलो प्रभाव पारेको छ ।

करिब ६० को दशक अर्थात् आधुनिक युग पछि भने नेपाली कवितात्मक फाँटमा उत्तरआधुनिकतावाद, विनिर्माणवाद, डायस्पोरिक लेखन तथा अभिघात जस्ता अन्तर्राष्ट्रिय समसामयिक चिन्तनशील विषयहरू भित्रिन थालेको पाइन्छ । विधा भञ्जन, विधा मिश्रण

तथा मान्यताका साथै विषम परिस्थितिबाट सिर्जित विकृति विसङ्गति, अन्याय, अत्याचार जस्ता प्रवृत्तिहरू अँगाली समयको गतिसँगै थुप्रै कविता कृतिहरूको रचना गरिएको पाइन्छ । यसै पृष्ठभूमिमा रहेर उपेन्द्र सुब्बाले नेपाली साहित्यमा कविता विधामार्फत आफ्नो प्रवृष्टि स्थापत्य गरेका छन् जुन अहिलेसम्म निरन्तर कायम रहेको छ ।

## ३.१०. विश्वनाथ भण्डारीको बालसाहित्यिक यात्राको अध्ययन

### ३.१०.१. पृष्ठभूमि

नेपालमा प्रौढ साहित्यको तुलनामा बालसाहित्य फस्टाउन सकेको देखिँदैन । आजका बालबालिका भोलिका देशका कर्णधार हुन् । उनीहरूलाई सानैदेखि साहित्यको माध्यमबाट ज्ञान, विज्ञानको विविध विषयको ज्ञान दिन आजका बालसाहित्यकारहरूको मुख्य दायित्व हो । नेपाली बालसाहित्यको लेखन बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहबाट १९५८ मा सुरु भएको मानिन्छ । नेपाली बालसाहित्य लेखनको प्रारम्भ विन्दु वि.सं. १९५८ लाई मान्ने हो भने नेपाली बालसाहित्यको यात्रा सवा सय वर्ष मै गरिरहेको देखिन्छ । यही सवा सय वर्षकै अवधिभित्र धेरै बालसाहित्यकारहरूको आगमन भएको देखिन्छ । वर्तमान बालसाहित्यमा साधनारत नेपाली बालसाहित्यकारमध्ये विश्वनाथ भण्डारी पनि एक बालसाहित्य सर्जकको रूपमा देखा परेका छन् । सानै उमेरदेखि साहित्य सिर्जना गर्न थालेका विश्वनाथ भण्डारीको प्रेरणाको स्रोत आफ्नै परिवार र गुरुजन देखिन्छन् । २१-१०-१९७८ ई.मा बनारसमा अध्ययनरत अवस्थामै साहित्य यात्रा थालनी गरेका भण्डारी बालसाहित्यका क्षेत्रमा सर्वप्रथम २०६१ 'तातेनानी' बाल कविता सङ्ग्रह कृति लिएर देखा परेका हुन् ।

### ३.१०.२. प्रेरणा र प्रभाव

विश्वनाथ भण्डारीलाई बालसाहित्य सिर्जनामा उनकै परिवारमा र सामाजिक परिवेशमा भोगेका अनुभवहरूले नै बढी प्रभाव पारेको छ । केटाकेटीहरूसँग तोते बोलीमा खेल्न रुचाउने भण्डारी साहित्यका माध्यमबाट अझ रमाइलो पाराले खेल्नको लागि बालसाहित्य सिर्जनामा लागेको बताउँछन् । उनी केवलपुरे किसानबाट साहित्यमा प्रभावित भएको पाइन्छ ।

### ३.१०.३. बालसाहित्य सम्बन्धी धारणा

नेपाली बालसाहित्यलाई अगाडि बढाउने उद्देश्यले विश्वनाथ भण्डारी बालसाहित्य लेखनतर्फ कलम चलाउन थालेको बुझिन्छ । विश्वनाथ भण्डारीको बालसाहित्य सम्बन्धी धारणा यस्तो देखिन्छ : "बालसाहित्य उद्देश्यमूलक र सिर्जनात्मक हुनुपर्छ । बालबालिकाहरूलाई समय सापेक्ष ज्ञान, उनीहरूले बुझ्ने सरल बाल भाषा र शैलीमा दिनुपर्छ । बालसाहित्यका माध्यमबाट बालबालिकाहरूलाई सचेत, जिम्मेवार, सिर्जनशील र कर्तव्यपरायण बनाउन सकिन्छ ।" विश्वनाथ भण्डारीले बालसाहित्य केटाकेटीहरूलाई विविध विषयमा बौद्धिक खुराक पस्कने एउटा सशक्त माध्यम बन्नुका साथै सिर्जनशील बनाउने चीज हो भनेका छन् ।

भण्डारीको विचारमा बालसाहित्य लेखनकार्य सरल छैन । बालबालिकालाई रोचक लाग्ने समय सापेक्ष सुहाउँदो विषय चयन गर्ने सामर्थ्य हुनुपर्छ । एउटा बालसाहित्य स्रष्टाले बालसाहित्य लेख्नुपूर्व म कसका लागि, के र किन लेख्दै छु भन्ने कुरामा पूर्ण तयारी हुनुपर्छ अनि मात्र बालसाहित्य लेख्दा बालबालिकालाई मज्जा लाग्ने खुराक बन्न सक्दछ । उनका विचारमा बालसाहित्य सरल, सुबोध, लालित्यपूर्ण हुनुपर्छ । साहित्यका माध्यमबाट बालबालिकालाई नीति उपदेश मात्र नथोपरी सिर्जनशील बन्न प्रेरित गर्नु पर्छ ।

### ३.१०.४. विश्वनाथ भण्डारीको बालसाहित्यिक यात्रा

विश्वनाथ भण्डारीले नेपाली भाषा साहित्य एवम् समालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनको **तातेनानी** बालकविता सङ्ग्रह वि.सं. २०६१ सालमा प्रकाशित छ । यस सङ्ग्रहमा जम्मा १६ ओटा कविताहरू सङ्गृहीत छन् । विषयवस्तुका दृष्टिले कविताहरू विविध शीर्षकमा विभाजित रहेका छन् । प्रस्तुत कृति बालकविताहरूको सङ्गालो भएकाले यसमा मूलतः स-साना बालबालिकाहरूकै निम्ति कविता तयार पारिएको छ । यसको मूल उद्देश्य नै बालबालिकाहरूलाई मनोरञ्जन प्रदान गरी बालमस्तिष्कमा सकारात्मक शिक्षाको प्रभाव पार्नु हो । यस कृतिमा भण्डारीले बालबालिकाको कोमल भावनालाई सरल कविताका माध्यमबाट जीवनदायी प्रेरणा दिने प्रयत्न गरेका छन् । सबै बालबालिकाहरू मायालु र पवित्र भावनाका हुने हुनाले उनीहरूमा सानैदेखि सकारात्मक सोचको वीजारोपण गरिदिन सकेमा सबै बालबालिकाहरू भविष्यमा होनहार हुने भाव व्यक्त

गर्दछन् । कविताको प्रसङ्गमा उनको 'ऊ आउँदै छ' कविता सङ्ग्रह प्रकाशन हुनै लागेको छ *(के.सी., २०७२ : १००)* ।

## ३.११. निष्कर्ष

विश्वनाथ भण्डारी विविध विषयमा कलम चलाएर नेपाली भाषा साहित्यमा गुण लगाउने बहुआयामिक व्यक्तित्व हुन् । उनको स्रष्टा र द्रष्टा व्यक्तित्व महत्त्वपूर्ण रहेको पाइन्छ । सर्जक भण्डारीले विभिन्न पत्रपत्रिकाको सम्पादन गरेर आफ्नो सम्पादक व्यक्तित्व पनि सशक्त बनाएको पाइन्छ । विश्वविद्यालयमा लामो समयदेखि प्राध्यापनरत भण्डारीको शोध निर्देशक व्यक्तित्व पनि प्रखर रहेको पाइन्छ । उनले नेपाली भाषा र भाषा विज्ञानका बारेमा विविध शीर्षकमा पाठ्य पुस्तकहरू लेखेर आफ्नो लेखक व्यक्तित्वलाई त्यति नै प्रखर तुल्याएका छन् । नेपाली बालसाहित्यका क्षेत्रमा विशेष गरी बालकविताका क्षेत्रमा 'तातेनानी' एउटा महत्त्वपूर्ण कृतिको रूपमा रहेको छ । यसबारे व्यापक अध्ययन अनुसन्धान आवश्यक देखिन्छ । 'तातेनानी' बालकविता सङ्ग्रहमार्फत विविध विषयका कविताहरू सिर्जना गरेर कवि भण्डारीले आफ्नो स्रष्टा व्यक्तित्वलाई सार्थक पारेका छन् ।

बालकविताको विकास परम्परामा देशभित्र र बाहिरका विभिन्न व्यक्तिको व्यक्तिगत प्रयास, संस्थाको संस्थागत प्रयास र नेपाली पत्रपत्रिकाहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यही निरन्तर रूपमा पुऱ्याएको योगदानका कारण बालकविता आजको उर्वर र हराभरा अवस्थामा आइपुगेको छ ।

## अध्याय चार

# कवि विश्वनाथ भण्डारीका मूलभूत प्रवृत्तिहरू

### ४.१. विषयपरिचय

विश्वनाथ भण्डारी 'यहाँ बाँच्नु परेको छ' शीर्षकको कविता प्रकाशन गरेर साहित्यको क्षत्रमा प्रवेश गरेका हुन् । उनी हालसम्म साहित्यका फाँटमा कवि, समालोचक र बालसाहित्यकारका रूपमा प्रतिष्ठित छन् । उनको प्रथम बालसाहित्यिक कृति **तातेनानी** बालकविता २०६१ सालमा प्रकाशित भएको हो ।

विश्वनाथ भण्डारीको प्रकाशित बालकविता सङ्ग्रहमा सामाजिक विषयवस्तुहरू समावेश गरिएको पाइन्छ । उनका बालकविताहरू बालबालिकाका लागि रोचक लाग्ने खालका छन् । यहाँ तिनैलाई प्रकाशित कविताहरूलाई आधार मानी अध्ययन विश्लेषण गरिएको छ । उनका कविताहरू भिन्न भिन्न विषय र शीर्षकमा रहेका छन् ।

विश्वनाथ भण्डारीको प्रथम लिखित कविता 'यहाँ बाँच्नु परेको छ' निम्न प्रकारको छ । उक्त कविता २१-१०-१९७८ ई. बनारसबाट प्रकाशित भएको हो :

"वीरत्वता देखाउन नपाए तापनि
आदर्शको झिल्को जल्न नदिएर
शान्तिको विगुल फुकेर भए पनि
देश उत्थानका लागि यहाँ बाच्नु परेको छ

अन्यायको पिछा गरेर भए पनि
न्यायको नामै नसुनेर भए पनि
सच्चरित्रतालाई अँगालो हालेर
हीन भावनालाई त्यागेर

सङ्घर्षरत हुनको लागि
यहाँ बाच्नु परेको छ" (शोधनायकबाट प्राप्त जानकारीका आधारमा)

उल्लिखित कविता लिएर कविताका फाँटमा उदाएका भण्डारी समयको यथार्थलाई समेटेर कविता लेख्ने कविका रूपमा चिनिन्छन् । उनको यस कवितामा देशको परिस्थिति

अनुसार चल्नु पर्ने देशमा चलेको परिस्थितिलाई आत्मसात् गर्नुपर्छ । जसरी भए पनि समय सान्दर्भिक भएर बाँच्नु पर्छ भन्ने मार्मिक प्रसङ्गलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

यस कवितामा मानव समाजलाई व्यवस्थित र मर्यादित राख्नका लागि मानवीय मूल्य मान्यतालाई जोगाई राख्नु पर्ने विषयवस्तुमा विशेष जोड दिएको पाइन्छ ।

विश्वनाथ भण्डारीको  बालकविता सङ्ग्रह **तातेनानी**मा क्रमशः मकैं, भिंगा, भोक, तातेनानी, कोखाइ कोखाइ, माछा, फूल, मौरी, पुस्तकालय, राम्रा बानी, हिमाल, घडीमा टिक्टिक् जस्ता भिन्न शीर्षक र बालबालिकाहरूको मन रमाउने विषयवस्तु देखिन्छन् । 'मकैं' शीर्षकको कवितामा मकैंका गुणहरूका बारेमा बालबालिकालाई रमाइलो ढङ्गले बुझाउने प्रयास गरिएको छ :

"भुटे पनि हुने मकैं
पोले पनि हुने
दुधिलो नै भए मकैं
टोके पनि हुने" *(भण्डारी, २०६१ : ८)*

यहाँ मकैका अनेक परिकार बनाएर खान मिल्ने प्रसङ्गलाई प्रस्तुत गरिएको छ । आजकालका बालबालिकाले बजारका तयारी खाजामा मात्र रुचि राख्नाले अनेक रोगका सिकार भएका कारण यो बालकविता स्वस्थ बनाउनका लागि पनि अति नै सान्दर्भिक देखिन्छ । यसैगरी मानिस महत्त्वपूर्ण वस्तु बन्न सक्नु पर्ने भन्दै जसरी मकै पोले पनि भुटे पनि सातु चामल, ढिँडो जे र जसरी बनाए पनि हुने वस्तुझैं बालबालिकालाई बहुगुणी, सरल र मिलनसार हुन प्रेरित गर्छन् ।

'भिंगा' कविताको पनि उत्तिकै महत्त्व रहेको छ । बालबालिकाहरूले सरसफाइमा त्यति ख्याल नराख्ने हुनाले यस कविताको प्रसङ्गले खराब कामको व्याख्या गरिएको छ :

"खानेकुरा खुल्ला कतै
नराख है नानी
भिंगाले नै खतम पार्छ
भन्ने कुरा जानी" (भण्डारी, २०६१ :. १०)

प्रस्तुत कविताको श्लोकले खानेकुरा खुल्ला राख्दा झिंगाले अनेक रोग सार्न सक्ने अवस्थाको बारेमा सचेत गराउन खोजिएको छ । उक्त कविताका माध्यमले बालबालिकाले सफा खानाको बारेमा जानकारी राख्न सकून् भन्ने उद्देश्य राखिएको छ । फोहोर मैला, झिंगा र रोगसँग सतर्क रहनका साथै जथाभावी फोहोर नगर्न समेत बालबालिकालाई कविताले सन्देश दिएको छ ।

'भोक' शीर्षकको कविताका माध्यमबाट भोक सबैलाई लाग्छ । भोकलाग्दा कस्ता खाना खाइयो भने स्वास्थ्य सधैँ राम्रो हुन्छ भन्ने कुराको जानकारी दिन खोजिएको छ,

"दाल भात तरकारी र
चटनी नै भए पनि
आमा मलाई खाजा दिनुस्
घरमा जो जे भए पनि" (भण्डारी, २०६१ : १९)

भोक लाग्दा घरमै तयार गरिएको दाल, भात, तरकारी, चटनी मिलाएर खाँदा स्वास्थ्यलाई फाइदा हुने, रोगको सिकार हुनु नपर्ने, सबैलाई सहज हुने जस्ता राम्रा पक्षको जानकारी 'भोक' शीर्षकको कविताले दिएको स्पष्ट हुन्छ ।

'तातेनानी' भण्डारीद्वारा लिखित बालकविताको मुख्य शीर्षक हो । उक्त शीर्षकमा भर्खरै पाइला चाल्न लागेका बच्चालाई हिँड्न हौसला दिन खोजिएको छ,

"ताते नानी ताते नानी
आऊ नानी आऊ नानी
अगागि बढ अगाडि बढ
ताते नानी ताते नानी" (भण्डारी, २०६१ : ४)

बालबच्चा जन्मेर विस्तारै विस्तारै ओल्टी पल्टी गर्दै जब आफैँ उभिन थाल्छ तब उसलाई पाइला सार्न हौसला दिँदै तातेनानी तातेनानी भनेर दुबै हात समातेर विस्तारै अगाडि बढ्न उत्प्रेरणा जगाउन सकिने यथार्थ कुरालाई यस कवितामार्फत रमाइलो पाराले व्यक्त गरिएको छ ।

'कोखाइ कोखाइ' कविता 'तातेनानी' बाल कविता सङ्ग्रहको एक शीर्षक हो । उक्त शीर्षकको कवितामा खाना खुवाउने बेलामा बालबालिकालाई फकाइ फकाइ अनेकथरी भन्दै, अनेकथरि देखाउँदै खुवाउनु पर्ने कुरा स्पष्ट पार्न खोजिएको छ ।

"कोखाइ कोखाइ नानी खाई

अरुलाई भन्दा आफैँ खाई

धेरैलाई देखाइ नानी खाई

आफ्नो खाना आफैँ खाई" (भण्डारी, २०६१ : ५)

माथिको श्लोकमा बालबालिकाले सजिलै खाना नखाँदा अनेक वस्तुलाई देखाएर उसलाई, त्यसलाई खुवाउँछुभन्दा बच्चाले अरूलाई नदेऊ म आफैँ खान्छु भन्ला भन्ने आशा गर्दै फकाइ फकाइ खाना खुवाउनु पर्ने कुरालाई मनोरञ्जनपूर्ण तरिकाले प्रस्तुत गरिएको छ ।

विश्वनाथ भण्डारीको बालकविता सङ्ग्रह **तातेनानी**मा यस्तै बालबालिकालाई मनोरञ्जन प्रदान गर्ने धेरै शीर्षकका कविता रहेका छन् । यो कविताले उनलाई बालसाहित्यका विषयमा कलम चलाएर सफल बनाएको छ ।

विश्वनाथ भण्डारीको प्रथम प्रकाशित कविता 'प्रजातन्त्र आएको छ' शीर्षकको कविता हो । उक्त कविता कर्मचारी सङ्घ विराटनगरबाट प्रकाशित 'आवाज' पूर्णाङ्क २, पृष्ठ ६४मा छ ।

**'प्रजातन्त्र आएको छ'**

हरदलले जनतालाई दलदलमा फसाएको छ

भोको पेटमा छ जनता दानाको खोजीमा

भाषण अनि आस्वादन दिनुछ रोज रोजैमा

जनतालाई झुक्याउने हुँदैछ खेल खेलैमा

प्रजातन्त्र आएको छ वथान र हुल हुलैमा

वर्तमान दलदलको छ चकचकी

दलहिन जनतालाई दलवालाको हप्कीदप्की

दलमा लाग्नेहरू पनि खाँदै छन् नेताको खप्की

प्रजातन्त्र आएको छ गरुँ नेताकै भक्ति

प्रजा आएरै क का ........ मारामार फैलियो रारामै पनि पानी बराबर

चुच्चे न चुच्चेको खाडल गहिरियो

सद्भावनासँगै दुर्भावना फैलियो

हाम्रो प्रजातन्त्र विस्तारै वैलियो

नेताको भाषणमा जागिर खुलिहाल्यो

हर सङ्घ संस्था तेरो र मेरोमा डुलिहाल्यो

कुम्ल्याउने सुम्ल्याउनेको हाइ हाइ भइ छाड्यो

सोझा सादाको सधैँ दुर्दुहाइ भइ छाड्यो

यस्तै यस्तैले त प्रजातन्त्रको हाल पनि बेहाल भइ हाल्यो

पर-जा-तन्त्रले जन-मनलाई भुलिहाल्यो (शोधनायकबाट प्राप्त जानकारीका आधारमा) ।

आफ्नो रङ्ग रूपलाई आफैँले चिन्न छाड्यो विश्वनाथ भण्डारी समय सापेक्षतालाई मध्येनजर राखेर कविता लेख्ने कवि हुन् । उनले २०५६ सालमा लेखेको 'प्रजातन्त्र आएको छ' कवितामा हाम्रो देशमा दलीय व्यवस्थाको सुरुवात भए यता नेताले जनताहरूलाई अनेक प्रलोभनमा फसाएका विषयवस्तु छन् । जनतालाई भोका राखेर नेताहरू आफू टन्न अघाएका यथार्थलाई उक्त कविताको माध्यमबाट व्यक्त गरिएको पाइन्छ । नेताहरू सधैँ नाराका खोजीमा हिँडेर मिठो भाषण गरी जनतालाई झूटा आस्वासन दिएर

भुलाइरहेका छन् भन्ने सन्दर्भ यस कवितामा व्यक्त गरिएको छ । तत्कालीन समयमा राजनीतिक दलहरूमा लाग्नका लागि जनतालाई हप्कीदप्की गरेका र दलमा लागेकालाई पनि नेताले आफ्नै विचारमात्र लगाउन खोजेका यथार्थ प्रस्तुत गरिएको छ ।

खास प्रजातन्त्र भनेको जनताका लागि जनताद्वारा गरिने शासनलाई प्रजातन्त्रको परिभाषा बनाएर नेताकै विचारमा मात्र सीमित राखिएकाले प्रजातन्त्रको धज्जी उडेको कविको ठहर छ । जे सुकै काम गर्न पनि नेताकै भक्ति गर्नुपर्ने अप्ठेरो र आपतमा जनतालाई अगाडि लगाउने, सद्भावनाको नाउँमा दुर्भावना फैलाउने काम नेताहरूबाटै भएका सत्य कुराहरू यस कवितामार्फत व्यक्त भएका छन् । नेताका भाषणमा मात्र सारा कामहरू सीमित रहे, हरेक सङ्घ संस्था तेरो मेरो भन्ने स्वार्थमा सीमित रहे, ठूलाबडाका हाइहाइ भइ छाड्यो, सोझा जनताका कुरा कतै सुनुवाइ भएन भनि प्रजातन्त्र आएर पनि सोझा साझा जनतालाई कुनै फाइदा नभएको र खाली नेताहरूका मात्र झूटा आश्वासनलाई मानेको यथार्थता यस कवितामा प्रस्ट पारिएकाले विश्वनाथ भण्डारीलाई यथार्थ कविका रूपमा चिनाउन सकिन्छ ।

कवि भण्डारीले यस कवितामार्फत प्रजातन्त्रको आगमनपश्चात् नेपाली राजनीतिकर्मीहरू जनसेवाको मर्मलाई परित्याग गरेर व्यक्तिगत, गुटगत र दलगत स्वार्थमा लिप्त भएको विकृत सन्दर्भलाई सार्वजनिक गर्न खोजेका छन् । उनले राजनीतिले सबैलाई एक ठाउँमा एकजुट बनाउनु पर्ने हो त्यो नभएर राजनीतिक दलका नेता एवम् कार्यकर्ताले राजनीतिको नाउँमा नेपाली समाजमा शदीयौँदेखि विद्यमान रहेको पारस्परिक सद्भाव, भाइचारा र सहिष्णुतालाई नै खलबल्याएको प्रति दुःखेसो व्यक्त गरेका छन् ।

### ४.१.१. मौलिकता

विश्वनाथ भण्डारीका काव्य प्रवृत्तिहरूमध्ये मौलिकता पनि एक हो । उनका बाल कविताहरूमा विषयवस्तु छनोट र भाषाशैलीमा विशुद्ध मौलिकता पाइन्छ । शोधसामग्री सङ्कलनका क्रममा शोधनायकसँगको अन्तर्वार्तामा शोधनायकले बताएअनुसार उनी केवलपुरे किसानका गीत र कविताबाट प्रभावित भएको बुझिन्छ ।

उनी जीवनयापनको क्रममा विभिन्न ठाउँको भ्रमण, बालबालिकालाई नियालेर हेर्ने अवसर पाएकाले त्यहीबाट बालरुचि अनुकुल विषय चयन गरी कविता रचना गरेका छन् ।

उनका सङ्ग्रहमा भएका बालकविताहरूमा बालमनोभावना अभिव्यक्त हुनुका साथै बालसंसार वरपरका विभिन्न विषय समेटिएका छन् । भण्डारीका कविताले बालबालिकालाई मनोरञ्जन प्रदान गर्नुका साथै सिर्जनशील हुन पनि उत्प्रेरणा प्रदान गरेका छन् । बालबालिकासँग निकट रही बालकृति सिर्जना गर्ने हुनाले उनका बाल कविताहरू मौलिक छन् । यो उनको आफ्नै विशेषता हो । उनले अग्रज साहित्यकारहरूबाट प्रेरणा र प्रभाव पाए पनि विषय चयन र शैलीमा मौलिकता देखाएका छन् ।

### ४.१.२. संरचनामा लघुता

विश्वनाथ भण्डारीका बालकविताहरूमा पाइने प्रवृत्तिगत विशेषताहरूमध्ये लेखनमा लघुता पनि एक हो । उनका हरेक कवितालाई हेर्दा छोटा आकारका छन् । यही छोटो आकारमा बाल रोचक विषयवस्तु चयन गरी बालकको मन जित्ने खालका कविता रच्नु उनको प्रवृत्ति हो । संरचनामा लघुता बालसाहित्यमा उपयुक्त मानिन्छ ।

### ४.१.३. विषयगत विविधता

विश्वनाथ भण्डारीका बालकविताहरूमा पाइने प्रवृत्तिगत विशेषताहरूमध्ये विषयगत विविधता पनि एक हो । उनका कविताका विषयहरू एक खालका मात्र छैनन् । विभिन्न जीवजन्तु, घरसंसार, प्रकृतिका विभिन्न रूप, संस्कृति, बानी व्यवहार, खानपान जस्ता बालबालिकालाई मन पर्ने विविध विषय समेटिएका छन् । बालबालिकाको जिज्ञासु प्रवृत्तिलाई ध्यानमा राखी उत्कृष्ट खालका कविता रचेका छन् । कवि भण्डारीका कवितामा प्रकृतिको कुनै दृश्य, कुनै प्राणी, कुनै वस्तु, कुनै विचार, अर्ती, शिक्षा वा कुनै भावनालाई प्रकट गरिन्छ तर यी जुनसुकै कुरा कवितामा प्रकट गरिएता पनि कुनै न कुनै मसिनो विषयवस्तु कवितामा पाइन्छन् । उनका कविताका विषयहरू काल्पनिक र यथार्थमूलक दुवै किसिमका छन् । प्रकृति र जीवनका यावत विषयहरूलाई समेटी कविता लेख्ने भण्डारीका कवितामा विषयगत विविधता पाइन्छ, जुन उनको बाल कविताहरूमा पाइने प्रवृत्तिगत विशेषता हो ।

### ४.१.४. प्रतीकात्मकता

कवि भण्डारीका कविताहरूमा पाइने प्रवृत्तिहरूमध्ये प्रतीकात्मकता पनि एक हो । प्रतीक सामान्य अर्थमा प्रयोग नभई व्यङ्ग्यमा भर पर्छ र व्यङ्ग्यको समतुल्य मानिन्छ । प्रतीकले कवितामा कविको मानसिक भावनालाई सजीव रूपमा उतार्छ ।

### ४.१.५. कोमल पदावलीको प्रयोग

कवि भण्डारीका कवितामा पाइने प्रवृत्तिहरूमध्ये बालसुलभ भाषाशैलीको प्रयोग पनि एक हो । कवि भण्डारीका समग्र कवितालाई हेर्दा सरल, सहज, बोधगम्य भाषा प्रयोग गरिएको पाइन्छ । कविताका माध्यमबाट बालबालिकाले मनोरञ्जन पनि लिन सक्ने छन् । कविता लयात्मक एवम् श्रुतिमधुर देखिन्छन् । लयात्मक शैलीले गर्दा बालबालिकाहरूलाई वाचन गर्न सजिलो भएको छ । उनका कविताका भाषा बालबालिकाको लक्षित उमेर अनुसारका शब्द, वाक्य गठनको राम्रो प्रयोग भएको देखिन्छ । उनका कृतिहरूका सरल भाषा र शैलीको बालसुलभ प्रस्तुतिले गर्दा बालपाठकहरू माफ प्रिय बनेका छन् । उनका कविताहरू बालबालिकाले स्वतः कण्ठस्थ पार्न सक्ने खालका छन् र खेल्दै र गाउँदै अभिनय गर्न सक्ने बालसुलभ देखिन्छन् ।

### ४.१.६. सुन्दर एवम् आकर्षक चित्र संयोजन

बालसाहित्यमा चित्र तथा साजसज्जा आवश्यक मानिँदै आएको छ । प्रौढसाहित्य र बालसाहित्यका बिच भेद देखाउने एउटा महत्त्वपूर्ण तत्त्व चित्रको प्रयोग मानिन्छ । बालसाहित्यकार भण्डारीका कवितामा सुन्दर एवम् आकर्षक चित्र संयोजन भएको देखिन्छ । साना केटाकेटी शब्दमा भन्दा चित्रमा आकर्षित हुन्छन् र चित्रका माध्यमबाट नै उनीहरूमा कविताको भाव सम्प्रेषण सरल हुने गर्दछ । कविताको भाव अनुसार प्रत्येक कवितामा सुन्दर एवम् आकर्षक चित्रहरू समावेश गरेका छन् । बालबालिकाहरूको मन जित्ने खालका चित्र देखिन्छन् । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषताहरूमध्ये सुन्दर एवम् आकर्षक चित्र संयोजन पनि एक हो ।

## ४.२. योगदान

बालसाहित्यको धरातलमा विचार गर्दा पाइने अविस्मरणीय हस्ताक्षरमध्येका व्यक्तित्व भण्डारीलाई कहिल्यै विर्सन सकिन्न । बालसाहित्यकार विश्वनाथ भण्डारीले मौलिक बालसाहित्यिक कृतिहरू सिर्जना गरेर नेपाली बालसाहित्यको भण्डारलाई गुण लगाएका छन् । वि.सं. २०१५ साल पौष १८ गते धनकुटा जिल्लाको ताङ्खुवा गा.वि.स.को सिभुवा गाउँमा जन्मिएका भण्डारीले नेपाली बालसाहित्यमा बाल कविता कृति लेखी प्रसिद्धि पाएका छन् । यी कृतिहरूले नेपाली बालसाहित्यलाई अमूल्य योगदान पुऱ्याएका छन् ।

## ४.३. निष्कर्ष

विश्वनाथ भण्डारी बालसाहित्यतर्फ लागेर बालबालिकासँग निकट रही उनीहरूको स्वभाव र मनोविज्ञानलाई बुझ्न सफल भएको देखिन्छ । उनी  अग्रज स्रस्टाहरूबाट प्रेरित भई बालसाहित्य लेखनमा र बालसाहित्यको खोज अनुसन्धानमा लागेको बुझिन्छ । उनी बालमनोविज्ञान बुझी बालकका रुचि, क्षमता, अनुकुल विषय चयन गरी सरल सहज भाषा शैलीमा लयात्मक कविता सिर्जना गर्न सफल बनेका छन् । उनका कविताले बालबालिकालाई जीवन उपयोगी सन्देश प्रदान गरेका छन् । बालसाहित्यकार भण्डारीका कवितामा पाइने प्रवृत्ति/विशेषताहरू मौलिकता, संरचनामा लघुता प्रतीकात्मकता, बालसुलभ भाषा, विषयगत विविधता र देशभक्तिपूर्ण भाव पाइनु हो ।

विश्वनाथ भण्डारीलाई अन्य स्रस्टाहरूभन्दा भिन्न बनाउने विशेषता नै बालसुलभ भाषाशैली र प्रस्तुतिमा नवीनता रहेको छ । उनको निरन्तर लगनशीलता र साधनाबाट विशेष गरी नेपाली बालसाहित्यको भण्डार अझै बढी परिपुष्ट हुने अपेक्षा गर्न सकिन्छ ।

## अध्याय पाँच

# विश्वनाथ भण्डारीको 'तातेनानी' कवितासङ्ग्रहको अध्ययन र विश्लेषण

### ५.१. विषयपरिचय

बालसाहित्यकार विश्वनाथ भण्डारीले नेपाली बालसाहित्यको बालकविता लेखनलाई अगाडि बढाएर ठूलो गुण लगाएका छन् । विश्वनाथ भण्डारीको प्रथम बालकविता सङ्ग्रह **'तातेनानी'** (२०६१) हो । यस सङ्ग्रहमा 'तातेनानी', 'कोखाइ कोखाइ', 'मौरी', 'धरान', 'मकैं', 'झिंगा', 'पुस्तकालय', 'माछा', 'हिमाल', 'फूल', 'भोक', 'राम्रो बानी', 'खोला', 'आ-आफ्नै आवाज' शीर्षक कविताहरू सङ्गृहीत छन् । यिनै बाल कविता कृतिहरूको अध्ययन र विश्लेषण यस अध्यायमा गरिएको छ । विश्वनाथ भण्डारीको बालकविता कृतिहरूको अध्ययन बालकविता तत्त्वका आधारमा गरिएको छ ।

### ५.२. 'तातेनानी' बाल कवितासङ्ग्रहको अध्ययन

बालबालिकाका मनोरञ्जनलाई प्राथमिकता दिई सिर्जना गर्ने कविता बालकविता हो । यस्तो कवितामा मनोरञ्जन त हुनै पर्दछ, सँगसँगै तिनका कोमल मन मस्तिष्कलाई प्रफुल्लित पार्ने खालका विषयवस्तुको चयन र प्रस्तुतिसमेतलाई ध्यानमा राख्नु पर्दछ । कविताको आत्मा भनेको भाव र लय हुन् । ती पक्षहरूको पनि समुचित समन्वय आवश्यक देखिन्छ । बालबालिकाले आफ्नो घर आँगन करेसामा देख्ने र आफू खेल्ने विषयवस्तुबारे लयात्मक कवितामा पढ्न र सुन्न पाए भने तिनीहरू रमाई रमाई घोक्न थाल्छन् । यसबाट प्रत्यक्ष दुईवटा लाभ हुन्छन् । एउटा बालबालिका पढाइप्रति अभिरुचि राख्न थाल्छन् भने अर्को चाहिँ आफ्नो घरायसी र पारिवारिक परिवेशमा प्राप्त स्वभाषी शब्दभण्डारको अध्ययन र संरक्षणसमेत गर्दछन् *(केवरत, २०७२ : ५८)* । बाल कवितामा बालबालिकाले सहजै बुझ्ने खालका घरायसी वातावरणमा उपलब्ध हुने सामग्री वा विषयवस्तुलाई लयात्मक ढाँचामा प्रस्तुत गरिनु महत्त्वपूर्ण ठहर्दछ । कवि विश्वनाथ भण्डारीद्वारा रचित 'तातेनानी' बाल कविता सङ्ग्रहको सङ्क्षिप्त चर्चा गर्ने ध्येय रहेकोले 'तातेनानी' मै केन्द्रित हुनु महत्त्वपूर्ण हुने देखिन्छ ।

**तातेनानी** बालकविता सङ्ग्रह हो । यस कृतिमा जम्मा जम्मी १६ वटा विविध विषयका बालकविताहरू समाविष्ट छन् । यो कृति मूलतः स-साना बालबालिकाकै

मनोरञ्जन र अभिरुचिलाई प्राथमिकतामा राखेर सिर्जना गरेको देखिन्छ । कविका उद्धरणबाट यो कुरो प्रस्ट हुन्छ । **"तातेनानी** बालकविता सङ्गालो प्राथमिक तहका साना साना भाइबहिनीका लागि रचना गरिएको हो" *(भण्डारी, २०६१ : मेरो भनाई - ३)* । कवि भण्डारीले यस कृतिमार्फत प्राथमिक तहका भाइबहिनीहरूलाई केही ज्ञानगुणको खुराक पस्कने जमर्को गरेको देखिन्छ । यस सँगालोभित्र सङ्गृहीत कविताका शीर्षकहरू पनि स-साना भाइबहिनीहरूलाई मोहित पार्ने खालका छन् । यस कवितासङ्ग्रहमा समाविष्ट कविताहरू बालबालिकाका लागि सहज बोधगम्य त छन् नै सँगसँगै लयगत मिठास पनि बेजोडको पाइन्छ ।

**'तातेनानी'** कविता सङ्ग्रहभित्र विभिन्न शीर्षकका १६ वटा कविता सङ्गृहीत छन् । विवेच्य कविता सङ्ग्रहमा सङ्गृहीत विविध शीर्षकका कविताहरूलाई विषयवस्तुका आधारमा उप-शीर्षकमा वर्गीकरण गरेर विश्लेषण गर्नु मनासिव देखिन्छ । यस सङ्ग्रहभित्रका कविताहरूलाई स्वास्थ्य विषयक, मनोरञ्जन विषयक, ज्ञानवर्द्धक, प्रकृति विषयक र परिचयात्मक गरी पाँच उप-शीर्षकमा वर्गिकरण गर्न सकिन्छ । स्वास्थ्य विषयअन्तर्गत 'मकैं', 'झिंगा' र 'भोक' शीर्षक कविताहरूलाई राख्न सकिन्छ । बालबालिकालाई भरपुर मनोरञ्जन प्रदान गरी प्रफुल्लित तुल्याउने कविता अन्तर्गत 'तातेनानी', 'कोखाइ कोखाइ', 'माछा' र 'फूल' शीर्षकका कविताहरूलाई राख्न सकिन्छ । त्यसैगरी बालबालिकाका मस्तिष्क झङ्कृत तुल्याउने खालका कविताहरूमा 'मौरी', 'पुस्तकालय', 'हिमाल', 'राम्रा बानी', 'घडीमा टिक्टिक्' पर्दछन् । तातेनानी कविता सङ्ग्रहभित्रका 'हिमाल', 'फूल' र 'खोला' कविताहरूलाई प्रकृति विषयभित्र राखेर अध्ययन गर्नु सहज र उचित हुन्छ । त्यसैगरी परिचयात्मक शीर्षक कविताहरूमा 'धरान', 'आ-आफ्नै आवाज' र 'हिमाल' कविताहरूलाई राख्न सकिन्छ *(भण्डारी, २०६१ : १-१८)* ।

यसरी **तातेनानी** कविता सङ्ग्रहका सबै कविताहरू बालबालिकाहरूका निम्ति बोधगम्य र ज्ञानप्रद त छन् नै सँगसँगै तिनमा केटाकेटीहरूलाई आफूतिर आकर्षित पारी राख्ने लयविधान पनि त्यतिकै सशक्त र बेजोड रहेको पाइन्छ । आकारगत हिसाबले यो कृति सानो भएपनि यसभित्रका विषयवस्तु साह्रै महत्त्वपूर्ण र गुणात्मक रहेका छन् ।

### ५.२.१. भावभूमिका आधारमा  तातेनानी  कवितासङ्ग्रहको अध्ययन

विश्वनाथ भण्डारीको यो कविता सङ्ग्रहलाई भावभूमिका आधारमा छुट्याएर अध्ययन गरिएको छ । केवरतले उनका कविताहरूलाई विषयवस्तुका आधारमा पाँच उप-शीर्षकमा वर्गीकरण गरेका छन् *(केवरत, २०७२ : ५८)*।

(क) स्वास्थ्य विषयक

(ख) मनोरञ्जन विषयक

(ग) ज्ञानवर्द्धक

(घ) प्रकृति विषयक

(ङ) परिचयात्मक

यसै आधारमा क्रमशः तल अध्ययन गरिएको छ :

### ५.२.१.१. स्वास्थ्य विषयक कविताहरू

### ५.२.१.१.अ. 'मकैं' कविताको अध्ययन र विश्लेषण

स्वास्थ्य नै धन हो भन्ने उखानलाई मध्यनजर गरी स्वास्थ्यवर्द्धक खानालाई महत्त्व दिने कवि विश्वनाथ भण्डारीले मकैंलाई विभिन्न अवस्थामा फरक फरक स्वादमा खान मिल्ने प्रसङ्ग व्यक्त गरेर 'तातेनानी' कविता सङ्ग्रहमा सङ्गृहीत 'मकैं' कविताको निम्न अनुसार महत्त्व दर्शाएका छन् :

"भुटे पनि हुने मकैं

पोले पनि हुने

दुधिलो नै भए मकैं

टोकेपनि हुने" *(भण्डारी, २०६१ : ८)*

नेपालको भू-भागका सबै ठाउँमा मकैं उत्पादन हुन्छ । मकैंलाई विभिन्न अवस्थामा फरक स्वादमा खान मिल्ने हुनाले खाद्य पदार्थमा मकैं महत्त्वपूर्ण मानिन्छ । मकैंलाई केही

नमिसाइ हाँडी वा कराइमा भुटेर खाँदा त्यसको मिठो स्वादले खाइरहुँ जस्तो लाग्छ । पहाडतिर विशेष गरी मकैंलाई दिउँसोको खाजाको रूपमा नै खाने गरिन्छ । हरियो खोस्टा हुँदा मकैंलाई आगोमा पोलेर खाने गरिन्छ भने दूधिलो अवस्थामा यसलाई काँचै टोकेर पनि खाने गरिन्छ । जुनसुकै रोग लागेको अवस्थामा पनि मकैंको पिठोलाई खान मिल्ने भएकोले पनि मकैंको महत्त्व ज्यादै बढेको छ । मकैं शीर्षकमा पाँच श्लोक रहेका छन् :

"खाजा पनि खासा हुने

पेट टन्न हुने

मकैं खाजा खायो भने

भोक हराइ जाने" *(भण्डारी, २०६१ : ८)*

नेपालको तिनै प्रदेश (हिमाल, पहाड र तराई) मा मकैंको खाजालाई राम्रो खाजाको रूपमा लिइन्छ । मकै भुटेर खाँदा दाँतहरू बलिया हुने र दिमाग पनि आवश्यक मात्रामा चल्ने हुनाले मकैलाई खासा खाजा मानिन्छ । मकै थोरै खाए पनि पेट टन्न भएको महसुस हुन्छ । मकैंको परिकारको खाजा चामलको परिकारभन्दा आडिलो हुने भएकाले पनि मकैं खाजा खाएपछि पेट टन्न हुने प्रसङ्ग व्यक्त गरिएको छ । मकै खाजा खाएपछि भोक हराएर काम गर्न जाँगर लाग्ने हुनाले यस अन्नलाई राम्रो अन्नको रूपमा व्यक्त गरिएको छ :

"पहाडको प्रमुख अन्न

मकैं आफू हुने

तराईको बिक्ने बाली

मकैं मूल हुने" *(भण्डारी, २०६१ : ९)*

पहाडी भू-भागले धेरै क्षेत्रफल ओगटेको हाम्रो देशको मुख्य पहाडी बालीको रूपमा मकैंलाई लिन सकिन्छ । सम्म, भिरालो जस्ता ठाउँमा पनि फल्ने भएकाले मकैंलाई पहाडको मुख्य अन्नबालीका रूपमा लिइन्छ भने १७ प्रतिशत भू-भाग ओगटेको तराईको व्यापारको दृष्टिले सबैभन्दा विक्री हुने अन्नका रूपमा मकैंलाई लिइन्छ भन्ने कुरा विश्वनाथ भण्डारीद्वारा लिखित् 'मकैं' कवितामा उल्लेख गरिएको छ ।

"मकैं सातु, चामल ढिँडो

बनाई खाए हुने

चिनीरोग लाग्यो भने

मकैं दवाइ हुने" *(भण्डारी, २०६१ : ९)*

मकैका धेरै परिकारमध्ये सातुलाई महत्त्वपूर्ण मानिन्छ किनकी मकैमा अरू गेडागुडी मिसाएर भुटेर सातु बनाई खानाले मानिसलाई लाग्ने रोग कम गर्ने कुरा धेरै डाक्टरहरूले भनेका छन् । समयको अभावले खानाको ठीक मात्रा मिलाउन नसक्दा ग्यास्टिक रोगले अभिकांश नेपाली जनतालाई ग्रसित बनाएकाले त्यसबाट बच्न चिल्लोरहित खाद्यवस्तुका रूपमा पेटलाई खालि नराख्न सातुको प्रयोग असाध्यै सहज मानिन्छ । चिनीरोग चिनीको मात्रा बढी भएका खाद्यवस्तुको धेरै प्रयोगले लाग्ने रोग भएको कारण यस रोगबाट बच्न वा लागिसकेपछि पनि चिनीको मात्रा कम गर्न मकैंको परिकार आवश्यक पर्ने भएकाले मकैंलाई दवाइको रूपमा लिने गरिएको छ । चामलको परिकारहरू मात्र प्रयोग गर्दा आजकल कब्जियत हुने, शरीरको मोटोपना बढ्ने जस्ता समस्याहरू बढेकाले यस्ता समस्याको समाधानका लागि मकैंको परिकार खानु आवश्यक देखिन्छ ।

"यस्तो गुनी मकैंलाई

नविर्सौं है कैले

आपद्विपद् दुःख पर्दा

साथ दिने जैले" *(भण्डारी, २०६१ : ९)*

कवि विश्वनाथ भण्डारीद्वारा लिखित '**तातेनानी**' बालकविता सङ्ग्रहमा सङ्गृहीत 'मकै' कवितामा मकैंलाई गुणी अन्नका रूपमा लिइएको छ । त्यसैले यस अन्नलाई कसैले नबिर्सी प्रयोग गर्ने सल्लाह दिइएको छ । मकैंलाई आपद्विपद्मा, दुःख पर्दा साथ दिने अन्नका रूपमा प्रस्ट पारी मकैंका परिकार खाएर आफ्नो स्वास्थ्यलाई बलियो पार्न आग्रह गरिएको छ । साथै मानिस मकैं जस्तो महत्त्वपूर्ण वस्तु बन्न सक्नु पर्ने भन्दै जसरी मकैं पोले पनि, भुटे पनि, सातु, च्याख्ला, ढिँडो जे र जसरी बनाए पनि हुने वस्तुभैंm बालबालिकालाई बहुगुणी, सरल र मिलनसार हुन प्रेरित गर्छन् ।

### ५.२.१.१.आ. 'झिंगा' कविताको अध्ययन र विश्लेषण

विश्वनाथ भण्डारीद्वारा लिखित **'तातेनानी'** बालकविता सङ्ग्रहमा सङ्गृहीत 'झिंगा' कवितामा बालबालिकाहरूलाई झिंगाले गर्ने खराबीको विषयमा साहित्यमार्फत बुझाउने कोशिस गरिएको छ :

"खानेकुरा खुल्ला कतै

नराख है नानी

झिंगाले नै खतम पार्छ

भन्ने कुरा जानी" *(भण्डारी, २०६१ : १०)*

खानेकुरालाई खुल्ला झिंगा लाग्ने गरी राख्नु हुँदैन । झिंगाले फोहोरमा बसेर फोहोरका किटाणुलाई खानामा ल्याउने हुनाले खुल्ला ठाउँमा नछोपी खानालाई राख्नु हुँदैन । विभिन्न किसिमका रोगका किटाणुहरू झिंगा मार्फत खानामा आउने हुनाले रोगको महामारी फैलिन्छ भन्ने कुरा उक्त श्लोक मार्फत व्यक्त गरिएको छ :

"फोहोरको थुप्रोमाथि

झिंगालाई भेट्छौ

त्यै फोहोर टिपी झिंगा

उडेको नै देख्छौ" *(भण्डारी, २०६१ : १०)*

झिंगाहरू विशेष गरी फोहोरको थुप्रोमा बस्छन् । फोहोरमा बस्दा झिंगाको खुट्टा वा शरीरमा फोहोरका किटाणुहरू टाँसिएका हुन्छन् । त्यही किटाणुलाई झिंगाले खानामा टेक्दा शरीरका किटाणु झरेर खाना दुषित हुन्छ । दुषित खाना खानाले हाम्रो स्वास्थ्य बिग्रने हुनाले खानालाई झिंगाले नभेट्टाउने ठाउँमा सुरक्षित राख्नु पर्छ ।

"जताजता फोहोर भो

झिंगा त्यतै हेर्छौ

फोहोरबाट टाढै रहे

झिंगा कहाँ भट्छौ" *(भण्डारी, २०६१ : ११)*

झिंगाको विशेषता नै फोहोरमा बस्ने हुनाले वरिपरि फोहोर वातावरण हुँदा झिंगाले धेरै सताउँछ । फोहोर भएको ठाउँतिर झिंगा जाने हुनाले आफ्नो वरपर सधैं सफा राख्नु पर्छ भन्ने सन्देश माथिको श्लोकले दिएको छ । हामी चेतनशील प्राणी भएकाले हाम्रो वरपरको वातावरण सफा राख्नु पर्छ अनि मात्र रोगको ओसार पसार गर्ने झिंगाबाट टाढा रहन सकिन्छ भन्ने सन्देश माथिको कविताको हरफले दिएको छ ।

"झिंगाबाट नानी तिमी

सतर्क नै रहु

आफ्नो खाना झिंगाबाट

बचाउँदै रहु" *(भण्डारी, २०६१ : ११)*

बालसाहित्यको स्वास्थ्य सम्बन्धी कविताका माथिको श्लोकले बालबालिकाहरूलाई सरसफाइ गर्ने बानीको विकास गरेर झिंगाबाट टाढा रहन सन्देश दिएको छ । झिंगाले फोहोरमा रहेका किटाणुहरूलाई खानामा ल्याएर मिसाउने हुनाले आफूले खाने खाना झिंगाबाट टाढै राखेर स्वस्थ्य रहने बानीको विकास गर्नका लागि माथिको कविताको हरफले सन्देश दिएको छ ।

"हेर्दा तिमी सानो देख्छौ

झिंगा कस्तो पाजी

रोग ओसार्ने झिंगा नै हो

टाढै बस राजी" *(भण्डारी, २०६१ : ११)*

माथिको कविताको श्लोकले झिंगा हेर्दा सानो देखिन्छ । त्यसैले यसलाई मानिसहरूले धेरै ख्याल गर्दैनन् तर रोगका किटाणुहरू फोहोरबाट सफा ठाउँमा रहेका खानेकुरामा ओसार्ने काम यही झिंगाबाटै हुन्छ । झिंगाले रोगी मानिसका फोहोरहरू जस्तै सिगान, खकार, दिसा, पिसाबमा रहेका रोगका किटाणुहरूलाई निरोगी मानिसको स्वास्थ्यमा ओसार्ने काम गर्ने हुनाले झिंगाबाट टाढै रहने सुझाव यस कविताका हरफहरूले दिएको छ ।

**५.२.१.१.इ. 'भोक' कविताको अध्ययन र विश्लेषण**

"भोक लाग्यो

भोक लाग्यो

आमा मलाई

भोक लाग्यो" *(भण्डारी, २०६१ : १८)*

बालसाहित्यकार विश्वनाथ भण्डारीद्वारा रचिएको स्वास्थ्य विषयक कविताअन्तर्गत पर्ने 'भोक' कवितामा कुनै पनि बच्चाले आफूलाई खाना खानु पर्दा आमालाई भोक लाग्यो भन्ने शब्द व्यक्त गर्ने यथार्थता अगाडि सारिएको छ । मानिस स्वस्थ रहन समय मिलाएर शरीरलाई आवश्यक तत्त्व प्रदान गर्ने खानेकुरा खाइरहनु पर्दछ । यसैक्रममा बालबालिकाहरूले आफूलाई भोक लाग्दा आमासँग भोक लाग्यो भन्दै व्यक्त गर्छन् भन्ने प्रसङ्ग स्पष्ट पारिएको छ ।

"खाजा खान

दिनुहोस्

आमा मलाई

भोक लाग्यो" *(भण्डारी, २०६१ : १८)*

खाजा खाने सन्दर्भमा बालबालिकाहरूले आमालाई के खाने खाजा ? खाजा बनाउनु भएको छ/छैन ? सोध्ने गर्दछन् । आफ्ना बाबुनानीहरूलाई समय अनुसारको खाजा बनाइ खान दिनुपर्छ भन्ने सन्दर्भलाई उल्लेख गरिएको छ ।

"दाल भात तरकारी र

चट्नी नै भएपनि

आमा मलाई खाजा दिनुस्

घरमा जो जे भए पनि" *(भण्डारी, २०६१ : १९)*

माथिको श्लोकमा खाजाको रूपमा दाल भात तरकारी जो जे भए पनि घरकै ताजा खाजा खानु राम्रो भन्ने कुरा प्रस्ट पारिएको छ । घरमा भएको खाजा ताजा र सफा हुने भएकाले हरेक बालबालिकाले बाहिरीभन्दा घरकै ताजा खाजा खानु पर्छ भन्ने कुरा स्पष्ट पारिएको छ ।

"मुला गाँजर उखु मेवा

दूध दही भए पनि

आमा मलाई खान दिनुस्

खान्छु जो जे भए पनि" *(भण्डारी, २०६१ : १९)*

स्वास्थ्यलाई स्वच्छ राख्न पाकेका खानेकुरा मात्रले शरीरलाई आवश्यक तत्त्व नपुग्ने हुनाले काँचै खाने चिजहरू मुला, गाँजर, उखु, मेवा पनि खानु पर्दछ जसले गर्दा स्वास्थ्यलाई आवश्यक मात्रा पुग्दछ । त्यसैले खाजा खाँदा मुला, गाँजर, मेवा, दूध, दही खानु राम्रो हुन्छ भन्ने सन्देश माथिको कविताको श्लोकले दिएको छ ।

### ५.२.१.२.. मनोरञ्जन विषयक कविताहरू

बालबालिकालाई भरपुर मनोरञ्जन प्रदान गरी प्रफुल्लित तुल्याउने कविताअन्तर्गत निम्न शीर्षकका कविताहरूलाई राख्न सकिन्छ । केवरतले पनि यसलाई निम्नअनुसार राखेका छन् *(केवरत, २०७२ : ५८)* :

### ५.२.१.२.अ. 'तातेनानी' कविताको अध्ययन र विश्लेषण

**'तातेनानी'** कविता विश्वनाथ भण्डारीद्वारा लिखित् बालकविता सङ्ग्रहको मुख्य शीर्षक भएकाले यस कविताले बालबालिकाहरूलाई भरपुर मनोरञ्जन प्रदान गर्ने जमर्को गरेको छ ।

"ताते नानी ताते नानी

आऊ नानी आऊ नानी

अगाडि बढ अगाडि बढ

ताते नानी ताते नानी" *(भण्डारी, २०६१ : ४)*

शिशु जन्मेर बढ्दै ओल्टीपल्टी गर्दै हातखुट्टा दुबैको सहायता लिँदै बामे सरेर अगाडि बढ्ने कोशिस गर्दागर्दै दुई खुट्टाले मात्र हिँडाउने प्रयास गर्ने क्रममा बच्चाका अभिभावकले बच्चालाई हातमा समातेर हिँडाउने क्रममा बोल्ने शब्द हो तातेनानी, तातेनानी । यस शब्दलाई विश्वनाथ भण्डारीले कविताको शीर्षक बनाएर बालबालिकालाई मनोरञ्जन दिन खोजेका छन् । यस कविताको श्लोकमा हात समाउँदै हिँड्ने कोशिस अभिभावकले मनोरञ्जनका साथ सिकाउनु पर्ने तथ्यलाई स्पष्ट पार्न खोजिएको देखिन्छ ।

"आमा बालाई हेर्दै हेर्दै

अलि अलि गोडा चाल्दै

छुनुमुनु गर्दै अलिकति बढ्दै

आऊ नानी अगाडि बढ्दै" *(भण्डारी, २०६१ : ४)*

आफूले चिनेको मान्छे आफ्ना आमाबालाई हेर्दै अगाडि बढ्न प्रेरणा दिएर बच्चाहरूलाई पाइला सार्न हौँसला दिनुपर्छ जसले गर्दा बच्चाहरू मनोरञ्जनका साथ अगाडि बढ्ने कोशिस गर्न सक्छन् । खेल्ने क्रममा बच्चाहरूले छुनुमुनु गर्दै खेल्दै अघि अघि सर्छन् अनि धेरै दिनको प्रयासपछि दुई गोडाले टेक्दै हिँड्ने बानीको विकास हुन्छ भन्ने कुरा स्पष्ट पार्न खोजिएको यस श्लोकले बालबालिकालाई पर्याप्त मनोरञ्जन गर्ने देखिन्छ ।

"तातेनानी तातेनानी

असल बनाऊ आफ्नो बानी

होशियार बन विस्तारी बढ

तातेनानी तातेनानी" *(भण्डारी, २०६१ : ४)*

माथिको श्लोकले तातेनानी गर्दै अगाडि बढ्न र होशियार भएर आफ्नो बानीलाई असल पार्नुपर्ने प्रेरणा प्रदान गरेको छ । बालबालिकाहरूको कुरा बोल्न सुरु गर्दादेखि नै असल बानीको विकास गर्न सके पछिसम्म राम्रो बानी बसाउन सजिलो हुने कुरालाई प्रस्ट पार्न खोजिएको छ ।

### ५.२.१.२.आ. 'कोखाइ कोखाइ' कविताको अध्ययन र विश्लेषण

बालबालिकाको मनोभावनालाई समेटेर लेखिएको **तातेनानी** बालकविता सङ्गालो विश्वनाथ भण्डारीद्वारा लिखित बालसाहित्य हो । यस कवितामा बालबालिकाहरूले आफैँ खाना खान नमान्दा फकाइ फुलाइ खुवाउने शैलीलाई प्रस्तुत गरिएको छ :

"कोखाइ कोखाइ नानी खाई

अरुलाई भन्दा आफैँ खाई

धेरैलाई देखाइ नानी खाई

आफ्नो खाना आफै खाई" *(भण्डारी, २०६१ : ५)*

खाना खुवाउने क्रममा बच्चालाई भुल्याउँदै खुवाउने शब्द 'कोखाइ कोखाइ नानी खाई' भन्ने चलन छ । अरूहरूलाई देखाउँदै आफ्नै बच्चालाई खुवाउने गरिन्छ । वरिपरिका धेरै मानिसलाई हातमा खाना राखेर देखाउँदै आफ्नै नानीहरूलाई मनोरञ्जन तरिकाले खाना खुवाउने चलन रहि आएको छ ।

"घुम्दै फिर्दै अन्त नजाई

खाने बेलामा सुटुक्क आई

खाना खाई स्कुल जाई

पाठ पढेपछि घरमा आई" *(भण्डारी, २०६१ : ५)*

घरमा आमाले काम गर्दा गर्दै बच्चाहरू खेल्ने सन्दर्भमा अन्तै गए तापनि खाना खाने बेलामा फकाइ फुल्याइ बोलाउँदा सुटुक्क आई खाना खाईदिँदा अभिभावक असाध्यै खुशी हुन्छन् । बच्चाहरूले समयमा खाना सजिलै खाईदिँदा धेरै समयको बचत भई अरु काम समेत गर्न सकिन्छ । खाना खाएर बच्चाहरू स्कुलमा गएर पाठ पढेर ज्ञानी भई घरमा आउन् भन्ने सकारात्मक प्रसङ्ग यस श्लोकमा व्यक्त गरिएको छ ।

"कोखाइ कोखाइ नानी खाई

आफ्नो खाजा आफैँ खाई

अलिअलि घरको काम सघाई

अलिअलि खेल है सानो भाइ" *(भण्डारी, २०६१ : ५)*

विश्वनाथ भण्डारीद्वारा बालबालिकालाई भरपुर मनोरञ्जन प्रदान गर्ने सन्दर्भमा लिखित् ‘कोखाइ कोखाइ’ शीर्षकको बालकविताअन्तर्गत माथिको श्लोकमा बालबालिकाहरूलाई आफ्नो खाजा आफैँ खाई अलिअलि आफ्नो घरमा आफूले सक्ने केही काम सघाउनु पर्छ साथै बालबालिकाको शारीरिक विकासका निम्ति खेल पनि खेल्नु पर्ने खेलले बालबालिकालाई मनोरञ्जन प्रदान गर्ने सन्दर्भलाई प्रस्ट पारिएको छ ।

### ५.२.१.२.इ. ‘माछा’ कविताको अध्ययन र विश्लेषण

“माछा बस्ने पोखरी हो

माछा दह घुम्ने

बाढी नदी घुमी घुमी

माछा फुल पार्ने” *(भण्डारी, २०६१ : १४)*

बालबालिकालाई मनोरञ्जन प्रदान गर्दै माछाको बारेमा जानकारी दिने उद्देश्यले बालसाहित्यका लेखक विश्वनाथ भण्डारीले लेखेका ‘माछा’ शीर्षकको कवितामा माछा बस्ने घर पोखरी हो । पानीको दहमा माछा वल्लो छेउ पल्लो छेउ गर्दै रमाउँदै आफ्नो आहारा खोजेर खाने गर्दछन् । वर्षाको बाढीमा नदीमा घुमी घुमी फुल पार्ने काम माछाले गर्दछ ।

“पानीभित्रै रमाई रमाई

आँखा खोल्ने नानी

सलबल गर्दै पानी पानी

माछा डुल्ने बानी” *(भण्डारी, २०६१ : १५)*

माछाले पानीभित्रै रमाई रमाई जीवन जिउने र रमाउने गर्दछ । पानीभित्रै सलबलाएर आफ्नो जीवनलाई सुखी पार्दछन् । माछा पानीको दहभित्रै रमाउँदै खेल्ने गर्दछ ।

“माछा पानी बाहिर भए

धेरै छट्पट् गर्ने

माछा पानी भेट्यो भने

झट्पट् अघि सर्ने” *(भण्डारी, २०६१ : १५)*

पानी नै माछाको बस्ने आधार हो त्यसैले पानी विना माछाको कल्पना पनि गर्न सकिँदैन । पानी बाहिर माछा भएमा छट्पटाउँछ त्यसैले पानी बाहिर माछा रहन सक्दैन । माछाले पानी भेटेपछि खुशी भई रमाई रमाई खेल्न थाल्छ भन्ने प्रसङ्ग माथिको श्लोकमा व्यक्त गरिएको छ ।

"पानीभित्रै सुत्ने माछा

पानीभित्रै लुक्ने

पात पतिङ्गरको मुनी

साच्चै माछा लुक्ने" *(भण्डारी, २०६१ : १५)*

सबै प्राणीको आ-आफ्नै वासस्थान भए झैँ माछाको वासस्थान पानी हो । यही पानीमा माछाले हरक्षण बिताइरहेको हुन्छ । माछा पानीभित्रै लुकेर सुत्ने गर्दछ । पात पतिङ्गरमा पनि माछा लुक्ने गर्दछ भन्ने प्रसङ्गलाई माथिको श्लोकमा उल्लेख गरिएको छ ।

### ५.२.१.२.ई. 'फूल' कविताको अध्ययन र विश्लेषण

"कति कति राम्रा फूल फुलेका

बागबगैँचा हेर झुलेका

थुङ्गेफूल मखमली फूल

भँमरा घुम्ने हुलका हुल" *(भण्डारी, २०६१ : १७)*

प्रकृतिको सौन्दर्यमा रमाउने बालसाहित्यकार विश्वनाथ भण्डारीले बालबालिकाका बालभावनालाई बुझेर मनोरञ्जन प्रदान गर्ने उद्देश्यले लेखेका 'फूल' कवितामा बागबगैँचामा थरिथरिका फूलहरू फुलेर मानिसको मनलाई आकर्षण गरेको कुरा स्पष्ट पारिएको छ । बगैँचामा फुलेका अनेकौ फूलमध्ये थुङ्गेफूल र मखमली फूलको विशेष महत्त्वलाई दर्शाउन खोजिएको छ । फूल फुलेका ठाउँमा भँमरा घुम्ने हुनाले भँमराको आकर्षणलाई माथिको श्लोकमा व्यक्त गरिएको छ ।

"डाँडा डाँडामा लालीगुराँस

त्यसको तलतिर फुल्यो पलास

सुनगाभा लालुपाते बेली

सयपत्री गोदावरी चमेली" *(भण्डारी, २०६१ : १७)*

नेपालको अधिकांश भू-भाग ओगटेको पहाडमा लालीगुराँसको महिमालाई कपिमा व्यक्त गरिएका शब्दले मात्र त्यसको महिमा गाउन कम हुन्छ । त्यसैले राष्ट्रिय फूलको मान्यता बोकेको लालीगुराँसले पहाडको महिमालाई उच्च राखेको छ । पहाडको फेदीतिर पलास, सुनगाभा, लालुपाते, सयपत्री, बेली र गोदावरी जस्ता फूलले नेपालको सौन्दर्यलाई झनै बढाएका छन् ।

"फूलको शोभा फूलबारीमा

छम्छम् नानी घर आँगनमा

गाउँगाउँमा थरिथरि फूल

मनै लोभ्याउने देखिए फूल" *(भण्डारी, २०६१ : १७)*

फूलबारीमा धेरै थरिका फूल फूलेका हुने हुनाले मानिसका उमेर र भावनालाई बगैंचाका फूलहरूसँग पनि दाँजेर हेर्ने चलन छ । फूलबारीको शोभा नै विभिन्न प्रकारका फूलहरूले दिने गर्दछ । जसरी घरआँगनमा नानीहरूले उज्यालो छरिरहेका हुन्छन् त्यसरी नै फूलले बगैंचाको महत्त्वलाई बढाएको हुन्छ । गाउँघरमा घरैपिच्छे फरक फरक फूलहरू सजाइएका हुन्छन् । फूलेका विभिन्न थरिका फूलले मनलाई लोभ्याउँछ भन्ने मिठो प्रसङ्ग यस कवितामा स्पष्ट पारिएको छ ।

### ५.२.१.३. ज्ञानबर्द्धक कविताहरू

बालसाहित्यकार विश्वनाथ भण्डारीद्वारा लिखित बालसाहित्य सङ्गालो '**तातेनानी**' अन्तर्गत रहेका कविताहरूलाई विभिन्न सन्दर्भअनुसार छुट्याईएको छ । बालबालिकालाई मस्तिष्क झङ्कृत तुल्याउने खालका कविताहरूमा निम्न लिखित कविताका शीर्षकहरू

पर्दछन् । यी कविताहरूलाई समालोचक केवरतले पनि औँल्याएका छन् *(केवरत, २०७२ : ५९) :*

### ५.२.१.३.अ. 'मौरी' कविताको अध्ययन र विश्लेषण

"मौरी उड्यो लौ भुनुनु गर्दै

गुलियो मीठो खोज्दै खोज्दै

तोरीबारीको तोरीमा घुम्दै

फूलबारीको फूललाई सुङ्दै" *(भण्डारी, २०६१ : ६)*

पृथ्वीमा भएका अनेकौ कीरामध्ये मौरीलाई महत्त्वपूर्ण असल, इमान्दार, परिश्रमी, एकताको उदाहरणको रूपमा लिइन्छ । मौरीले फूलमा रहेको गुलियो पदार्थलाई मुखमा च्यापेर घारमा जम्मा पारेको पदार्थलाई मह भनिन्छ जुन पदार्थ सन्तुलित आहारको एक अङ्श मानिन्छ । मौरी उडेर भुनुनु गर्दै तोरीबारीमा गई तोरीको फूलमा रहेको रसलाई सुघेर पत्ता लगाई घारमा जम्मा गर्दछ ।

"रानो छ एक बच्चा अनेक

सबले घेर्छन् रानो नदेख

छुट्टि हुँदैन काममा जान्छन्

काम सकेपछि घरमा फिर्छन्" *(भण्डारी, २०६१ : ६)*

मौरीको घारमा काम गर्ने मौरी जतिसुकै भएपनि रानो एउटा मात्रै हुन्छ । एउटै रानोको निर्देशनमा सबै मौरीहरूले काम गर्दछन् । परिश्रम गर्नुपर्छ भन्ने सन्दर्भ मौरीको कामले देखाइ रहेको हुन्छ । सबै मौरीले रानोलाई वरिपरिबाट घेर्छन् । मौरीलाई छुट्टि हुँदैन निरन्तर काममा जान्छन् र काम सकिएपछि घारमा फिर्छन् भन्ने रोचक प्रसङ्ग मौरी कविताको माथिको श्लोकमा व्यक्त गरिएको छ ।

"मिलीजुली बस्छन्

महरस भर्छन्

सबका लागि

सजिलो पार्छन्" *(भण्डारी, २०६१ : ६)*

मौरीहरू सबै मिलेर मह जस्तो स्वादिलो र पोसिलो वस्तुलाई घारको चाकामा भर्ने गर्दछन् । मह जुनसुकै आयूर्वेदिक औषधिसँग मिसाएर खानाले जतिसुकै तितो औषधिलाई पनि खान सक्ने बनाइदिन्छ । महले सबैलाई खान सजिलो बनाउँछ भन्ने रोचक प्रसङ्ग माथिको श्लोकमा व्यक्त गरिएको छ ।

### ५.२.१.३.आ. 'पुस्तकालय' कविताको अध्ययन र विश्लेषण

"धेरै खाले पुस्तक हुन्छन्
पुस्तकालयमहाँ
नपढेकै पुस्तक पढौँ
पुस्तक मिल्छ जहाँ" *(भण्डारी, २०६१ : १२)*

पुस्तकालयमा विभिन्न किसिमका किताबहरू रहेका हुन्छन् । विभिन्न किसिमका किताबहरूले आ-आफ्नै मौलिकता दर्शाएका हुन्छन् । किताबले नयाँ नयाँ कुराको ज्ञान दिन्छ । फुर्सदको समयमा पुस्तकालयमा पुस्तकहरू पढेर हरेक ज्ञान लिनुपर्ने जानकारी 'पुस्तकालय' शीर्षकको माथिको श्लोकले बताएको छ ।

"पुस्तकालय जान थालौँ
पुस्तक पढ्न लागौँ
आफूलाई मनपर्ने
पुस्तक रोज्न लागौँ" *(भण्डारी, २०६१ : १२)*

हरेक किसिमका ज्ञान बटुल्न पुस्तकालयमा गएर पढ्नुपर्ने कुरालाई माथिको श्लोकमा उल्लेख गरिएको छ । पुस्तकालयमा धेरै किसिमका पुस्तकहरू हुन्छन् तर आफूलाई मनपर्ने पुस्तकहरू खोजेर पढ्ने बानी गर्नु पर्दछ भन्ने कुरा माथिको श्लोकले बताएको छ ।

"पुस्तकालय सहयोगी
दाजु दिदी मान
हामीलाई सघाउन
बस्नु भाको जान" *(भण्डारी, २०६१ : १३)*

पुस्तकालयमा सहयोगी व्यक्तिहरू पनि हुन्छन् । उनीहरूलाई दाजु दिदी भनेर मान्नुपर्छ भन्ने कुरा माथिको श्लोकमार्फत बालबालिकालाई सिकाउन खोजिएको छ । पुस्तकालयमा हुने दाइ दिदीलाई बुझाइदिनु हामीलाई भनेर आदर गर्नुपर्छ भन्ने कुरा बुझाउन खोजिएको छ ।

"नबुझेको कुरा सोधौँ

दाजु दिदीलाई

मजासित बुझाइदिनु

हुन्छ हामीलाई" *(भण्डारी, २०६१ : १३)*

सबै कुरा आफैँलाई थाहा हुँदैन नबुझेको कुरा बुझ्ने मानिसलाई सोध्ने बानी गर्नुपर्दछ सोधेपछि नबुझेका कुरा राम्रोसँग दाइ दिदीले बुझाइदिनु हुन्छ भन्ने कुरा स्पष्ट पारिएको छ । कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित हुनु हुँदैन भन्दै पुस्तकालयको महत्त्व, उपयोगिता र त्यसबाट हुने उपलब्धिका बारेमा कवितामा वर्णन गरिएको छ । असल पुस्तक हरेक मानिसका लागि असल साथए हो । असल साथीले जीवनमा कयौँ समस्याबाट मुक्ति दिलाउँछ भन्दै कवि भण्डारीले पुस्तकालय जाने र पुस्तक धेरैभन्दा धेरै पढ्ने बानीको विकास गर्न सल्लाह दिएका छन् ।

### ५.२.१.३.इ. 'हिमाल' कविताको अध्ययन र विश्लेषण

"विश्व प्रसिद्ध

यो सगरमाथा

गाउन नबिर्सौं

यसको गाथा" *(भण्डारी, २०६१ : १६)*

प्रकृतिले भरिपूर्ण हाम्रो देश नेपालमा हिमालले विश्वमा चिनाएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा हिमालले संसारमा चिनाएको छ । यो सगरमाथाको महिमाले चिनिएको हाम्रो देश नेपालको गाथा गाउन विर्सनु हुँदैन भन्ने कुरा व्यक्त गरिएको छ ।

"अन्नपूर्ण र माछापुच्छ्रे

धौलागिरीको नाम नबिर्से

कञ्चनजङ्घा कञ्चन कस्तो

आँखा नझिम्काइ हेरिरहुँ जस्तो" *(भण्डारी, २०६१ : १६)*

विश्वमा रहेका अग्ला हिमाल डेढ दर्जनमध्ये एक दर्जनभन्दा बढी हाम्रो देश नेपालमा रहेका छन् । तिनीहरूलाई चिनाउने नामहरूमा अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरी, कञ्चनजङ्घा जस्ता हिमाललाई आँखै नझिम्क्याइ हेरिरहन मन लाग्ने कुराहरू बालबालिकालाई माथिको 'हिमाल' कवितामार्फत सम्झाउन खोजिएको छ ।

"लाम्टाङ, लङ्गुर, गणेश हिमाल

पाथीभराको चुली कमाल

घुम्नेफिर्ने चुली चुली हेर्ने

पर्वतारोहीको स्वागत गर्ने" *(भण्डारी, २०६१ : १६)*

बालबालिकालाई मस्तिष्क झङ्कृत तुल्याउने उद्देश्यले रचना गरिएको 'हिमाल' कविताको माथिको श्लोकमा लाम्टाङ, लङ्गुर, गणेश हिमालका बारेमा जानकारी गराइएको छ । पाथीभरा अग्लो पहाडमा रहेकाले प्रकृतिकै कमालका रूपमा व्यक्त गरिएको छ । पर्वतारोहीहरूको स्वागत नेपालका प्राकृतिक वातावरणले गरेको रोचक प्रसङ्गलाई यस कविताका श्लोकमा व्यक्त गरिएको छ । प्रकृतिले भरिपूर्ण देश नेपाल हिमाल, नदीनाला, ताल, झरना, पहाडहरू छन् । यसको सौन्दर्यलाई नजिकबाट छुन, हेर्न र रमाउन स्वदेश तथा विदेशबाट लाखौँ मानिस आउने प्रसङ्ग पनि 'हिमाल' शीर्षकको कवितामा व्यक्त गरिएको छ ।

### ५.२.१.३.ई. 'राम्रो बानी' कविताको अध्ययन र विश्लेषण

"पढ्ने बानी कति राम्रो

लेख्ने बानी राम्रो

नयाँ नयाँ किताब खोजी

पढ्नु अति राम्रो" *(भण्डारी, २०६१ : २०)*

मानिसका आ-आफ्नै स्वभाव हुन्छन् । मानिसका राम्रा नराम्रा बानीको अनुसरण गर्ने मानिसलाई राम्रो बानी भएको मानिन्छ । माथिको 'राम्रो बानी' शीर्षकको कविताको पहिलो श्लोकमा राम्रा बानीहरूमा बालबालिकालाई आकर्षण गर्न पढ्ने, लेख्ने, नयाँ नयाँ किताब खोजेर नयाँ ज्ञान लिने कुरालाई महत्त्व दिइएको छ ।

"राम्रा राम्रा पुस्तक पढ्ने

बानी साँच्चै राम्रो

राम्रो राम्रो बानी लिने

नानी झनै राम्रो" *(भण्डारी, २०६१ : २०)*

बालबालिकहरूले नयाँ नयाँ पुस्तकहरूबाट धेरै कुराको जानकारी प्राप्त गर्दछन् । कुनै न कुनै पुस्तकको अध्ययन गर्दा नयाँ कुरा पत्ता लगाउने बानी बालबालिकामा भएको हुनाले राम्रो राम्रो बानी लिने नानीहरूलाई सबैले प्रशंसा गर्ने गर्छन् भन्ने माथिको श्लोकको आसय रहेको छ । बालबालिकाहरू जिज्ञासु स्वभावको हुनु पर्दछ ।

"कथा कविताका पुस्तक

हेर्नु गजब राम्रो

निबन्ध र नाटकको

पुस्तक हुन्छ राम्रो" *(भण्डारी, २०६१ : २०)*

बालबालिकाहरूलाई कथा, कविताका पुस्तकहरू गजब राम्रा लाग्छन् । कविता र कथालाई अध्ययन गरेर नयाँ कुरा जान्ने उनीहरूको स्वभाव नै हुन्छ त्यसैले निबन्ध र नाटकका पुस्तकहरू खोजी खोजी पढ्ने बानीलाई राम्रो बानीको रूपमा लिइन्छ ।

"राम्रो राम्रो काम गर्ने

नानी कति राम्रो

राम्रो असल विचार लिने

बाबु खासा राम्रो" *(भण्डारी, २०६१ : २०)*

मानिसको खास परिचय नै सकारात्मक व्यवहार भएकाले समाजमा प्रतिष्ठा कमाउन राम्रो बानी मात्र गर्न सिकाउनु पर्ने कुरालाई माथिको श्लोकले प्रस्ट पारेको छ । घर, विद्यालय र समाजमा राम्रो काम गर्ने असल लिने व्यक्तिलाई असल व्यक्ति मानिने यथार्थतालाई बाल्य अवस्थादेखि नै प्राथमिकता दिनुपर्ने कुरा माथिको श्लोकमा स्पष्ट पारिएको छ ।

### ५.२.१.३.उ. 'घडी यो टिक्टिक्' कविताको अध्ययन र विश्लेषण

"टिक्टिक् टिक्टिक् घडी यो टिक्टिक्

ठीक् ठीक् समय देखाउने टिक्टिक्

टिक्टिक् गर्ने यसको बानी

निरन्तर चल्ने घडी हो नानी" *(भण्डारी, २०६१ : २८)*

निरन्तर रूपमा चलिरहने खोलाको पानी जस्तै समयलाई पनि कसैले रोकेर रोकिँदैन । समयलाई यथार्थ रूपमा व्यक्त गर्ने वस्तु घडी हो । घडीले समयको गतिलाई जनाउने गर्छ । घडीमा तिनवटा सुइँ हुन्छन् सेकेन्ड, मिनेट र घण्टा यी सुइँहरू आफ्नो कक्षमा घुम्दा दिने टिक्टिक् आवाजलाई माथिको बालसाहित्यको कवितामा प्रस्तुत गरिएको छ । घडीले ठीक समयको सङ्केत गरिरहेको हुन्छ । निरन्तर चलिरहँदा टिक्टिक् गर्ने बानी यसको हुन्छ ।

"सेकेन्ड मिनेट घण्टालाई

टिक्टिक् गर्छ समय देखाई

सत्य समयको ख्याल गराई

घडी हो सबको साथीभाइ" *(भण्डारी, २०६१ : २८)*

बालसाहित्यमा कलम चलाउने बालसाहित्यकार विश्वनाथ भण्डारीले बालबालिकालाई घडीको अध्ययन गर्ने सजिलो माध्यम कवितालाई बनाएर घडीमा भएका तिनवटा सुइँ सेकेन्ड, मिनेट र घण्टा सुइँको महत्त्व दर्शाउँदै सही समयको ख्याल घडीले

गराउने र यो टिक्टिक् गर्ने घडी बच्चा, युवा, वृद्ध जुनसुकै उमेरका मानिसको साथी हो भन्न खोजिएको छ ।

"टिक्टिक् टिक्टिक् घडी यो टिक्टिक्

ठीक् ठीक् समय देखाउने टिक्टिक्" *(भण्डारी, २०६१ : २८)*

घडीले टिक्टिक् गर्दै समयको सङ्केत दिने र ठीक समयमा ठीक काम गर्न सकेमा मानिस पनि सही बाटोमा हिँड्न सक्षम हुने कुरा माथिको कवितका श्लोकहरूले बताएका छन् ।

**५.२.१.४. प्रकृति विषयक कविताहरू**

**५.२.१.४.अ. 'खोला' कविताको अध्ययन र विश्लेषण**

"पानी बग्ने ठाउँ

खोला यसको नाउँ

पहाडको गाउँ

खोलैखोला नजाऊँ" *(भण्डारी, २०६१ : २२)*

प्रकृतिको सौन्दर्यले भरिपूर्ण हाम्रो देश नेपालमा 'खोला' कविताको शीर्षकमा बालबालिकाहरूलाई प्राकृतिक चिनारी दिने क्रममा विश्वनाथ भण्डारीद्वारा लिखित् 'खोला' कविताले प्रकृतिको उपहारको परिचय दिएको छ । आफैँ उत्पन्न भइ पानी बग्ने ठाउँलाई खोला भनिन्छ । खोला पहाडको बिचबाट उत्पन्न हुन्छ । पहाडका खोलाहरू भिरालो भइ बगेको हुनाले खोलैखोलाको बाटो हिँड्न नहुने कुरालाई समेत प्रस्ट पारेको छ ।

"खोल्साखोल्सी मिलेर

खोला बन्छ है हेर

बाखापाठा बगाउने

खोलाको बाढी सताउने" *(भण्डारी, २०६१ : २३)*

पहाडका कुनाकुनाबाट पानीका मुहान निस्केर साना साना खोल्साहरू बग्दछन् यसरी बग्दै जाँदा कतै अरु खोल्सासँग यिनीहरूको भेट हुन्छ । धेरै खोल्साहरू मिलेर खोला बन्दछ । वर्षायाममा पानी धेरै पर्नाले बाढी आउँछ । बाढी आउँदा बाखाका पाठाहरू बगाउने सम्भावना हुने हुनाले सचेत हुनुपर्ने कुरालाई उल्लेख गरिएको छ ।

"पानी पर्दा सिरान चोक

बाढी आयो तलतिर

खोलाको बाढी हेर्दाहेर्दै

यसले बगायो छेउतिर" *(भण्डारी, २०६१ : २३)*

आकाशबाट वर्षा हुँदा माथिबाट पानी पर्छ तर पानीको प्रवाहले गर्दा जमिनमा बाढी आउँछ र बाढीले माटोको कटान गर्छ भन्ने सङ्केत दिन खोजिएको छ । खोलामा बाढी आएपछि हेर्दाहेर्दै छेउतिर बगाउन थाल्छ भन्ने कुरा माथिको श्लोकले व्यक्त गरेको छ ।

"ढुङ्गा मुडा लडायो

गाउँ बस्ती बगायो

खोलामा बाढी बढ्दा नै

खोलाले सबै बिगारो" *(भण्डारी, २०६१ : २३)*

प्रकृतिको प्रकोप सम्बन्धी जानकारी दिने 'खोला' कवितामा वर्षायाममा खोला बढेर बाढी आउँदा ढुङ्गामुढा लडाउँछ, गाउँ बस्तीलाई नै बगाउँछ । खोलामा बाढी बढ्दा धेरै नाश, विगार हुन्छ भन्ने यथार्थलाई खोला कवितामार्फत प्रस्ट पारिएको छ ।

### ५.२.१.५. परिचयात्मक कविताहरू

### ५.२.१.५.अ. 'आ-आफ्नै आवाज' कविताको अध्ययन र विश्लेषण

"आइँ आइँ आइँ आइँ भैंसी कराउँछ

हिहि हिहि घोडा कराउँछ

होक्काँ साँढे गर्छ

बाँबाँ बाँबाँ गाई कराउँछ" *(भण्डारी, २०६१ : २४)*

विश्वनाथ भण्डारीद्वारा लिखित 'आ-आफ्नै आवाज' शीर्षकको कवितामा बालबालिकाहरूलाई सहज रूपमा सबैका आ-आफ्नै आवाज हुन्छन् भन्ने कुराको जानकारी दिनका लागि माथिका श्लोकले सहयोग गरेको छ । यो श्लोकमा भैंसीको आइँ आइँ, घोडाको हिहि हिहि, साँढेको होक्काँ, गाईको बाँबाँ आवाज हुन्छ भनेर आवाज चिनाएको छ ।

"म्याउँम्याउँ म्याउँम्याउँ विरालो गर्छ

चिँचिँ चिँचिँ मुसा गर्छ

चिरबिर चिरबिर चरा गर्छ

काका काका काग कराउँछ" *(भण्डारी, २०६१ : २५)*

विरालोले म्याउँम्याउँ गरी कराउँछ भने मुसाले चिँचिँ गर्छ । चराहरूको पनि आ-आफ्नै आवाज हुन्छ जसलाई चिरबिर भनेर चिनिन्छ । कागलाई सामाजिक बोलिचालीमा रुखो बोल्ने भनेर कसैले मन पराउँदैनन्, त्यसैले मीठो बोल्ने हुनाले कागको भन्दा कोइलीको स्वरलाई सबैले मन पराउँछन् ।

"भुक भुक, भौँ भौँ कुकुर भुक्छ

कुखुरी काँ गरी भाले बास्छ

सबका आ-आफ्नै आवाज हुन्छन्

आ-आफ्नै स्वरले सब बोल्छन्" *(भण्डारी, २०६१ : २५)*

घरको रक्षकका रूपमा पाल्ने कुकुरले घरमा नयाँ मान्छे पुग्ने वितिक्कै 'भुक भुक', 'भौँ भौँ' गरी कराएर घर मालिकलाई मान्छे चिन्ने सङ्केत गर्दछ भने समयको मापन सहज नभएकै बेलामा पनि भालेले कुखुरी काँ गरी विहानी पखको सङ्केत गर्दछ । यसरी जनावरहरूले पनि बोल्ने आ-आफ्नै आवाज छ । उनीहरूका सबै आवाजको अर्थ मानिसले नजाने पनि घरपालुवा जनावरहरूले मानिसका प्राय आवाज बुझी सोही अनुसार प्रतिक्रिया जनाउने गर्दछन् ।

#### ५.२.१.५.आ. 'धरान' कविताको अध्ययन र विश्लेषण

"तलतिर हुन्छ चारकोशे झाडी

मास्तिर डाँडो विजयपुर

त्यही डाँडाको काखमा

हुर्केछ धरान बजार" *(भण्डारी, २०६१ : ७)*

विभिन्न ठाउँका आ-आफ्नै विशेषता हुन्छन् । ती विशेषतालाई औंल्याइदिने साहित्यकारको खाँचो भएको हुन्छ । विश्वनाथ भण्डारी धरानमै जन्मिनु भएर होला धरानको विशेषतालाई कविताको श्लोकमा भावपूर्ण शैलीमा उतारेका छन् । धरान बजारको तलतिर चारकोशे झाडी र माथितिर विजयपुरको डाँडा रहेको छ । प्राकृतिक सौन्दर्यले सजिएर त्यही डाँडाको काखमा रहेको छ भनि माथिको कविताको श्लोकले बताएको छ ।

"एकातिर सर्दुखोलो

अर्कातिर सेउती

दुई खोलाको किनारमा

बढेछ धरान बजार" *(भण्डारी, २०६१ : ७)*

धरान बजारको एकातिर सर्दु नामको खोलो रहेको छ भने अर्कातिर सेउती नामको खोलो बगेको छ । सर्दु र सेउती दुई खोलाको किनारमा धरान बजार अवस्थित छ ।

"धरानको शिरमा

भेडेटार चम्कन्छ

भेडेटारको पाउँमा

वि.पी. अस्पताल झल्कन्छ" *(भण्डारी, २०६१ : ७)*

भेडेटार भन्ने ठाउँ धरानको शिरमा रहेको छ भने योगदानको कदर गरी सम्मान स्वरूप खोलिएको वि.पी. अस्पताल पाउँमा रहेको कुरा कविताका हरफमा व्यक्त गरिएको छ ।

“दन्तकाली पिण्डेश्वर

धरानका सान हुने

विजयपुर बुढा सुब्बा

धरानकै नाम हुने” *(भण्डारी, २०६१ : ७)*

मठमन्दिरको ठाउँको गरिमालाई बढाएको हुन्छ । धरान बजारलाई महत्त्वपूर्ण धार्मिक स्थल दन्तकाली र पिण्डेश्वरले सान बढाएको छ । पर्यटकहरू आकर्षित हुने विजयपुरको डाँडाले धरानको सोभालाई भने सिङ्गारेको छ । धरानमा रहेको बुढा सुब्बाले सुनमाथिको सुवर्णझैँ नाम कहलाएको छ ।

### ५.२.१.५.इ. ‘नानी तिमी’ कविताको अध्ययन र विश्लेषण

“नानी तिमी हौ

सानी तिमी हौ

आँखाको सुन्दर

ज्योति तिमी हौ” *(भण्डारी, २०६१ : २६)*

माथिको ‘नानी तिमी’ कविताको श्लोकमा बालबच्चा नै घरका सुन्दर गहना हुन् । प्रत्येक घरका बालबालिका आँखाका सुन्दर ज्योति हुन् । बालबालिकाले गर्दा नै घरलाई सुन्दर र भविष्यको बाँच्ने आधार बनाएको छ । बालबालिका नै घरका अरू सदस्यले बोल्ने माध्यम बनेका छन् । बालबालिकाले नै प्रत्येक घरका अभिभावकलाई खुशी राखेका छन् भन्ने यथार्थता कविताको श्लोकले प्रस्ट पारेको छ ।

“फूल फुलाउने

झलमल पार्ने

बारी बगैँचा

हरियो पार्ने” *(भण्डारी, २०६१ : २७)*

उद्यानलाई हरेक किसिमका फूलहरूले सजाएझैँ घरलाई सजाउने काम बालबालिकाको हो । बारी बगैँचा हरियो भएपछि फूल र फल लाग्ने आशाले भुलाएझैँ घर परिवारहरूलाई पनि त्यस घरका नानीहरूले आशाको त्यान्द्रोमा भुलाएका हुन्छन् भन्न खोजिएको छ ।

"धर्ती र आकाश

एउटा पार्ने

बा आमाको

दुःख भुलाउने" *(भण्डारी, २०६१ : २७)*

घरमा नानीहरूको रमाइलो वातावरणले आकाश र धर्तीको दुरीलाई हटाएर एउटै जस्तो महसुस गराइदिन्छन् । मानिसका जीवनमा धेरै आरोह अवरोहहरू उत्पन्न हुन्छन् । समय परिस्थिति अनुसार कहिले सुख त कहिले दुःख परिरहन्छ । दुःखका समयमा ढाडस दिई आत्मबल बढाउने काम आफ्ना नानीहरूले गर्ने हुनाले नानीहरूलाई बा आमाको दुःख भुलाउने पात्रको रूपमा चित्रण गरिन्छ ।

"हँसिलो रसिलो

जीवन पार्ने

नानी तिमी हौ

रत्न तिमी हौ" *(भण्डारी, २०६१ : २७)*

जिम्मेवारी वहन गर्ने क्रममा व्यवहारिक चिन्तनमा पीडा भोगिरहेका अभिभावकलाई पनि रसिलो पाराले बोलेर हँसाउने काम नानीहरूले नै गर्छन् । त्यसैले घरका नानीहरूलाई रत्न मानेर आशा भरोसामा मानिस बाँच्ने यथार्थलाई विश्वनाथ भण्डारीद्वारा लिखित 'नानी तिमी' शीर्षकको कविताका श्लोकमा स्पष्ट पारिएको छ ।

## अध्याय छ

# उपसंहार तथा निष्कर्ष

### ६.१. उपसंहार तथा निष्कर्ष

बालसाहित्यकार विश्वनाथ भण्डारीका बालकाव्य कृतिहरूको अध्ययन शीर्षकको यस शोधपत्रमा शोधविधिअन्तर्गत रहेर पूर्वकार्यका समीक्षाका साथै बालसाहित्यको ऐतिहासिक विकास परम्पराको स्थिति, विश्वनाथ भण्डारीको सङ्क्षिप्त जीवनी व्यक्तित्व, बालसाहित्यिक यात्रा र बालसाहित्यिक कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन जस्ता कार्यहरू गरिएको छ । बालसाहित्य त्यस्तो साहित्य हो जुन बालबालिकाको रुचि र ग्रहण क्षमताका साथै बालमनोविज्ञानको समेत ख्याल गर्दै बालबालिकालाई लक्षित गरी रचिएको मानसिक तथा वौद्धिक खुराक दिनुका साथै चरित्र निर्माणमा सहयोगी बन्न सक्ने खालका रचना नै बालसाहित्य हुन् । लिखित बालसाहित्यको ऐतिहासिक स्थितिलाई हेर्दा लोक साहित्यको लामो मौलिक परम्पराको गर्भबाट जन्म लिई हुर्किएको देखिन्छ । यसको उमेर अहिले सवासय वर्ष भइसकेको छ । घरका बालबालिकालाई फुर्सदको समयमा खेलाउन, भुल्याउनका निम्ति गाइने गीतको परम्परामा बालगीत/बाल कविता जन्मिएको हो । नेपाली बालसाहित्यमा बालगीत/बालकविताको पनि लामो परम्परा रही आएको छ । विशेषगरी ग्रामीण नेपाली लोक जीवनको अपरिहार्य अङ्गका रूपमा रहेको बाल लोकगीत/बाल लोककविताको सुदीर्घ परम्पराले यसको लोकप्रियता बालबालिकामा रहि आएको तथ्यको पनि पुष्टि हुन्छ । नेपाली बालसाहित्य जन्मदै हालको जस्तो स्वतन्त्र अर्थात सिर्जनात्मक साहित्यको रूपमा जन्मिएको होइन । यो सर्वप्रथम आ-आफ्नै सन्ततिहरूलाई मनोरञ्जनका साथै व्यवहारिक र नैतिक शिक्षा दिने हेतुले लेखिएको पाइन्छ । अहिलेसम्मको खोज अनुसन्धान अनुसार ऐतिहासिक महत्त्व राख्ने पहिलो पुस्तक 'गोर्खा पैहला' १८४९ किताब नै हो । यो पुस्तक बालबालिकालाई औपचारिक शिक्षा दिनका लागि वि.सं. १९५८ मा विद्यालयको स्थापना भएपछि नेपाली भाषाको पाठ्य सामग्री अभावलाई पुर्ति गर्नका लागि जयपृथ्वीबहादुर सिंहले तयार गरेको 'अक्षराङ्क शिक्षा' बालवोध भाग दुईले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । यही परम्परामा उभिएर नेपालभित्र र बाहिरका विभिन्न व्यक्ति र संस्थाको प्रयासमा पाठ्य बालसाहित्य लेखन र प्रकाशनको परम्परा अगाडि बढेको हो ।

विद्यालयको पाठ्यक्रमलाई आधार नमानी स्वतन्त्रपूर्वक लेखिएका बाल पुस्तकहरू नै वास्तवमा बालसाहित्य हुन् । नेपालमा पाठ्येतर बालसाहित्यको लेखन धेरै पछि मात्र भएको देखिन्छ । वास्तवमा नेपाली बालसाहित्यतर्फ सचेत रूपमा पहिलो पाइला चाल्ने व्यक्ति लक्ष्मीप्रसाद देवकोटा नै हुन् । नेपाली बालसाहित्यको प्रथम कृति वा वीजभूमि देवकोटाको 'राजकुमार प्रभाकर' खण्डकाव्य वि.सं. १९९७ लाई मान्नुपर्छ । यही परम्परामा उभिएर हाल बालसाहित्यका विभिन्न विधामा कलम चलाई नेपाली बालसाहित्यलाई हराभरा र उर्वर बनाउने स्रस्टाहरूको सङ्ख्या हजारौं पुगेको छ । पाठ्येतर बालसाहित्यको विकासलाई चरणवद्ध रूपमा अध्ययन गर्ने हो भने वि.सं. १९९७ देखि वि.सं. २०३८ सम्मको अवधिलाई पहिलो चरण र वि.सं. २०३८ पछिको अवधिलाई दोस्रो चरणका रूपमा लिइन्छ । यही पाठ्येतर बालसाहित्य लेखन परम्पराको दोस्रो चरणको उर्वर भूमिमा बालसाहित्यकार विश्वनाथ भण्डारी देखा परेका हुन् । यस शोधपत्रको प्रमुख उद्देश्य विश्वनाथको जीवनी, व्यक्तित्वका साथै बालकाव्य कृतिहरूको अध्ययन रहेकाले सोही अनुरूप गरिएको छ ।

विश्वनाथ भण्डारीले बालसाहित्यमा दिएका कविता सङ्ग्रहहरूको अध्ययन यस शोधपत्रमा गरिएको छ । उनको बाल कविता 'तातेनानी' २०६१ सालमा प्रकाशित कविता हो । यस कविता सङ्ग्रहमा बालबालिकालाई मनपर्ने खालका कविताहरू छन् भन्ने प्रतिक्रिया पाइएको छ । बालमनोविज्ञानलाई ख्याल राख्दै बाल रुचि, चाहना अनुकुलका कविताहरू भण्डारीका रहेका छन् । बालसुलभ भाषा र आकर्षक चित्र तथा साजसज्जाले थप रौनकता थपेको देखिन्छ । बालबालिकालाई साहित्यका माध्यमबाट मनोरञ्जन प्रदान गर्नुको साथै बौद्धिक तथा मानसिक विकासमा खुराक दिँदै सिर्जनशील हुन्, उनका कविताले प्रेरित गरेका छन् । उनका सिर्जनाबाट बालबालिकाहरूले जीवन जगत् र प्रकृतिप्रदत्त मनोरम दृश्य र ज्ञान सहजै ग्रहण गर्न सक्छन् । एउटा सहज र सफल साहित्यकारमा हुनुपर्ने रचनात्मक गुणहरू उनका बाल सिर्जनामा भेट्न सकिन्छ । नेपाली बालसाहित्यमा गुणात्मक रूपमा स्तरीय कृतिहरू दिन सफल भण्डारीका बालकाव्य कृतिको अध्ययन गर्दा मौलिकता, संरचनामा लघुता, प्रतीकात्मकता, बालसुलभ भाषा शैली, विषयगत विविधताजस्ता प्रवृत्तिहरू पाउन सकिन्छ । उनका कविताका विषयहरू हाम्रा वरपरका परिवेशलाई समेटिएका देखिन्छन् ।

विश्वनाथ भण्डारीलाई अन्य स्रस्टाहरूभन्दा भिन्न बनाउने विशेषता नै बालसुलभ भाषा शैली र प्रस्तुतिमा नवीनता रहेको छ । उनको निरन्तर लगनशीलता र साधनाबाट नेपाली बालसाहित्यको भण्डार अझ बढी परिपुष्ट हुने अपेक्षा गर्न सकिन्छ ।

## परिशिष्ट खण्ड

# शोधनायकसँग लिइएको अन्तर्वार्ता

मिति : २०७३/१२/१०

**१. तपाईंको आफ्नो जन्मस्थान र जन्ममिति बारेमा बताइ दिनु न ।**

– मेरो जन्मस्थान धनकुटा जिल्लाको ताङ्खुवा गा.वि.स.को वडा नं. १, सिभुवा गाउँमा २०१५ साल पौष १८ गते शुक्रबारका दिन भएको हो ।

**२. तपाईंको वंश परम्परा र पारिवारिक पृष्ठभूमिका बारेमा बताइ दिनुहोस् ।**

– म पूर्वको भण्डारी परिवारमा जन्मिएको हुँ । मेरो पिताको नाम छविनाथ भण्डारी हो भने माताको नाम स्व. मोहन कुमारी भण्डारी हो । मेरो बुबाले देउँसी भैलो खेलेर उठाएको पैसाले गाउँमा दामोदर प्राथमिक विद्यालय स्थापना गर्नु भएको हो । सोही विद्यालयमा स्थापना कालदेखि १० वर्षसम्म विना तलब पढाउनु भएको हो । त्यसै सिलसिलामा बुबाको पछि लाग्दै म पनि दामोदर प्राथमिक विद्यालयमा प्राथमिक शिक्षा (कक्षा १ देखि ४ सम्म) सोही विद्यालयमा पढेको हुँ । हजुरबुबा पनि धार्मिक स्वभावको र पण्डित हुनुभएकोले पढ्नु पर्छ भन्ने भावना धेरै सानो र जगैदेखि सुरु भएको हो । मैले पढ्नु पर्छ भन्ने प्रेरणा सानैदेखि हजुरबुबा र बुबाबाट पाएको हुँ ।

**३. तपाईंको बाल्यकाल के कस्तो रह्यो ?**

– मेरो बाल्यकाल पढ्दै खेल्दै र सङ्घर्ष गर्दै बितेको हो । म कक्षा पाँचदेखि धरानमा पढेँ र एस.एल.सी.सम्मको परीक्षा धरानबाटै दिएँ । सामान्य परिवारमा जन्मिएर दाइ, दिदी, भाइ, बहिनीसँग खेल्दाखेल्दै मेरो बाल्यपन बित्यो । मलाई साथीहरूसँग खेल्दा ज्यादै रमाइलो लाग्थ्यो । बाल्यकालमा मलाई साथीहरूले औधी मन पराउँथे । साथीहरूसँग खेल्दाखेल्दै खाना खान पनि विर्सने हो कि भन्दै मेरो आमाले भनेको अहिले जस्तो लाग्छ । मेरो बाल्यकाल साच्चै रमाइलोसँग बित्यो ।

**४. तपाईंको बालस्वभाव र रुचि के कस्तो थियो ?**

– म बालक हुँदा पढाइसँगै खेलहरूमा पनि निकै रुचि लाग्थ्यो । बालकमा गुच्चा र डन्डिबियो खेल्न साह्रै मन लाग्थ्यो ।

**५. तपाईंको शिक्षादीक्षाका सम्बन्धमा केही बताइदिनु हुन्छ की ?**

– मैले शिक्षा आरम्भ जन्मस्थान धनकुटा जिल्लाको ताङ्खुवा गा.वि.स. वडा नं. १ मा अवस्थित आफ्नै बुबा छविनाथ भण्डारीको अग्रणी भूमिकाद्वारा निर्मित दामोदर प्राथमिक विद्यालयबाट हाँसिल गरेता पनि माध्यमिक शिक्षाको लागि धरानको हालको चन्द्र संस्कृत माध्यमिक विद्यालयमा भर्ना भई वि.सं. २०३० सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेको हुँ । उच्च शिक्षा (११, १२) को साथसाथै वनारसबाट उत्तरमध्यमा परीक्षा उत्तीर्ण गरेको हुँ । यसपछि संस्कृत र नेपाली विषयमा स्नातक तह पूरा गरेको हुँ । स्नातकसम्म वनारसको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट सन् १९८० मा अध्ययन गरेको हुँ । २०३९ सालमा नेपाली भाषा साहित्यमा स्नातकोत्तर तहको अध्ययन त्रिभुवन विश्वविद्यालयबाट पूरा गरी सन् १९९८ मा सम्पूर्णानन्द विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि हाँसिल गरेको हुँ ।

**६. तपाईंको दाम्पत्य जीवन र सन्तानका बारेमा बताइदिनु न ।**

मैले २६ वर्षमा एम.ए. पास गरी पाटन क्याम्पसमा पढाउन थालिसकेपछि मात्र विवाह गर्ने सोच बनाएको हुँ । मेरो विवाह सुनसरीको तत्कालीन दुहवी गा.वि.स. हालको नगरपालिका निवासी स्व. पिता कृष्णप्रसाद पौडेल र माता अम्विकादेवी पौडेलकी कान्छी सुपुत्री सीता पौडेलसँग २०४२ साल असारमा मागी विवाह भएको हो । यसरी मेरो दाम्पत्य जीवनको सुरुवात भयो । फलस्वरूप २०४३ सालमा जेष्ठ सुपुत्र डा. सविन भण्डारी र २०४६ सालमा कान्छो सुपुत्र इ. अधिप भण्डारीको जन्म भएको हो ।

**७. तपाईंको पेशागत अनुभवको बारेमा बताइदिनु हुन्थ्यो की ?**

– मैले २०४१ सालबाट स्नातकोत्तर पढाइ पूरा गरेपछि तुरुन्तै पाटन संयुक्त क्याम्पसमा अध्यापन कार्य सुरु गरेको हुँ । त्यसपछि अध्ययनकै सिलसिलामा विषयगत विभिन्न तालिम, गोष्ठीमा सहभागी हुँदै सन् १९९८ वि.सं. २०५४ मा विद्यावारिधि (पि.एच.डी.) को उपाधि प्राप्त गरेँ । स्नातकोत्तर संयोजक भइसकेपछि हाल पाटन संयुक्त क्याम्पसमै प्राध्यापकको साथसाथै विभागीय प्रमुखको जिम्मेवारी पनि वहन गर्दै आइरहेको छु ।

**८. साहित्यमा कसरी प्रवेश गर्नु भयो ? तपाईंको विचारमा अहिले बालकविता क्षेत्र कस्तो रहेको छ ?**

– पढ्ने, लेख्ने सँगसँगै कविता, कथा पढ्दा पढ्दै कविता लेखनको सुरुवात वनारसबाटै गरेँ । मेरो पहिलो रचित कविता 'यहाँ बाँच्नु परेको छ' २१-१०-१९७८ ई. वनारसबाट प्रकाशित भयो । यसपछि बेलाबेला विभिन्न साहित्यिक गोष्ठी समारोहहरूमा कविता लेख्ने र कविता सुनाउँने काम भइरहन्थ्यो । कुनै पनि साहित्यिक समारोहमा थाहा हुनासाथ पुगेर कविता सुनाउने काम गरिन्थ्यो । अनुसन्धान र समालोचना लेख्ने काम चाहिँ स्नातकोत्तर दोस्रो वर्ष पुगेपछि ध्यानकेन्द्रित भएको हो । अध्ययन र अध्यापनकै सिलसिलामा अनुसन्धान मूलक र समीक्षा समालोचनात्मक लेखनमा दत्त चित्त भएर लागेँ । यसरी नै साहित्यिक यात्राका साथसाथै अगाडि बढ्ने काम भयो । मेरो विचारमा अहिलेका बालबालिकालाई नैतिक सुधारका साथै सन्देशमूलक रचनाहरू दिनु आवश्यक छ । सलर, सहज रूपमा कितावी ज्ञान भन्दा पनि व्यवहारिक ज्ञान दिनु जरुरी छ र बालकले बुझ्ने सरल भन्दा सरल भाषामा उनीहरूको चित्ताकर्षण गर्ने हिसाबले साहित्य सिर्जना हुनु आवश्यक छ । हाल आएर बालकविताको क्षेत्र अरू क्षेत्रभन्दा अझ बढी सशक्त र प्रभावपरक हुँदै गएको कुरा नकार्न सकिन्न ।

**९. साहित्यमा लाग्ने प्रेरणा कोबाट पाउनुभयो ?**

– मैले साहित्यमा लाग्ने प्रेरणा घरायसी वातावरण र अग्रज व्यक्तित्वबाटै प्राप्त गरेँ । खासगरी देवकोटाको 'पहाडी पुकार' र 'मुनामदन' जस्ता कृतिहरूले बढी प्रभाव पारेको महसुस हुन्छ ।

**१०. तपाईंको वैचारिक आस्था के हो ? तपाईं साहित्यमा कुन वाद वा विचारधाराको सहायता लिनुहुन्छ ?**

– जनताको सर्वोत्तम हितमा नै मेरो आफ्नो पनि हित हुन्छ भन्ने कुरामा म विश्वस्त छु साथै भनाइ र गराइमा हुने विभेद चाहिँ घट्नु, हट्नु पर्छ भन्ने कुरामा पनि म सचेत छुँ । फोस्रा सिद्धान्तका गफ चुट्नुभन्दा व्यवहारिक हुनु र सक्ने कुरा मात्र गर्नु पर्छ भन्ने पनि मेरो विचार छ ।

# सन्दर्भसूची


अर्याल, अच्युतशरण (२०५४). ***नेपाली बालसाहित्यको रूपरेखा,*** स्याङ्जा : डिल्लीप्रसाद अर्याल ।

अर्याल, अच्युतशरण (२०५८). ***नेपाली बालसाहित्यको अध्ययन*** ( अ.प्र. विद्यावारिधि शोध-प्रबन्ध), काठमाडौं : त्रि.वि.वि., कीर्तिपुर ।

अवस्थी, महादेव (२०६५). ***बालसाहित्यका विधा र लेखन प्रक्रिया,*** काठमाडौं : एकता प्रकाशन ।

कटुवाल, सीता (२०५०). ***नेपाली बाल कविताको अध्ययन*** (अ.प्र. स्नातकोत्तर शोधपत्र .), काठमाडौं : त्रि.वि.वि., कीर्तिपुर ।

केवरत, चतुर्भुज (२०७२ मंसिर-पुष). 'बहु आयामिक व्यक्तित्व विश्वनाथ भण्डारी र उनको तातेनानी'. ***हिमाली गुराँस १९/५८,*** पृष्ठ ४६-५२ ।

के.सी., श्याम (२०७२ माघ). 'तातेनानीमाथि एक दृष्टि'. ***नयाँ जमर्को ९/७, पूर्णाङ्क १००,*** पृष्ठ १८-१९ ।

खड्का, गीता कुमारी (२०५९). ***नेपाली बालसाहित्यमा मञ्जुश्री पराजुलीको योगदान*** (अ.प्र.स्नातकोत्तर शोधपत्र). काठमाडौं : पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार ।

खनाल, रुक्मणि (२०६१). ***कवि प्रमोद प्रधानका कविताहरूको अध्ययन,*** (अ.प्र.स्नातकोत्तर शोधपत्र). विराटनगर : स्नातकोत्तर क्याम्पस ।

जोशी, कुमारबहादुर (२०४५). ***महाकवि देवकोटाको कविता यात्रा र मोडको विवेचना,*** काडमाडौं : साझा प्रकाशन ।

ढकाल, शारदा अधिकारी (२०६६). ***बालसाहित्य,*** काठमाडौं : नेपाल बालसाहित्य समाज ।

तिवारी, नारायण (२०५६ वैशाख). ***आवाज*** पूर्णाङ्क २, विराटनगर : नेपाल बैङ्क लिमिटेड कर्मचारी सङ्घ, क्षेत्रीय समिति ।

प्रधान, प्रमोद (२०६१). ***नेपाली बालसाहित्यको इतिहास,*** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

प्रधान, प्रमोद (२०६५). ***नेपाली वाङ्मय परिचयकोश,*** काठमाडौं : मार्टिन चौतारी ।

प्रधान, भिक्टर (२०५३). ***बालसाहित्यको अर्थ र आधुनिक बालसाहित्य,*** काठमाडौं : नेपाल बालसाहित्य समाज ।

बन्धु, चूडामणि (२०४६). ***प्रकृतिमा देवकोटा,*** काठमाडौं : साझा प्रकाशन ।

बन्धु, चूडामणि र अन्य (२०४२). ***नेपाली बालसाहित्यको सर्वेक्षण,*** काठमाडौं : त्रि.वि. ।

भण्डारी, विश्वनाथ (२०७३). ***"कोसी पूर्वका भाषाहरू",*** हिमाली गुराँस, वर्ष २०, पूर्णाङ्क ६४, मङ्सिर-पुस, (पृ. १७-१७)

शर्मा, गोपिकृष्ण (२०५३). ***बालकथामा पौराणिक आख्यानको भूमिका,*** काठमाडौं : बालसाहित्य समाज ।

सुब्बा, उपेन्द्र (२००५). ***सिर्जनशील अराजकता,*** काठमाडौं : समन्वय प्रकाशन ।